सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ मंसिर २०८१, शनिबार (7 Dec 2024, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

हामीले आफैंलाई चिन्न र चिनाउन सकेनौं



ट्राभल टक

● डा. तीर्थबहादुर श्रेष्ठ
वनस्पतिविद्

हाम्रो ज्ञान विदेशीले बुझेनन् । उनीहरूले नेपालीले केही जान्दैनन् भने, हामीले पनि आफूले केही जानेका छैनौं भन्न थाल्यौं ।

...त्यसपछि गाडी देख्यो कि भाग्न थाल्ँ

सहर झर्दा

● नारदमणि हार्तम्छाली
कुलपति, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान



फिल्मको भान्सामा जेठादाइका ४२ वर्ष

नेपथ्यबाट

कुलबहादुर महत

नेपाली युवतीको चीनमा तस्करी

सुखको लालसामा बिहे गरेर चीन पुगेका नेपाली महिला चरम यातना र शोषणका कारण उद्धारको पर्खाइमा

चीनमा छोरीको न्यून जन्मदरका कारण चिनियाँ केटालाई विवाह गर्ने केटीको अभाव छ, त्यसैले सन्तानको इच्छा पूर्ति गर्न नेपाली युवतीसँग विवाह गर्छन् । जब उनीहरूले बच्चा जन्माइदिन्छन्, तब घृणा र यातनाको दिन पनि सुरु हुन्छ ।





● सुरेन्द्रकुमार यादव
नियोग उपप्रमुख,
बेइजिङस्थित नेपाली राजदूतावास

नेपालबाट विवाह गरेर आएका युवतीका सम्बन्धमा चीनमा समस्या देखिएको छ । विवाह गरेर आएका नेपाली महिला घरेलु हिंसामा परेको गुनासा आएका छन् । विभिन्न प्रलोभनमा पारेर विवाह गरेर ल्याइन्छन्, यहाँ परिवेश मिल्दैन, शोषणमा पर्छन् । आएको ५-६ महिनामै फर्काइदेऊ भन्नेहरू धेरै छन् ।

सुवास भट्ट/नयाँ पत्रिका

सर्लाहीकी स्मृति (३३ वर्षीया) ठमेलको एक होटेलमा काम गर्थिन् । एक दिन उनीसँग भेटिइन् मनमाया घले । निरन्तर गरिबीमा जीवन बिताइरहेकी स्मृतिलाई मनमायाले 'चिनियाँ केटासँग बिहे गरेर जाँदा दुःख सबै मेटिने, रानी भएर बस्न पाइने' भन्दै लोभ देखाइन् । जन्मेदेखि विपन्नता मात्रै देखेकी स्मृति पनि राजी भइन् । नेपालमै रहेका चिनियाँ केटाले स्मृतिका परिवारलाई भेटे । झटपट विवाह पनि भयो । तर, स्मृतिलाई न चिनियाँ भाषा बोल्न आउँथ्यो, न त केटालाई नजिकबाट चिनेकी थिइन् ।

१० कक्षा पास स्मृतिले काठमाडौं जिल्ला अदालतमा विवाह दर्ता गरेर स्थानीय तहबाट विवाह दर्ताको प्रमाणपत्र लिइन् । भेटेको तीन सातामै उनीहरू चीन उडे । मनमायाले स्मृतिको परिवारलाई केटाका तर्फबाट ७० हजार रुपैयाँ थमाइन् । चीन गएको केही सातामै स्मृतिको माइती र आफन्तसँग सम्पर्क पातलिँदै गयो । एक वर्षपछि उनले छोरा पाइन् । उनका अनुसार त्यसपछि श्रीमान्ले माइतीसँग कुरा गर्न नदिने, कुट्ने गर्न थाले ।

स्मृतिका छोरा अहिले पाँच वर्ष पुगे । निरन्तरको

» पृष्ठ २ मा क्रमशः

चीनबाट एक चेलीको बिलौना- हामी फस्यौं, फर्काउन पहल गरियोस्

चीनमा रहेकी सर्लाहीकी ३३ वर्षीया स्मृतिले छोटो विच्चाट कुराकानीमा भनिन्, 'छोरा पाएपछि मलाई घरबाट निकालेको छ । श्रीमान् अलग्गै बस्छ, मन लागे आउँछ, नत्र आउँदैन । यहाँ आयआर्जनका लागि काम गर्न पाइँदैन । श्रीमान्ले खान दिए पाइन्छ, नभए पाइँदैन । उनीहरूलाई बच्चा पाइदिए पुग्ने रहेछ, आमाको वास्तै गर्दैनन् । मेरोजस्तै समस्या भएका हामी १५-२० जना छौं । जसरी पनि नेपाल फर्किन चाहन्छौं । हामी फस्यौं, हामीलाई फर्काउन सरकारले पहल गरोस् !'

उद्धार गरिएकी पीडितको बयान- चीनको कुरा सम्झनै मन छैन

म अहिले २१ वर्षकी भएँ । एसएलसी पनि पास गरेकी छैन । परिवारको आर्थिक अवस्था नाजुक छ । बुबाआमाका चार सन्तानमध्ये म जेठी हुँ । म सानैमा विदेश जानुपऱ्यो । त्यतिबेला ओमानबाट भखैरे फर्किएकी थिएँ । एकजना आफन्तमार्फत सुन्दरी राईसँग चिनजान भयो । राईले आफू २० वर्ष चीन बसेको भनेकी थिइन् । उनले चीनमा राम्रो हुन्छ भनेर धेरै लोभ देखाएपछि म उनको जालमा परें । मैले र मेरो परिवार कसैले पनि केटासँग पैसा लिएका छैनौं, सुन्दरी राईले लिएकी होलिन् । चीन पुगेपछि केटाले मलाई सुरुमा माइतमा कुरा गर्ने दिएन । पछि त जबर्जस्ती र कुटपिट गर्न थाल्यो । परिवारमा कसैले पनि मलाई देखिसहेनन् । ती कुरा अहिले म सम्झन पनि चाहन्नँ (रुँदै) । चीनमा धेरै दुःख पाएपछि त्यहाँ नेपाली दिदीको सहयोगमा दूतावासमार्फत उद्धार भयो । नेपालमा बा-आमालाई झुक्याएर चीन घुम्न जान्छु भनेर गएकीले घर फर्कन पनि सकिनँ । परिवारमा सबै रिसाएर नआइज भनेका छन् । नेपाल आएपछि पनि घर जान नसक्ने, कतै केही काम पनि नपाउने हुँदा म कुवेत आएँ । यहाँ 'हाउसमेड'को काम गर्छु । मलाई चीन गएकोबारे कसैसँग कुरा गर्ने मन लाग्दैन । मलाई लैजाने सुन्दरी राईले धेरै नेपाली महिलाको बिहे गराएर चीन पुऱ्याएकी छिन् ।

दूषित नियत राखेर गरिन्छ विवाह, जसलाई केही घटनाले गर्छन् पुष्टि

न्युरोडमा पसल गर्ने र नियमितजसो चीन-नेपाल आउजाउ गर्ने एक महिलाले आफ्नै पसलमा काम गर्ने २७ वर्षीया युवतीलाई चिनियाँ केटासँग विवाह गरे जीवन समृद्ध बन्ने लोभ देखाइन् । दुई कक्षा मात्र पढेकी युवतीले सहजै सहमति दिएपछि ती महिलाले चिनियाँ केटासँग भेट गराइन् । उनकै समूहले पासपोर्ट-भिसाका लागि सहयोग गऱ्यो । सबै काम एक सातामै सम्पन्न गरी युवती र चिनियाँ केटाले विवाह गरे । विवाहपछि चिनियाँ केटा आफ्नो देश फर्किए । त्यसको ६ महिनापछि नेपाल आएर उनी पत्नीसँगै चीन जान विमानस्थल पुगे । तर, विमानस्थल अध्यागमन कार्यालयले उनीहरूलाई फर्काइदियो ।

एक सातापछि फेरि युवती र चिनियाँ नागरिक विमानस्थल पुगे । यसपटक युवतीले आफ्ना आमाबुबालाई पनि सँगै लगेकी थिइन् । उनीहरूले छोरीलाई ज्वाइँसँगै चीन जान दिन आग्रह गरे । अध्यागमन अधिकारीले युवतीका आमाबुबालाई ज्वाइँको नाम सोधे । युवतीका आमाबुबाले जवाफ दिए, 'खै त्यो त थाहा छैन !' अध्यागमनका अधिकारीले दूतावासबाट दिइने 'नो अब्जेक्सन लेटर' (एनओसी) देखाउन भने । फेरि जवाफ आयो, 'त्यो पनि छैन !' त्यसपछि उनीहरूलाई फेरि फर्काइयो ।

अर्को रोचक प्रसंग पनि छ । गत साउन अन्तिमतिर २२ वर्षीया युवती चिनियाँ पतिसहित विमानस्थल आइन् । अध्यागमन अधिकारीले रोकेपछि उनले आफूलाई जान दिनका लागि अनुनय गर्न थालिन् । एक अधिकारीले उनलाई बच्चा भएपछि जान पाइने भनिदिए । ती युवती १५ दिनपछि फेरि पतिसहित विमानस्थल आइन् । यसपटक उनीसँग आफू गर्भवती भएको भन्ने चिकित्सकको रिपोर्ट पनि थियो । अध्यागमन अधिकृतहरू आश्वस्त नभएर उक्त रिपोर्टबारे बुझ्दा थाहा भयो, रिपोर्ट नक्कली नै रहेछ ।

अध्यागमनका एक अधिकारीका अनुसार चीन जान नपाएकी एक युवतीले त तीन चिनियाँसँग विवाह गरेको केस भेटिएका छन् । 'कागजपत्र छ, नाता प्रमाणित छ, विवाह दर्ता छ, दूतावासको भिसा छ, छोरीलाई ज्वाइँसँग पठाउन आमाबुबा पनि आएका छन्,' अध्यागमन अधिकारीहरू भन्छन्, 'तर, नियत गलत छ ।'

७ लाख क्विन्टल धान किन्दै खाद्य कम्पनी



साना किसानले सस्तो भाउमा व्यापारीलाई धान बिक्री गरिसकेकाले न्यूनतम समर्थन मूल्यमा खाद्यलाई धान बिक्री गर्नेमा साहु र व्यापारीको संख्या धेरै, हालसम्म ९० हजार क्विन्टल खरिद

किसानको धान व्यापारीले बेच्छन्

पालिकास्तरबाट चामल बिक्रीको लक्ष्य

(विस्तृत पृष्ठ ७)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

बिआरआई सम्झौताबारे नेता र विज्ञका आ-आफ्नै तर्क

● रघुवीर महासेठ, एमाले नेता



बिआरआई नेपालको हितमा छ । प्रधानमन्त्रीको भ्रमणमा हाम्रो अनुकूलमा निर्णय भएको छ । बिआरआईबाट भारत तर्सिनुपर्दैन । नेपालमा उत्तर-दक्षिण रेल र सडक निर्माण हुँदा चीनबाट एकै दिनमा भारतमा सामान पुग्छ ।

● शिशिर खनाल, रास्वपा नेता



हामीले अन्तर्राष्ट्रिय सन्धि-सम्झौता विशेषगरी दुईपक्षीय सन्धि-सम्झौतालाई एकदम गिजोलिरहेका छौं । बिआरआईकै विषयमा पनि औपचारिक डकुमेन्ट्स सार्वजनिक भएका छैनन् । संसद्मा यी विषयमा छलफल भइदियो राम्रो हुन्छ ।

● सेमन्त दाहाल, कार्यदल सदस्य



बिआरआई परियोजनामा ऋण लिने वा अनुदानका रूपमा स्विकार्ने भन्ने अधिकार नेपालसँगै छ । नेपालले गलत प्रस्तावमा हस्ताक्षर गरेको छैन, हाम्रो कार्यदलको प्रस्तावअनुसार नै हस्ताक्षर गरेकाले कोही पनि डराउनुपर्दैन ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

पूर्वपरराष्ट्रमन्त्री तथा सत्तारूढ दल एमालेको परराष्ट्र विभाग प्रमुख रघुवीर महासेठले नेपाल-चीनबिच भएको बेल्ट एन्ड रोड सहकार्य प्रारूप नेपालकै हितमा रहेको र यसबाट भारत तर्सिनु नपर्ने बताएका छन् । बिआरआईअन्तर्गत कनेक्टिभिटी परियोजना सम्पन्न हुँदा नेपालका सडक र रेलमार्ग भारतलाई पनि उपयोग गर्न सहज हुने उनको भनाइ छ ।

'बिआरआई नेपालको हितमा छ । प्रधानमन्त्रीको

» पृष्ठ २ मा क्रमशः

बिआरआईमा कांग्रेस नेता असन्तुष्ट



एनपी साउद

काठमाडौं/ नेपाल-चीनबिच हस्ताक्षर भएको बिआरआई फ्रेमवर्कका विषयमा सत्तारूढ दल कांग्रेसमा असन्तुष्टि देखिएको छ । कांग्रेस-एमाले समझदारीभन्दा फरक ढंगले आएकाले यसलाई पार्टी बैठकमा छलफलको विषय बनाउने पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले बताए । कांग्रेसको आगामी सोमबार कार्यसम्पादन समिति बैठक बस्दै छ । बिआरआई अनुदानमा आधारित फ्रेमवर्कभित्र सम्झौता गर्ने भन्ने प्रमुख सत्तारूढ दलबिच साझा सहमति भएको थियो । अहिले टेक्निकल ग्रेटमा आधारित को-अपरेसनका रूपमा सुन्नमा आएको छ । यसमा लोनका लागि पनि बाटो खुलेको देखिन्छ । हाम्रो सहमति लोनमा नजाने नै भन्ने थियो,' उनले भने, 'कांग्रेसले गरेको निर्णयभन्दा सम्झौता फरक किसिमबाट भएको छ । यो तथ्यबारे पार्टीको फोरमभित्र छलफल हुन्छ ।'

■ रास्वपाको निष्कर्ष

सभापतिलाई यातना दिएर सरकारले मानव अधिकार हनन गऱ्यो

मानव अधिकार आयोगलाई पत्र लेखेर ध्यानाकर्षण गराउने



■ 'प्रहरीको ज्यादती'विरुद्ध रविपत्नीले दिइन् आयोगमा उजुरी



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई मध्यराति गाडीमा राखेर पोखरा लगिएको घटनामा छानबिन गर्न राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी परेको छ । लामिछानेपत्नी निकिता पौडेलले शुक्रबार आयोगका सचिव मुरारी खरेललाई भेटेर लिखित उजुरी दिएका हुन् । शुक्रबार नै आयोगको पोखरास्थित प्रतिनिधिले जिल्ला प्रहरी कार्यालयमा गएर लामिछानेलाई भेटेका छन् । उनीहरूसँग लामिछानेले आफूमाथि प्रहरीले अमानवीय व्यवहार गरेको भन्दै छानबिनका लागि आग्रह गरेका छन् ।

नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछानेलाई सरकारले अनुसन्धानका नाममा यातना दिएर मानव अधिकार हनन गरेको बताएको छ । सरकारकै निर्देशनमा लामिछानेलाई मध्यराति कसैलाई थाहा नदिई चितवनबाट पोखरा पुऱ्याएको चितवनबाट पोखरा पुऱ्याइएको रास्वपाको दाबी छ । रातारात चितवनबाट पोखरा लगिएको घटनाप्रति रास्वपाले घोर आपत्ति रहेको रास्वपाले जनाएको छ ।

'सभापति लामिछानेलाई दिनभर चितवन जिल्ला सरकारी वकिलको कार्यालयमा बयान गराई राति सुतिरहेको वेलामा अचानक उठाई मध्यरातमा चितवनबाट सडकमार्ग हुँदै राति ३ बजे पोखरा पुऱ्याइएको रहेछ । यो आश्चर्यजनक, निकृष्ट, निन्दनीय घटना सरकारको प्रत्यक्ष निर्देशनमा भएको सूचनाहरू प्रहरी सूत्रबाट प्राप्त भएका छन्,' उपसभापति डिपी अर्यालले शुक्रबार बोलाएको केन्द्रीय सचिवालयको

» पृष्ठ २ मा क्रमशः

■ लामिछानेलाई भेटेपछि डा. बाबुराम भट्टराईले भने-

राज्यले प्रतिशोधपूर्ण व्यवहार गऱ्यो

कास्की/ पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले सहकारी रकम अपचलनको आरोपमा प्रहरी अनुसन्धानमा रहेका रास्वपा सभापति रवि लामिछानेमाथि प्रतिशोधपूर्ण व्यवहार भएको टिप्पणी गरेका छन् । जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमै गएर लामिछानेसँग भेट गरेपछि डा. भट्टराईले पत्रकारहरूलाई संक्षिप्त प्रतिक्रिया दिँदै राज्यले प्रतिशोधपूर्ण व्यवहार गरेको आरोप लगाएका हुन् ।

'नयाँ राजनीतिक शक्तिहरूको उदय भइराखेको अवस्थामा एक सशक्त धारको प्रतिनिधित्व गर्ने व्यक्तिको रूपमा उहाँलाई बुझ्छु । त्यसैले उहाँप्रति मेरो सधैं सद्भाव पनि छ । जुन ढंगले अहिले उहाँलाई विभिन्न ढंगले एकपछि अर्को गरेर दुःख दिने काम भइरहेको छ, यो अलि अस्वाभाविक लागेर र अन्यायपूर्ण भो भनेर नै आफ्नो ऐक्यबद्धता जनाउनका लागि आएको हुँ । उहाँको स्वास्थ्य बुझ्न पनि आएको हो, स्वस्थ नै हुनुहुँदोरहेछ,' भट्टराईले भने, 'अलिकति प्रतिशोधपूर्ण व्यवहार भयो भन्ने बुझेको छु । वास्तविक पीडितहरूका समस्या सम्बोधन गर्नीतिर नभई विषयान्तर गर्न खोजिएको छ । कानुनले आफ्नो बाटो लियोस्, तर त्यसको बहानामा राजनीतिक प्रतिशोध लिने काम नहोस् भन्ने हो ।'

भेटमा लामिछानेले आफूमाथि प्रतिशोध साधिएको बताएको भट्टराईले सुनाए । 'रविजीले ममाथि राजनीतिक प्रतिशोध लिइएको छ । मैले सहयोग गरिराखेको छु-गर्छु, त्यसको बाबजुद पनि यो जुन भइराखेको छ, यो सन्देश बाहिर पुगोस् भन्नुभयो,' भट्टराईले भने ।

■ पाँच घण्टा काठमाडौं बिताएर फर्किए भुटानी राजा





बौद्ध परिसरमा भुटानी राजा जिग्मी खेसर नाम्ग्याल वाङचुक । उनले स्वयम्भूनाथ र बौद्धनाथमा पूजा गरेका छन् । तस्बिर : संजित परियार/नयाँ पत्रिका

नयाँ पत्रिका

भुटानका राजा जिग्मी खेसर नाम्ग्याल वाङचुक बुधबार तीर्थाटनका क्रममा काठमाडौंमा पाँच घण्टा बसेर स्वदेश फर्केका छन् । औपचारिक भ्रमणका क्रममा बिहीबार भारतको दिल्ली गएका राजा जिग्मी शुक्रबार बिहान काठमाडौं आएर अपराह्न थिम्पु फर्केको परराष्ट्र मन्त्रालयले जनाएको छ । राजा जिग्मी सन् १९८० मा काठमाडौंस्थित प्रसूतिगृहमा जन्मेका थिए ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भिआइपी (विशिष्ट) कक्षमा भुटानी राजाको स्वागत र बिदाइ गरेकी थिइन् । परराष्ट्रसचिव अमृतबहादुर राई, भारत हेर्ने परराष्ट्रका सहसचिव भृगु दुंगानालगायत अधिकारीहरू स्वागतमा विमानस्थल गएका थिए ।

राजा खेसरले स्वयम्भूनाथ र बौद्धनाथमा पूजा गरे । उनलाई नेपाली सेनाको भिआइपी सुरक्षा निर्देशनालयको टोलीले सुरक्षा दिएको थियो । 'सुरक्षालगायतका सबै प्रोटोकल राष्ट्रप्रमुखस्तरको दिइएको थियो । त्यहीअनुसारको व्यवस्था भयो,' एक उच्च सुरक्षा अधिकारीले भने । राजाले नेपालको उच्च नेतृत्वसँग भेटवार्ता गरेनन् ।

जानकारहरूका अनुसार भुटानका राजपरिवारले स्वयम्भू महाचैत्यमा रहेको हारती अजिमालाई कुलदेवी मान्दै आएको छ । राजाले शुक्रबार त्यहाँ पूजा गरेका छन् । खोटाङस्थित हलेसीमा गुफाभित्र रहेको गुरु पद्मसम्भवलाई पनि भुटानको राजपरिवारले मान्दै आएको छ । राजा जिग्मीले बौद्धनाथमा पनि पूजा गरे ।

पत्रकार महासंघको अध्यक्षमा पाँचको उम्मेदवारी

काठमाडौं/ नेपाल पत्रकार महासंघको नयाँ नेतृत्वका लागि निर्वाचन प्रक्रिया सुरु भएको छ। निर्वाचन कार्यतालिकाअनुसार शुक्रबार उम्मेदवारी दर्ता भएको छ। उम्मेदवारको अन्तिम नामावली शनिबार सार्वजनिक गर्ने कार्यसूची छ।

अध्यक्षमा निर्मला शर्मा, कमल गिरी, रमेश विष्ट, देवीप्रसाद सापकोटा र लाल सिंह (एलएस) लामा गरी पाँचजनाको उम्मेदवारी दर्ता भएको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। महासंघको नयाँ नेतृत्वका लागि आगामी २८ मंसिरमा निर्वाचन हुँदै छ।

त्यस्तै, वरिष्ठ उपाध्यक्षमा रोशन पुरी, गोविन्दप्रसाद चौलागाईं, दामोदरप्रसाद दवाडी, दीपक आचार्यको उम्मेदवारी परेको छ। महिला उपाध्यक्षमा गंगा पौडेल (बराल) र नितु पण्डित, समावेशी उपाध्यक्षतर्फ उमिदप्रसाद बागचन्द, मोनकुमार सिंह र सुभाषप्रसाद शाहले मनोनय दर्ता गरेका छन्।

महासचिवमा जन्मदेव जैसी, प्रकाश थापा, रामप्रसाद दाहाल र लेखनाथ न्यौपानेको तथा खुला सचिवमा उत्तरसिंह विष्ट, कुमार ओझा, केदारनाथ भट्टराई, छविलाल दाहाल, बालकृष्ण अधिकारी, माधव दुलाल र रमेश खतिवडाको उम्मेदवारी परेको छ। कोषाध्यक्षमा रामकृष्ण अधिकारी, रामकृष्ण ज्ञवाली र सन्तराम बिडारीको मनोनयन दर्ता भएको निर्वाचन समितिले जनाएको छ।

गत असोजमा भक्तपुरमा सम्पन्न जिल्ला शाखा, प्रतिष्ठान अध्यक्षहरूको भेलाले यसअघि शाखाको सिफारिसमा प्रदेश समितिले टुंगाएको सदस्यताकै आधारमा निर्वाचन कार्यक्रम अघि बढाउन गरेको निर्णय गरेको थियो।

काभ्रेमा बिरामी बोकेको एम्बुलेन्सबाटै लागुपदार्थ बरामद



काभ्रेमा **इन्द्रबहादुर थापा**

महोत्तरीको बर्दीवासबाट बिरामी बोकेर बिपी राजमार्ग हुँदै काठमाडौंतर्फ जाँदै गरेको ज.१च १९०८ नम्बरको एम्बुलेन्सबाट प्रहरीले शुक्रबार राति चेकजाँचका क्रममा अवैध लागुपदार्थ बरामद गरेको छ। काभ्रे जिल्लाको रोशी गाउँपालिका- ९ स्थित इलाका प्रहरी कार्यालय मंगलटारको सवारी चेक पोस्टअगाडि प्रहरी चेकजाँचका क्रममा एम्बुलेन्सबाट लागुपदार्थ बरामद भएको हो।

एम्बुलेन्सचालक धनुषा जिल्ला धनुषाधाम नगरपालिका- ६ हरिहरका ४४ वर्षीय सुरेश मिझारलाई प्रहरीले पक्राउ गरेको छ। चालक मिझारलाई जिल्ला अदालत काभ्रेबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय मंगलटारका प्रमुख प्रहरी निरीक्षक कृष्ण गिरीले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेका अनुसार प्रहरी टोलीले चालकको पछाडि झोलामा नुफिल लेखिएको दुई मिलिलिटरको एक हजार एम्फुल, डाइजिफाम दुई मिलिलिटरको एक हजार एम्फुल, फेनेरेगान लेखिएको दुई मिलिलिटरको एक हजार एम्फुल गरी जम्मा तीन हजार एम्फुल लागुपदार्थ बरामद गरेको थियो।

सभापतिलाई...

पृष्ठ १ बाट क्रमशः

आकस्मिक बैठकपछि कार्यवाहक प्रवक्ता मनीष झाले जारी गरेको विज्ञप्तिमा छ।

सरकारको कदम 'राज्य संयन्त्रको दुरुपयोग गरी एक प्रतिस्पर्धी राजनीतिक दलको नेतालाई विभिन्न बहानामा यातना दिने अमानवीय, अपमानजनक तथा गैरन्यायिक चाल भएको' रास्वपाको भनाइ छ। 'सरकारको यो कदम राज्य संयन्त्रको दुरुपयोग गरी एक प्रतिस्पर्धी राजनीतिक दलको नेतालाई विभिन्न बहानामा यातना दिने अमानवीय, अपमानजनक तथा गैरन्यायिक चाल हो। यसैबिच सभापति लामिछानेको निजी डायरी हिरासतबाटै गायब गरिएको छ। हामी यसको घोर भर्त्सना गर्दछौं। सरकारको यो कर्मले नागरिकको नैसर्गिक मानव अधिकार हनन गरेको छ,' विज्ञप्तिमा भनिएको छ, 'यो निर्मम कदमको औचित्य राज्यले पुष्टि गर्नुपर्नेछ। यसतर्फ राष्ट्रिय मानव अधिकार आयोग एवं सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारकर्मी तथा मानव अधिकारवादी संघसंस्थाहरूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं।'


लामिछाने कसुरदार नभई एक आरोपित मात्र रहेको र उनले सरकारको कानुनी प्रक्रियामा साथ दिएर नागरिक कर्तव्य निर्वाह गरिरहेको रास्वपाको भनाइ छ। 'अनुसन्धानमा साथ दिइरहेको एक लोकप्रिय जनप्रतिनिधिलाई अपराधीजस्तो गरी प्रचार गरिनुका साथै सोही स्तरको व्यवहार हुनु नेपालको संविधानको धारा १८, धारा २२ तथा मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ एवं यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ विपरीतसमेत रहेकोतर्फ सम्बन्धित सबैलाई सचेत गराउँछौं। अतः यस घटनाका दोषीमाथि उल्लिखित कानुनी प्रावधानबमोजिम कारबाही गर्न जोडदार माग गर्दछौं,' विज्ञप्तिमा छ।

विज्ञप्तिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूबाट सूक्ष्म रूपमा नियालिरहेको परिप्रेक्ष्यमा राज्य संयन्त्र रास्वपा र यसका सभापतिविरुद्ध षड्यन्त्रपूर्ण रूपमा सक्रिय रहेको थप स्पष्ट बनाएको उल्लेख छ। 'आज सांसद रवि लामिछानेका माध्यमबाट दुईतिहाइको दम्भमा नेपालमा लोकतान्त्रिक व्यवस्थालाई दलीय कुशासनको पञ्जामा पार्न राज्यसत्ता उद्यत् रहेको छ,' रास्वपाले भनेको छ, 'तसर्थ राज्यको न्यायिक पद्धति, कानुनी शासन र लोकतान्त्रिक अधिकारको रक्षार्थ सक्रिय रहन सम्पूर्ण न्यायप्रेमी जनसमुदायमा हार्दिक अपिल गर्दछौं।'

बैठकपछि रास्वपा कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले घटनाबारे मानव अधिकार आयोगलाई पत्र लेखेर ध्यानाकर्षण गराउने बताए।

'प्रहरीको ज्यादती' विरुद्ध रविपत्नीले दिइन् आयोगमा उजुरी

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई मध्यराति गाडीमा राखेर पोखरा लगिएको घटनामा छानबिन गर्न राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी परेको छ। अस्वस्थ अवस्थामा जबर्जस्ती गाडीमा राखेर बुधबार राति लामिछानेलाई चितवनबाट प्रहरीले पोखरा लगेको थियो। बिहीबार मात्र पोखरा लगिने भन्दै त्यस विषयमा उनका आफन्तलाई समेत प्रहरीले झुक्याएको थियो।



● **डा. भीमार्जुन आचार्य,** वरिष्ठ अधिवक्ता

शाही आयोगले मध्यरातमा देउवालाई गिरफ्तार गरेको विरुद्ध १ जेठ ०६२ मा नेपालमा मेरो लेख प्रकाशित थियो। अपवादबाहेक नागरिकलाई मध्यरातमा पक्रने, बयान लिने, ओसारपसार गर्ने सबै काम कानुनतः वर्जित छ। रवि लामिछानेलाई मध्यरातमा ठाउँ स्थानान्तर गर्ने कार्यले विधिको शासनलाई पुन लज्जित पारेको छ।

लामिछानेपत्नी निकिता पौडेलले मानव अधिकार आयोगका सचिव मुरारी खरेललाई भेटेर लिखित उजुरी दिएका हुन्।

उता, राष्ट्रिय मानव अधिकार आयोगको पोखरास्थित कार्यालयका प्रतिनिधिले शुक्रबार प्रहरी कार्यालयमा गएर लामिछानेलाई भेटेका छन्। भेटमा लामिछानेले चितवन प्रहरीले आफूमाथि अमानवीय व्यवहार गरेको भन्दै त्यसको वास्तविकता छानबिन गर्न आग्रह गरेका छन्। रास्वपाका केन्द्रीय सदस्य प्रमोद न्यौपानेका अनुसार भेटमा लामिछानेले आफूमाथि प्रहरीले ज्यादती गरेको भन्दै यस विषयमा छानबिन विस्तृत अनुसन्धान गर्न आग्रह गरेका थिए।

उता वरिष्ठ अधिवक्ता डा. भीमार्जुन आचार्यले लामिछानेलाई मध्यरातमा हिरासत स्थानान्तर गरेको कार्यले विधिको शासन लज्जित भएको बताएका छन्। उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'शाही आयोगले मध्यरातमा देउवालाई गिरफ्तार गरेको विरुद्ध ०६२ जेठ १ गते नेपालमा मेरो लेख प्रकाशित थियो। अपवादबाहेक नागरिकलाई मध्यरातमा पक्रने, बयान लिने, ओसारपसार गर्ने सबै काम कानुनतः वर्जित छ। रवि लामिछानेलाई मध्यरातमा ठाउँ स्थानान्तर गर्ने कार्यले विधिको शासनलाई पुनः लज्जित पारेको छ।'

नेपाली युवतीको...

पृष्ठ १ बाट क्रमशः

यातनाबाट गलेकी उनलाई चिनियाँ केटाले बेग्लै ठाउँमा राखेका छन्। 'मलाई घरबाट निकालेको छ। श्रीमान् अलग्गै बस्छ, मन लागे आउँछ, नत्र आउँदैन,' छोटो विच्याट कुराकानीमा स्मृतिले भनिन्, 'यहाँ आयआर्जनका लागि काम गर्न पाइँदैन। श्रीमान्ले खान दिए पाइन्छ, नभए पाइँदैन। म जसरी नै १५-१६ वर्षअघि आएकाले पनि नागरिकता पाएका छैनन्। उनीहरूलाई बच्चा पाइदिए पुग्ने रहेछ, आमाको वास्तै गर्दैनन्। मेरोजस्तै समस्या भएका हामी १५-२० जना छौं। जसरी पनि नेपाल फर्किन चाहन्छौं। हामी फस्यौं, हामीलाई फर्काउन सरकारले पहल गरोस्!'

स्मृतिको माइती पक्षले मानव बेचबिखन अनुसन्धान ब्युरो, मानव अधिकार आयोग र कन्सुलर विभागमा उजुरी गरेको छ। यो विषय अहिले चीनस्थित नेपाली राजदूतावासमा पनि पुगेको छ। चिनियाँ नागरिकसँगको विवाह सम्बन्धका अतिरिक्त बच्चासमेतको सवाल भएकाले दुवैलाई नेपाल ल्याउनेबारे कानुनी जटिलता छ। स्मृतिलाई चीन पुर्‍याउन बिचौलियाको काम गरेकी मनमाया भने अहिले काठमाडौं जिल्ला अदालतमा मानव बेचबिखन तथा ओसारपसार मुद्दा खेपिरहेकी छिन्। घले आफैं चिनियाँ नागरिकसँग विवाह गरेकी नेपाली महिला हुन्। उनले चिनियाँ नागरिकसँग अरू नेपाली महिलाको पनि विवाह गराएको प्रमाण भेटिएका छन्।

गुल्मीकी सपना (२३ वर्षीया)लाई मानव तस्कर समूहले यसरी फकाए कि ५७ वर्षीय चिनियाँसँग विवाह गर्न राजी भइन्। अदालतमा बिहेबारी र पासपोर्ट बनाइदिने सबै काम त्यही समूहले गर्‍यो। चीनसँग पूरै अपरिचित, पतिसँग दोहोरो संवादका लागि भाषा नजान्ने सपनाले चीन पुगेदेखि नै यातना सहनुपर्‍यो। चिनियाँ पतिको दैनिक कुटपिट र यातनाबाट प्रताडित उनलाई उद्धार गरी नेपाल ल्याइदिन उनको माइतीले कन्सुलर विभागमा उजुरी दिएको छ।

गरिब परिवारका पर्याप्त शिक्षा नपाएका नेपाली युवती खोजेर चीन लैजाने तारतम्य मिलाउने गिरोह नै नेपालमा सक्रिय छन्। नेपालमा चिनियाँलाई 'फ्री भिसा', आवतजावतको सहजता र विवाहका लागि खुकुलो कानुनी प्रावधानको फाइदा उठाएर तस्करहरूले महिला बेचबिखन गरिरहेको देखिन्छ। तर, यसरी विवाह गरेर चीनमा गएका नेपाली महिलाको यकिन तथ्यांक कतै छैन। अध्यागमन अधिकारीहरूका अनुसार विवाह गरेर 'भिजिट भिसा'मा चीन जाने भएकाले त्यस्ता महिलाको बेग्लै तथ्यांक राख्ने प्रणाली अध्यागमन विभागसँग छैन।

चीन उड्नै लाग्दा फर्काइए वर्षमा १८४ नेपाली महिला

अध्यागमन विभागबाट प्राप्त विवरणअनुसार यसै वर्ष अगस्ट र सेप्टेम्बरमा मात्र विवाह गरेर चीन जान हिँडेका ४१ नेपाली युवतीलाई बेचबिखनको आशंकामा विमानस्थलबाटै फर्काइएको छ। एक वर्षभित्र (०८० असोज २१ देखि ०८१ असोज ९ सम्म) यसरी फर्काइनेको संख्या १८४ छ। 'पछिल्ला वर्षहरूमा चिनियाँ केटासँग विवाह गरेर चीन जान चाहने नेपाली युवतीको संख्या बढेको छ,' हालै सञ्चार मन्त्रालयमा सरुवा भएका अध्यागमन विभागका तत्कालीन महानिर्देशक कोषहरि निरौलाले भने, 'भेट भएको केही दिनमै विवाह गर्ने र त्यसलगत्तै चीन जान खोज्ने प्रवृत्ति बढ्दो छ।'

विवाह व्यक्तिको रोजाइको विषय भएकाले रोक्न गाह्रो हुने उनी बताउँछन्। तर, विवाह गरी चीन जानेहरू हिंसामा परेका कारण अध्यागमन सतर्क हुन थालेको, सोधपुछ गर्दा आशंका लागे रोक्ने गरिएको तथा कम्तीमा चिनियाँ भाषा सिकेर र विवाहका लागि दूतावासबाट नो अब्जेक्सन लेटर (एनओसी) लिएर आउन भनिएको उनी बताउँछन्।

१५ महिनामा काठमाडौं अदालतमा मात्र चिनियाँसँगका १३५ विवाह दर्ता

पछिल्लो १५ महिनामा मात्र चिनियाँ नागरिकसँग विवाह गर्ने नेपाली महिलाको संख्या १३५ छ। यो ०८० साउनदेखि गत असोजसम्म काठमाडौं जिल्ला अदालतमा मात्र दर्ता भएको विवाहको तथ्यांक हो। काठमाडौंबाहेक अन्य जिल्ला अदालतबाट पनि बिहेबारी हुन सक्ने हुँदा यो संख्या अझै ठुलो रहेको अनुमान गर्न सकिन्छ। अदालतबाट विवाहको प्रमाणपत्र प्राप्त गरी स्थानीय तहमा दर्ता गराएपछि विवाहको प्रक्रिया पूरा हुन्छ। कानुनसम्मत विवाह गरेर गए पनि अधिकांशको हकमा नियत सफा देखिँदैन। चिनियाँ नागरिकसँग विवाह गरेर चीन जान खोज्ने प्रवृत्तिबारे अनेक कथा अध्यागमनका अधिकारीहरू सुनाउँछन्।

सोझा र अनपढ युवतीहरूलाई बिचौलियाले यसरी प्रभाव पारेका हुन्छन् कि उनीहरू विलासी र सम्पन्न जीवन बाँच्ने आशामा जसरी पनि चीन जान लालायित भइदिन्छन्। चीनमा नेपाली महिलाको तस्करी बढेसँगै अध्यागमन विभाग र नेपालस्थित चिनियाँ दूतावासबिच विवाह भिसाबारे पटक-पटक औपचारिक/अनौपचारिक छलफल पनि भएको छ। अध्यागमन अधिकारीहरूका अनुसार चिनियाँ दूतावासले अहिलेसम्म नेपालीसँग विवाहका लागि दुई सयको हाराहारीमा चिनियाँलाई एनओसी दिएको छ। तर, कम्तीमा पनि पाँच सयभन्दा बढी नेपाली युवतीको चिनियाँसँग विवाह भएको तथ्यांकले करिब तीन सय एनओसी फर्जी भएको पुष्टि हुन्छ।

आशा देखाएर विवाह, चीन पुर्‍याएपछि यातना र यौनशोषण

चिनियाँ नागरिकसँग विवाह गरेर गएका नेपाली महिलामाथि घरेलु हिंसादेखि यौनशोषण हुने गरेका विवरण सार्वजनिक भएका छन्। मानव बेचबिखन अनुसन्धान ब्युरोले जेठमा दायर गरेको मुद्दाकी पीडित युवतीले दिएको जाहेरीमा चीन पुगेको १०-१२ दिनमै केटाले मोबाइल फोन खोसिदिएको, बाहिर जाँदा थुनेर राख्ने गरेको र उत्तेजना हुने औषधि सेवन गरी लामो समयसम्म कष्टदायी यौनसम्पर्क गर्न बाध्य पारेको खुलाएकी थिइन्।

'केही दिनपछि मलाई घरनजिकैको सानो झुपडीमा अलग्गै राखी बाहिरका पुरुषहरूसँग पैसा लिएर वेश्यावृत्तिको काममा लगाउने क्रममा मैले इन्कार गर्दा, जे भन्छु त्यही गर नत्र यतै मारेर फालिदिन्छु भनी मलाई दिनमा ८-१० केटाहरूसँग जबर्जस्ती सुत्न लगाउने गरेकाले मैले जीवनदेखि हार खाएर आत्महत्या गर्न ब्लेडले बायाँ हात काटेँ, तैपनि काल आएन...' उनले दिएको जाहेरीमा उल्लेख छ।

गत असारमा उद्धार गरेर ल्याइएकी अर्की महिलाले उद्धारका लागि दूतावासलाई पठाएको पत्रमा भनेकी थिइन्, 'यहाँ ममाथि क्रूर र अमानवीय व्यवहार गर्दै शरीर बन्धक बनाइएको छ। ममाथि चरम मानसिक र यौनशोषण भइरहेको छ। यौनसम्पर्क गर्न नदिँदा कुटपिट गरिरहेको छ।' अर्की महिलाले पनि आफूमाथि चरम शारीरिक र मानसिक यातना भएको, यौनसम्पर्क गर्न नदिँदा सधैँ कुटपिट भएको, नेपाल जान्छु भन्दा ज्यान मार्ने धम्की दिइएको गुनासो गरेकी थिइन्।

गत ३० असोजमा जिल्ला प्रहरी कार्यालय सुनसरीले चिनियाँ नागरिकसँग बालविवाह गराएको आरोपमा अभिभावकसहित आठजनालाई विवाहमण्डपबाटै पक्राउ गरेको थियो। धनकुटाको छथर जोरपाटी गाउँपालिका- २ की १८ वर्षीया किशोरीको विवाह ३३ वर्षीय चिनियाँ ली तेङसँग हुँदै थियो। मुलुकी देवानी संहिता, २०७४ अनुसार महिलाको विवाह गर्ने उमेर २० वर्ष छ। विवाहमा संलग्नलाई पक्राउ गरेर प्रहरीले सुनसरी अदालतमा विवाहसम्बन्धी मुद्दा दर्ता गर्‍यो। पक्राउ परेका नेपाली र दुई चिनियाँ नागरिकको संलग्नता हेर्दा यो मानव तस्करी हुन सक्ने आशंका प्रहरी अधिकारीहरूले गरेका छन्।

काठमाडौं जिल्ला अदालतमा पछिल्लो एक वर्षमा भएका विवाहका विवरण केलाउँदा पनि अनमेल विवाहका प्रशस्तै उदाहरण देखिन्छन्। २३ पुस ०८० मा दर्ता भएको एउटा विवाहमा चिनियाँको उमेर ४८ र नेपाली महिलाको उमेर २१ वर्ष देखिन्छ। गत ६ जेठमा पनि ४१ वर्षीय चिनियाँ र २० वर्षीया नेपाली युवतीबिच विवाह भएको देखिन्छ। त्यस्तै, २६ जेठमा ६७ वर्षीय चिनियाँ र ४९ वर्षीया नेपालीबिच विवाह भएको छ। २६ असारमा पनि ५२ वर्षीय चिनियाँ र २७ वर्षीया नेपाली युवतीको विवाह भएको देखिन्छ।

नेपाली केटीलाई चिनियाँ पुरुषसँग विवाह गराउन तस्करहरूले सुख-सुविधाको लालच त देखाउँछन् नै यसबाहेक रकमको मोलमोलाइ पनि गर्छन्। चीन जाने युवतीलाई विवाह गरेर पठाउँदासम्मको व्यवस्था गरेबापत उनीहरूले चिनियाँ पुरुषसँग ठुलो रकम असुल्ने र त्यसमध्ये केही प्रतिशत युवतीका परिवारलाई समेत दिने गर्छन्।

१२ भदौ ०७६ मा मानव बेचबिखन ब्युरोले चिनियाँ र नेपालीसहित १० जनालाई पक्राउ गरेको थियो। उद्धार गरिएका नेपाली युवतीले आफूहरूलाई बिचौलियाले पैसा दिने बाचा गरेको बताएका थिए। प्रहरी बयानका क्रममा एक नेपाली युवतीलाई चीन पुर्‍याउँदासम्मको व्यवस्थापनका लागि बिचौलियाले १० लाख रुपैयाँसम्म लिने गरेको खुलेको थियो।

गत ११ असारमा बेइजिङस्थित नेपाली राजदूतावासले चिनियाँसँग विवाह गरेर गएका दुई युवतीलाई उद्धार गरेर नेपाल पठायो। त्यसक्रममा दूतावासले नेपालको कन्सुलर सेवा विभागलाई लेखेको पत्रमा चीनमा बस्ने नेपाली महिलाले नै ती युवतीलाई चीनमा सुखमय जीवन, आर्थिक सुख-सुविधालगायतका विभिन्न प्रलोभन देखाई चिनियाँ नागरिकसँग विवाह गराएको उल्लेख छ। उक्त घटनामा चिनियाँ नागरिकले नेपाली बिचौलिया सुन्दरी राईलाई एक लाख १५ हजार चिनियाँ युआन तिरेको पुष्टि भएको थियो। यसअघि अर्को घटनामा दूतावासले मकवानपुर घर भएकी एक युवतीको उद्धार गरी नेपाल पठाएको थियो। त्यस घटनामा नेपाली युवतीलाई विवाह गर्न चिनियाँ नागरिकले पाँच लाख रुपैयाँ दिएको खुलेको थियो।

गत चैतमा १४० नेपाली महिला हराएको भनेर चिनियाँ दूतावासमा उजुरी परेपछि चीनस्थित नेपाली दूतावासले तीनजनाको उद्धार गरेर नेपाल पठाएको थियो। यसपछि अध्यागमनले विवाह गरेर चीन जाने युवतीले कम्तीमा चिनियाँ भाषा जानेको वा एनओसी लिएको पहिचान भएको अवस्थामा मात्र जान दिन थालेको छ।

एक दशकअघिदेखि प्रवृत्ति निरन्तर

नेपाली महिलाको चीनमा तस्करीको घटना कम्तीमा पनि एक दशकअघिबाटै भइरहेको छ। २२ फागुन ०७१ मा सिआइबीले नेपाली छात्राहरूलाई कोरियन र चिनियाँसँग कागजी (अदालती) विवाह गर्न प्रेरित गरेको आरोपमा काठमाडौंमा सञ्चालित छेरु इन्टरनेसनल प्रालि नामको 'म्यारिज ब्युरो'मा छापा हानेको थियो। त्यसवेला दक्षिण कोरिया र चीनमा विवाह गरेर बालिकाहरू तस्करी गर्ने कार्यमा संलग्न गिरोह पक्राउ परेको थियो। त्यसवेला विवाहको माध्यमबाट नेपाली महिलालाई कोरिया र चीन तस्करी गर्न नेपालभर कम्तीमा ८३ 'म्यारिज ब्युरो' सक्रिय रहेको प्रहरीको प्रतिवेदनमा उल्लेख छ।

'म्यारिज ब्युरो खोलेर नेपाली युवतीलाई कोरियन र चिनियाँसँग विवाह गराउन समूह नै लागेको देखिन्थ्यो। यसले हाम्रो प्रशासन र संयन्त्रलाई पनि लोभ्याउँछ,' सिआइबीका तत्कालीन निर्देशक पूर्वडिआइजी हेमन्त मल्ल ठकुरीले भने। विवाहका नाममा कोरिया र चीनमा चेलीबेटी बेचबिखन उच्च दरमा बढेपछि सरकारले ०७३ मै ती देशका नागरिकसँग नेपाली महिलाको विवाहमा प्रतिबन्ध लगाएको थियो।

यसरी विवाह गराउन समूह नै लागेको देखिन्थ्यो



● **पूर्वडिआइजी हेमन्त मल्ल ठकुरी**
सिआइबीका तत्कालीन निर्देशक

म्यारिज ब्युरो खोलेर नेपाली युवतीलाई कोरियन र चिनियाँसँग विवाह गराउन समूह नै लागेको देखिन्थ्यो। यसले हाम्रो प्रशासन र संयन्त्रलाई पनि लोभ्याउँछ।

अझ यसको वास्तविकता बाहिर आएकै छैन



● **मोहना अन्सारी**
पूर्वसदस्य, मानव अधिकार आयोग

बिहेका नाममा चीन गएका नेपाली महिलाको अवस्था विकराल देखिएको छ। अझ यसको वास्तविकता बाहिर आएकै छैन। त्यहाँ बिहे गरेर गएका महिलालाई चरम यातना दिइएको छ, यौनशोषण गरिएको छ।

गोरखापत्रमा २८ कात्तिक ०७३ मा प्रकाशित समाचारअनुसार 'सुन्दर भविष्यको सपना बोकेर विदेशी नागरिकसँग विवाह गर्ने अधिकांश नेपाली चेलीको सपना अधुरो हुन थालेपछि गृह प्रशासनले चीन र दक्षिण कोरियाका नागरिकसँगको विवाहमा प्रतिबन्ध लगाएको' उल्लेख छ। चौथो पेजमा प्रकाशित उक्त समाचारमा श्रीमती बनाउने बहानामा नेपाली चेलीमाथि चरम यातना, यौनशोषण तथा घरेलु हिंसा गरेको पाइएपछि गृह मन्त्रालयले यी देशका नागरिकसँगको विवाहमा प्रतिबन्ध लगाएको पनि उल्लेख छ।

त्यसको करिब दुई वर्षपछि नेपालमा विवाहसम्बन्धी कानुनी व्यवस्थामा हेरफेर भयो। १ भदौ ०७५ देखि कार्यान्वयनमा आएको मुलुकी देवानी संहिताले विवाह दर्ताको अधिकार जिल्ला प्रशासन कार्यालयबाट जिल्ला अदालतमा सार्‍यो। यसपछि पुरानो प्रतिबन्ध फुकुवाजस्तै भयो।

सन् २०१३ मा दि माइग्रेन्ट्स सेन्टर अफ एसियन ह्युमन राइट्स र कल्चरल डेभलपमेन्ट फोरमले कागजी विवाहको अध्ययन गरेका थिए। उक्त अध्ययनले ग्रामीण भेगका सयौँ महिलालाई कोरिया लगिएको देखाएको छ। यसरी कागजी विवाह गर्दा 'रिक्रुटमेन्ट एजेन्सी' ले आठदेखि १२ लाख रुपैयाँ पाएको र एजेन्टले पाँच लाख तथा बाँकी रकम विवाह खर्च तथा कागजपत्र मिलाउनमा खर्च हुने गरेको पनि अध्ययनले जनाएको छ।

मानव बेचबिखन ब्युरोका पूर्वप्रमुख एसएसपी जीवनकुमार श्रेष्ठ भन्छन्, 'हामीले अनुसन्धान गर्दा नेपाल-चीनबिच व्यापार, व्यवसाय गर्ने र आउजाउ गरिरहने व्यक्ति तथा तिनका सहयोगीमार्फत विवाह गरिएका देखिएका छन्।'

राष्ट्रिय मानव अधिकार आयोगले नोभेम्बर २०११ मा प्रकाशित गरेको महिला र बालबालिकाको तस्करीसम्बन्धी राष्ट्रिय प्रतिवेदन २००९-२०१० ले कम्तीमा एक हजार महिला विवाहको माध्यमबाट दक्षिण कोरिया पुगेको देखाएको थियो। त्यसमध्ये तीन सयजना खुसीसँग र बाँकी दासत्वयुक्त अवस्थामा रहेका प्रतिवेदनले उल्लेख गरेको थियो।

मानव अधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी बिहेका नाममा चीन गएका नेपाली महिलाको अवस्था विकराल देखिएको बताउँछिन्। 'अझ यसको वास्तविकता बाहिर आएकै छैन। त्यहाँ बिहे गरेर गएका महिलालाई चरम यातना दिइएको छ, यौनशोषण गरिएको छ,' उनी भन्छिन्।

बेइजिङस्थित नेपाली राजदूतावासका नियोग उपप्रमुख सुरेन्द्रकुमार यादव नेपालबाट विवाह गरेर आएका युवतीका सम्बन्धमा चीनमा समस्या देखिएको बताउँछन्। 'विवाह गरेर आएका नेपाली महिलाहरू घरेलु हिंसामा परेको गुनासा आएका छन्,' उनी भन्छन्, 'विभिन्न प्रलोभनमा पारेर विवाह गरेर ल्याइन्छन्, यहाँ परिवेश मिल्दैन, शोषणमा पर्छन्। आएको ५-६ महिनामै फर्काइदेऊ भन्नेहरू धेरै छन्।'

कमजोर कारबाही

बर्सेनि ठुलो संख्यामा नेपाली महिलाको चिनियाँ नागरिकसँग विवाह हुने गरेको छ। यद्यपि, यसको एकमुस्ट अभिलेख कतै भेटिँदैन। काठमाडौंमै १४ महिनामा १३५ जनाको विवाह हुनुले यो संख्या ठुलो रहेको अनुमान हुन्छ।

प्रहरीको मानव बेचबिखन ब्युरोबाट प्राप्त तथ्यांकअनुसार चीनबाट उद्धार गरिएका महिलाको संख्या पाँच मात्रै छ। हालसम्म चार मुद्दा दर्ता भएको ब्युरोका तत्कालीन प्रवक्ता (हाल जिप्रका चितवन) प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए।

मानव अधिकार आयोगकी पूर्वसदस्य अन्सारी नेपालमा चीनको समृद्धिबारे व्यापक प्रचारप्रसार भइरहँदा त्यहाँ विवाह गरेर पुगेका नेपाली महिलाको अवस्था भने ओझेलमा परेको बताउँछिन्। चीनस्थित नेपाली राजदूतावास पनि यस सम्बन्धमा उदासीन रहनु दुःखद भएको उनले बताइन्।

बेइजिङस्थित नेपाली राजदूतावासका नियोग उपप्रमुख यादव भने दूतावासले थाहा पाएसम्म पीडितको उद्धार गरेको दाबी गर्छन्। नेपाल प्रहरीका पूर्वडिआइजी मल्ल अशिक्षा, गरिबी, बेरोजगारीका साथमा नेपालीहरूको सोझोपनको फाइदा चिनियाँले उठाएको हुन सक्ने बताउँछन्। सोझासिधा महिलालाई लोभ्याएर फसाउने यस्तो प्रवृत्तिलाई रोक्न सरकारको भूमिका महत्त्वपूर्ण हुने उनको बुझाइ छ।

(खोज पत्रकारिता केन्द्रको सहयोगमा)

चीनमा किन भइरहेको छ नेपाली युवतीको तस्करी ?

मानव अधिकार आयोगले मार्च २०१६ मा प्रकाशित गरेको 'ट्राफिकिङ इन पर्सन्स नेसनल रिपोर्ट २०१३-१५' मा विवाहको माध्यमबाट दक्षिण कोरिया र चीनमा महिला र बालिका बेचबिखन बढ्दै गएको उल्लेख गरेको छ। 'न्यून प्रजनन (जन्मदर) र पुत्र लाभको प्राथमिकताले दक्षिण कोरिया र चीनमा यस्तो हुन गएको हो,' प्रतिवेदनमा भनिएको छ। त्यतिखेर नेपालबाट कोरियामा बालिकाहरूको तस्करी उत्कर्षमा थियो, जतिखेर कोरिया र चीन संसारमा न्यून सन्तान उत्पादन (प्रजनन) दर भएका देशमध्येमा पर्थे।

पुरुषको तुलनामा महिलाको जन्म कम भएकाले चीन र कोरियामा जनसांख्यिक असन्तुलन छ। यसले गर्दा विवाह गर्न केटाहरूलाई केटी पाउनै हम्मे हुन्छ। 'एकातिर चीन र कोरियामा विवाह गर्ने केटीहरूको उच्च माग, अर्कोतर्फ नेपालको गरिबी र बेरोजगारी। यी दुई कुराबाट बिचौलियाले फाइदा उठाएका हुन्।'

केही वर्षअघिसम्म चीनमा चलेको एक सन्तान नीति र छोरालाई दिइने प्राथमिकताका कारण विवाहका लागि केटी नपाउने समस्या अझै छ। सुरुमा चिनियाँहरूले भियतनामबाट युवती तस्करी गरेका समाचारहरू अझै भेटिन्छन्। त्यसपछि म्यानमार, कम्बोडियालगायतबाट चीनतर्फ महिलाको तस्करी हुन्थ्यो। सन् २०१९ ताका पाकिस्तानबाट महिलाको चीन तस्करी हुने गरेको थियो। पाकिस्तानबाट खासगरी सीमान्तकृत समुदायका कलिला छात्रालाई प्रतिव्यक्ति १२ हजारदेखि २५ हजार डलरसम्म तिरेर गिरोहले चीनतर्फ तस्करी गरेका रिपोर्टहरू अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित भएका थिए।

करिब दुई वर्षको अवधिमा ६ सय गरिब पाकिस्तानी बालिका र युवतीलाई दुलहीका रूपमा चिनियाँलाई बिक्री गरेको सनसनी खोज रिपोर्ट बिबिसीमा प्रकाशित भएको थियो। समाचारमा यसरी विवाह गरेर चीन लगेका कलिला केटीहरूलाई देहव्यापारमा लगाइने गरेको र देहव्यापारका लागि पनि योग्य नठानिएमा मानव अंग निकालेर बिक्री हुने गरेको उक्त समाचारमा उल्लेख छ।

चाइना मिडिया ग्रुप नेपाली सेवामा एक दशकदेखि विदेशी विशेषज्ञका रूपमा कार्यरत पत्रकार चेतनाथ आचार्यका अनुसार चीनमा महिलाको तुलनामा पुरुषको संख्या धेरै छ। त्यसमाथि आधुनिक महिलाहरूमा विवाह नै नगर्ने प्रवृत्ति पनि बढेको छ। त्यसकारण सबै पुरुषले विवाह गर्न युवती पाउँदैनन्। 'यसको विकल्पमा पहिले नै विवाह गरेर चीन गएका नेपाली युवती र केही चिनियाँ दलालमार्फत नेपालबाट बेहुलीका रूपमा चीनतर्फ मानव तस्करी हुने गरेको छ,' आचार्य भन्छन्।

उनको विश्लेषणमा चिनियाँ वैवाहिक परम्परा निकै महँगो र भड्किलो पनि छ। विवाह गर्दा केटापक्षले केटी पक्षलाई नयाँ घर र गाडी दिनुपर्ने प्रचलन नै विकास भएको उनी बताउँछन्। नेपाली विवाह परम्पराको दाइजो लिनेदिनेको उल्टो परम्परा चीनमा छ। 'यसले गर्दा चिनियाँ केटीसँगै विवाह गर्न ठुलो धनराशि केटापक्षलाई चाहिने भयो,' आचार्य भन्छन्, 'जसका कारण गरिब चिनियाँ केटाले विवाह गर्न केटी नै पाउँदैनन्। देशमा विवाह गर्ने केटी नपाएपछि उनीहरू बाहिर पुगेका हुन्।'

बिआरआई...

पृष्ठ १ बाट क्रमशः

भ्रमणमा हाम्रो अनुकूलमा निर्णय भएको छ। बिआरआईबाट भारत तर्सिनुपर्दैन,' महासेठले न्युज एजेन्सी नेपालद्वारा शुक्रबार आयोजित कार्यक्रममा भने, 'नेपालमा कनेक्टिभिटीको विकास हुँदा भारतले प्रयोग गर्न पाउँदैन ? नेपालमा उत्तर-दक्षिण रेल र सडक निर्माण हुँदा चीनबाट एकै दिनमा भारतमा सामान पुग्छ।'

महासेठले भारतविरोधी भावना प्रेरित रहेका परियोजना स्वीकार नगर्ने पनि बताए। 'नेपालमा बिआरआई कसैको विरुद्ध छैन। नेपालको फाइदाका लागि ऋण लिँदा पनि फरक पर्दैन,' उनले भने। बिआरआईको मुख्य पक्ष ऋण वा अनुदान नभएर आर्थिक सहकार्य भएको उनको भनाइ थियो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद एवं विदेश विभाग प्रमुख शिशिर खनालले सरकारले छिमेकी राष्ट्रसँग गर्ने सन्धि-सम्झौतालाई गिजोलिरहेको आरोप लगाए। उनले बिआरआईका सम्झौता दस्तावेज सार्वजनिक गर्न र आमनागरिकमा आशंका हटाउन माग गरे। बिआरआई परियोजनाअन्तर्गतका विषयमा प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणमा भएका सम्झौता सरकारले संसद्लाई जानकारी गराउनुपर्ने बताए। 'हामीले अन्तर्राष्ट्रिय सन्धि-सम्झौता विशेषगरी दुईपक्षीय सन्धि-सम्झौता, मित्रराष्ट्रसँग गर्ने, छिमेकी मित्रराष्ट्रसँग गर्ने सन्धि-सम्झौतालाई एकदम गिजोलिरहेका छौं,' खनालले भने, 'बिआरआईकै विषयमा पनि औपचारिक डकुमेन्ट्स सार्वजनिक भएका छैनन्। संसद्मा यी विषयमा छलफल भइदियो राम्रो हुन्छ। ठिक वा बेठिक चुन्ने भाष्यभन्दा तथ्यमा बसेर हाम्रा धारणा बन्नुपर्छ।'

उनले प्रधानमन्त्री ओलीको चीन भ्रमणबाट नेपालले पाउनेभन्दा बढी गुमाएको महसुस आफूले गरेको उनको भनाइ थियो। सत्तास्वार्थका साना कुराले गर्दा ठुलाठुला भूराजनीतिक विषयमा गल्ती भइरहेको उनले आरोप लगाए।

खनालले परराष्ट्र नीतिलाई दलीयकरणको जालोमा लैजान खोजेको बताए। 'परराष्ट्र नीतिलाई पनि अलिकति बढी दलीयकरणको जालोमा लैजान खोजेको देखिन्छ। परराष्ट्र मन्त्रालयको संयन्त्र कमजोर भएको र दलीय संयन्त्र बलियो भएजस्तो देखिन थालेको छ,' उनले भने, 'दुई दलबिचको सहमति नै नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको मानक हो भनेजस्तो गरी राजनीतिक नेतृत्वले भाष्य निर्माण गर्न खोज्यो। हामी दुई ठुला दल मिल्यौँ भने सबै हुन्छ भन्ने घमन्डी मानसिकता त्यो संयन्त्रले बोल्यो।'

बिआरआईबारे टुंग्याउन गठन भएको कांग्रेस-एमाले आन्तरिक कार्यदलका विज्ञ सदस्य अधिवक्ता सेमन्त दाहालले बिआरआई सम्झौतामा परियोजनामा ऋण वा अनुदान लिने सर्वाधिकार नेपालसँग सुरक्षित रहेको बताएका छन्। यसलाई चीन सरकारले पनि स्वीकार गरेका कारण समस्या नहुने उनको भनाइ थियो।

'परियोजनामा बिआरआईलाई ऋण लिने वा अनुदानका रूपमा स्विकार्ने भनेर आफ्नोअनुकूलताका आधारमा निर्णय लिन सक्ने अधिकार नेपालसँगै छ। नेपालले गलत प्रस्तावमा हस्ताक्षर गरेको छैन, हाम्रो कार्यदलको प्रस्तावअनुसार नै हस्ताक्षर गरेकाले कोही पनि डराउनुपर्दैन,' दाहालले भने। नेपालले परियोजनाको महत्त्वलाई हेरेर निष्कर्षमा पुग्न सक्ने भन्दै उनले बिआरआईअन्तर्गत छनोट भएका आयोजना अन्य देशसँग सहकार्य पनि हुन सक्ने बाटो खुला रहेको व्याख्या गरे।

'चीन सरकारसँगको समझदारीपत्रमा आर्थिक सहायतामा नेपालको विकास र आवश्यकतालाई प्राथमिकतामा राखिएको छ। 'आर्थिक सहकार्यमा नेपालको विकास र आवश्यकतालाई ध्यानमा राख्छौं भनेर लेखिएको छ। सम्झौतामा नेपालद्वारा प्रवर्द्धित कुनै पनि परियोजना आएको छ भने त्यसको आवश्यकताअनुसार परिभाषित हुन्छ भनेर उल्लेख गरिएको छ,' उनले भने, 'परियोजना विशेष भएर वार्तामा बस्दाखेरि एड शब्दसँगै नेपालद्वारा प्रवर्द्धित परियाजनाको आवश्यकता र चाहनाअनुसार त्यो के हो भन्ने थाहा हुन्छ। त्यसरी हामी निष्कर्षमा पुग्छौं भनेको छ। त्यो अनुदान पनि हुन सक्छ। ऋण पनि हुन सक्ला।'

उनले सम्झौतामा अनुदान वा ऋण नलेखिएको पनि स्पष्ट पारे। 'ऋणबाट मात्र बन्छ भने ऋणबाटै बन्छ। यदि अनुदानबाट बन्नुपर्छ भने अनुदानबाटै बन्छ,' उनले भने।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २२ मंसिर ०८१
nayapatrikaofficial @naya_patrika

हामीले आफैँलाई चिन्न र चिनाउन सकेनौँ

हाम्रो ज्ञान विदेशीले बुझ्नेनन् । उनीहरूले नेपालीले केही जान्दैनन् भने, हामीले पनि आफूले केही जानेका छैनौँ भन्न थाल्यौँ ।



ट्राभल टक • डा. तीर्थबहादुर श्रेष्ठ
वनस्पतिविद्

तस्बिर : अमुल थापा

*डा. तीर्थबहादुर श्रेष्ठ विगत ६ दशकदेखि वनस्पतिको खोज र अनुसन्धानमा सक्रिय छन् । वनस्पति विभागमा कार्यरत (२०१७-२०४७) अवधि श्रेष्ठका लागि विशेष स्मरणीय छ । यस अवधिमा उनी देशका धेरै ठाउँमा पैदलै गए । फरक-फरक भूगोल, फरक मानिस र रीतिस्थिति देखे । हरेकसँग फरक समस्या र त्यसका मौलिक समाधान थिए । यही अविस्मरणीय यात्राबारे श्रेष्ठसँग **अन्वेषण अधिकारी**ले गरेको ट्राभल टकः*

तपाईंले सुदूरपूर्वदेखि सुदूरपश्चिमसम्म हिँडेरै विभिन्न जिल्ला घुम्नुभयो । यात्राको अनुभव कस्तो थियो ?

२०१७ सालमा स्नातक सकिएपछि मेरा प्राध्यापक समरबहादुर मल्लले वनस्पति विभागमा कामका लागि बोलाउनुभयो । असिस्टेन्ट फर्मासिस्टको जागिर खाएको एक महिनामै कोलम्बो प्लानअन्तर्गत अलिगढ विश्वविद्यालयमा एमएस्सी पढ्न छात्रवृत्तिमा नाम निस्कियो । वन मन्त्रालयका कर्मचारीहरूले जागिर र पढाइमध्ये एक रोज्नु भनेका थिए । तर, प्रयागराज पाण्डेले अध्ययन बिदा मिलाएर छाडे । त्यसपछि आधा तलब खाएर अध्ययन सकेर दुई वर्षपछि विभागमा हाजिर भएँ । यसपछि प्रत्येक वर्ष जडीबुटी र वनस्पति सर्वेक्षण गर्ने र वनस्पतिका नमुना संकलन गर्ने काममा हामी जिल्ला-जिल्लामा जानुपर्ने थियो । पहिलो भ्रमण पाँच सय खोला, सात सय खोला, १८ सय खोलामा गर्न भनिएको थियो । पाँच सय खाले भनेको त्रिशूली, सात सय खोला गणेश हिमालआसपास र १८ सय खोला भनेको बुढीगण्डकी रहेछ । त्यहाँ पुगेपछि मात्रै हामीले थाहा पायौँ । हामी वनस्पति विभागकै केही सहयोगीहरू लिएर गएका थियौँ । हामी यहाँबाट हिँडेको पहिलो रात ककनीमा बसेका थियौँ । त्यतिवेलै त्यहाँ तीन-चारवटा बंगला थिए । अंग्रेजहरूको समयदेखि नै त्यहाँ घुमघाम चल्नेरहेछ । त्यहाँबाट हिमालको दृश्य पनि देखिने, हरियाली पनि भएको र चिसो पनि हुने हुनाले गर्मीमा राणाजी पनि गएर बस्ने रहेछन् । अहिलेजस्तो गाउँ थिएन । तर, केही घर थिए । त्यसको तल रानीपौवामा ठूलो बस्ती थियो । भोलिपल्ट त्यहाँबाट झरेर तादीखोला तर्दै पारि गयौँ । त्रिशूली बजारमा नुन, तेल, सुनचाँदीका गहना बनाउन मानिस आउँथे । नजिकका पहाडबाट जडीबुटी आउँथ्यो । चिराइतो, जटामसी, कुट्कीलगायत विभिन्न प्रजातिका जडीबुटी आउँथ्यो । भारतमा त्यतिवेलै ठुलो संख्यामा औषधि उद्योग खुलेका थिए । ती उद्योगहरूले नेपालबाट जडीबुटी लग्ने र त्यसलाई प्रशोधन गरेर औषधि बनाएर नेपालमै बेच्ने गर्दथे । हाम्रो लक्ष्य जडीबुटी संकलकहरूको आयआर्जनमा टेवा पुग्ने नीतिनिर्माण गर्नका लागि अनुसन्धान गर्नु थियो । किनकि, पसिनाको मूल्य जडीबुटी संकलकले पाएनन् भन्ने गुनासो आइरहेको थियो ।

त्रिशूलीमा हाइड्रोपावरको काम चलिरहेको थियो । हामी त्यहाँका कर्मचारीहरू बस्ने क्वार्टरमा बस्यौँ । भोलिपल्टबाट गाउँगाउँ जान थाल्यौँ । त्यहाँ जडीबुटीबारे बुझ्नु हाम्रो जिम्मेवारी थियो । जडीबुटी उम्रिएको ठाउँमा गयौँ । त्यसलाई चिन्यो । यसमा केमिकल कम्पोनेन्टहरू के-के हुन्छ भनेर टिप्ने, वैज्ञानिक नाम दिनेलगायत काम थियो । हामीलाई चारवटा पक्ष ख्याल गर्नु भनिएको थियो : भूगोल, जनता, समस्या र सम्भावना ।

अहिलेजस्तो सञ्चारको सुविधा थिएन । हिँडेपछि परिवारका सदस्यसँग कुराकानी हुन नपाउने भएकाले चिन्ता हुन्थ्यो । फेरि काठमाडौंको नेवार समुदाय त्यतिवेला उपत्यकाबाहिर हत्तपत्त जाँदैनथ्यो । गर्मी छल्नका लागि केही मानिस जाडोमा तराई जान्थे । मेरो हकमा भारतमा छात्रवृत्तिका लागि जानुअघिसम्म काठमाडौंबाट कहिल्यै बाहिर निस्किएको थिइनँ । महाबौद्धमै सबै सुविधा थियो । डिल्लीबजार जाँदा पनि टाढा गएजस्तो लाग्थ्यो । कहिलेकाहीं गुठीको कार्यक्रममा भक्तपुरसम्म गएको थिएँ ।

कालान्तरमा मैले नेपालका जति पनि जिल्ला घुमेँ ती सबै नौलो लाग्यो । सबै ठाउँमा अलग रीतिस्थिति र परम्परा थिए । जुम्लाको फरक, नेपालगन्जको फरक, डोल्पाको फरक, सुदूरपश्चिमको फरक । १९६५-६६ को जुन-जुलाईतिर पहिलोपल्ट एडम स्टेनटनसँग जुम्ला जाँदा त्यहाँका मानिसले भारी बोकेबापत प्रतिदिन सातदेखि १० रुपैयाँ लिन्थे । उनीहरू निकै दंग थिए । उनीहरूले जडीबुटी बोकेर ल्याउँदा आउने पैसा पनि यति नै रहेछ । जडीबुटी खोजेर, चिनेर, खनेर, प्रशोधन गरी बोकेर ल्याउँदाको कुनै मूल्य नै रहेनछ । उनीहरूलाई त भारी बोकेको पैसा मात्रै आउने रहेछ । यसरी उनीहरूको आर्थिक अवस्था कसरी सुधार हुन्छ ? मैले यो सोचिरहेँ । त्यसपछि पनि धेरैपटक जुम्ला गइयो ।

जुम्लीहरू जाडोमा नेपालगन्ज आउने र त्यहाँबाट काम गर्नका लागि लखनउ जाने चलन थियो । उनीहरूले गाउँबाट आउँदा जे-जे सकिन्छ, त्यो सबै ल्याएका हुन्थे । जुम्लामा मात्रै पाइने देवदारको तेल निकै प्रसिद्ध थियो । यसको प्रशोधन गर्ने तरिका पनि कठिन छ । उनीहरू सिलाजित, राडी ल्याउने र बेच्ने गर्दथे । जाडोको समय जुम्लाका घर नै खाली हुने गरी मानिस भारत जान्थे । तर, उनीहरूले जडीबुटीको जुन मूल्य पाउनुपर्ने थियो, त्यो पाएनन् । डोल्पाको संस्कृति अलग थियो । त्यहाँ १६०० फिटमा अवतारी लामा बस्दथे । गोर्खाको छेकम्पारमा पनि अवतारी लामा थिए । डुक्पा नामक ती लामासँग मेरो राम्रै संगत भयो ।

अनुसन्धानका लागि आएकाहरूलाई स्थानीयले गर्ने व्यवहार कस्तो हुन्थ्यो ?

गाउँका बुढापाकासँग भेट्ने, जडीबुटीबारे सोधपुछ गर्ने काम चलिरह्यो । हामीले उनीहरूबाटै ज्ञान सापट लिने हो । त्यतिवेलाका मानिसहरूले हरेक जडीबुटी चिन्दथे । उनीहरूले स्थानीय नाम नै दिएका हुन्थे । हामी बाटोमा गोठालाहरू भेट्थ्यौँ । उनीहरूसँग राम्रो ज्ञान हुन्थ्यो । बाटोमा घर नहुँदा उनीहरूकै गोठमा वास मागेर सुत्थ्यौँ ।

पहिलो यात्राकै दौरान त्रिशूलीबाट रसुवा जाने बाटो सोध्न अञ्चलाधीशकहाँ गएको थियौँ । त्यहाँ युवा कोषका अध्यक्ष भेटियो । लायु तामाङ नाम गरेका ती व्यक्ति धुन्चेनजिकको बोगेभ्रु गाउँका मुखियाका छोरा रहेछन् । मुखियाको सान नै बेग्लै, उनको घरभरि भकारी नै भकारी थिए । उनको बारीमा मैले मादलजत्रो फर्सी देखेँ । यस्तो फर्सी कहिल्यै देखेको थिइनँ ।

उनले हामीसँग बसेको पैसा लिएनन् । अन्यत्र जाँदा पनि बसेको पैसा तिर्नुपर्दैनथ्यो । खाली कुखुराको अन्डा र कुखुरा किन्नुपर्ने । रसुवामै अर्को अविस्मरणीय घटना पनि देखियो । एकजना आमाले आफ्नी छोरीको कपालबाट टुप्रा टिपेर दाँतले टोकिन् । अनि फालिन् । यस्तो सुनेको थिएँ, तर देखेको पहिलोपल्ट हो । बाटोमा बाँदर, धुन्चेतिर हिमाली कालो भालु परैबाट देखिएको थियो । कालिन्चोकको कुरीबजारमा जाँदा पनि मैले वास बसेको गोठमै चितुवा भेटेँ । हामीले हल्ला-खल्ला गरेपछि भाग्यो । त्यतिवेला कुरीमा गोठ मात्रै थियो, अहिले त पर्यटकीयस्थल बन्यो ।

त्यसवेला बाटोमा हिँडेर थकित भइसकेपछि कुनै घर भेट्दा मन निकै प्रफुल्लित हुन्थ्यो । काकाकाकी, दिदीभाउजू साइनो लगाएर वास माग्दा उनीहरूले सोध्ने पहिलो प्रश्न हुन्थ्यो : तपाईं केमा ? जात मिल्नेहरूलाई घरमै, नमिल्नेलाई छिँडी वा गोठमा जातिप्रथाअनुसार वास दिइन्थ्यो । तर, वास सबैले पाउँथे । अहिले अपरिचितलाई विश्वास गर्ने चलन हरायो ।

त्यसवेला र अहिले तुलना गर्दा अरू के-के चलन हराए होला ?

विगत सयौँ वर्षमा भएका परिवर्तनहरू एकैपटक पछिल्ला ५० वर्षमा भएका छन् । त्यसवेला हिँड्दा जुका लाग्थ्यो । जहाँ जुका हुन्छ, त्यहाँ हावा र पानी शुद्ध हुन्छ । प्रदूषण बढेपछि धेरै ठाउँबाट जुका हराए । गाउँमा पानीघट्टहरूको ठाउँ आधुनिक मेसिनले लिए । डाडुपन्यु, दाबी, आरी, ठेकी, मदानी, गोबुबागायत काठका उपकरण दैनिक जीवनमा प्रयोग हुन्थे । काठमाडौंमै २०१० सालसम्म हरेक घरमा जाँतो हुन्थे । अहिले ती लोपोन्मुख अवस्थामा छन् । हिमाली क्षेत्रमा परम्परागत ढुंगाका घरहरू थिए । पहाड र तराईंमा पनि यहाँको हावापानीलाई मध्यनजर गरेर घर बनाइएका थिए ।

> मौसमबारे भविष्यवाणी गर्ने डोल्पालीको आफ्नै पद्धति थियो । आगोमा ढिकेनुन छर्केर पानी पर्ने-नपर्ने अनुमान लगाउने गरिन्थ्यो । त्यो भनेको हावाको आर्द्रता नाप्ने परम्परागत विधि हो ।

मानिसहरू निकै आस्थावान् थिए । अभिभावकलाई मान्ने, गुरुलाई मान्ने, लामालाई मान्ने चलन थियो । हामी त्यतिवेला मौलिक सीप र ज्ञानले बाँचेका थियौँ । उच्च हिमाली क्षेत्रमा धेरैजसो स्थानीय भेडा र चौरीपालनमा निर्भर थिए । गर्मी-जाडोमा भेडा र चौरीको गोठ सार्ने चलन थियो, जो अहिले पनि छ । जाडोमा चौंरीकै ऊनले बनेको पाल गोठमाथि टाँगिएको हुन्थ्यो । त्यो निकै तातो थियो । चौंरीकै रौंबाट बनेका मोटा डोरीहरूले त्यसलाई टाँगिएको हुन्थ्यो । त्यस्ता डोरी निकै बलियो हुने, भेडाका राडीपाखी प्रयोगमा आउँथे । मुस्ताङमा एकपटक चौरी गोठाला भएको ठाउँ चिमाङ लेकमा गएर बसेका थियौँ । चौंरी चरेर आउँदा त्यसको जीउमा जुका लागेको हुन्छ । त्यही जुका निकाल्ने अनि, तातोपानीमा उमालेर ससेजजस्तो बनाएर खाने चलन रहेछ । यस्तो रगतमा पौष्टिक तत्त्व हुन्छ, त्यही भएर यो परम्परा बसेको रहेछ ।

हिजोको पुस्ताले जडीबुटीको महत्त्व बुझेको थियो । सानातिना घाउचोटमा बेसार, तेल लगाउने, बारीको कान्लामा उम्रेको घोडताप्रे पिसेर घाउमा लगाउने चलन थियो । पेट दुखाइ वा कब्जीयतमा हर्रो, बर्रो र अमलाको त्रिफला चूर्णको प्रयोग हुन्थ्यो । लसुन, अदुवा, मरिचलगायत हाम्रा भान्छाकोठामा प्रयोग हुने जडीबुटीको महत्त्व हिजोको पुस्ताले बुझेको थियो । पहाडमा हरेकका घरमा एक हल गोरु, एउटा गाई हुन्थे । अहिले त्यस्तो चलन हरायो । ट्र्याक्टरले नै खेत जोत्न थाले । कृषिमा निर्भरता पनि कम हुँदै गयो ।

अहिले विकास भयो । तर, सडक बनाउँदा स्लोप स्ट्याबिलिटीको नलेज भएन । जहाँ बनायो, त्यही पहिरो जान्छ । पहिलेका मानिसहरूँ त्यो नलेज थियो । त्यहीकारण बाटो खन्दा पनि पहिले गाईगोरु हिँडाएर त्यहीबाट खन्ने चलन थियो । त्यस्तो ठाउँमा पहिरो जाँदैन ।

मौसमबारे भविष्यवाणी गर्ने डोल्पालीको आफ्नै पद्धति थियो । आगोमा ढिकेनुन छर्केर पानी पर्ने-नपर्ने अनुमान लगाउने गरिन्थ्यो । त्यो भनेको हावाको आर्द्रता नाप्ने परम्परागत विधि हो ।

हामीले प्रवर्द्धन गर्नुपर्ने कुरा के-के छन् ?

नेपाल जैविक विविधताको चौतारी हो । तर, यसलाई चिन्ने, चिनाउने र समयमै उपयोग गर्ने बानी हामीले बसाल्न सकेनौँ । हामीले आफैँलाई चिन्न र चिनाउन सकेनौँ । पूर्वदेखि पश्चिमसम्म फैलिएको हाम्रो हिमालय शृंखलासम्म अफगानिस्तान, इरान, चीन, साइबेरिया, भारतलगायत विभिन्न क्षेत्रबाट पशुपन्छी आउँछन् । यो उनीहरूको भेट हुने थलो हो । मिसिने ठाउँमा नयाँ सृष्टि हुन्छ ।

नेपालमा त्यस्ता धेरै दुर्लभ जडीबुटी र वन्यजन्तु पाइन्छन्, जो विश्वमा अन्यत्र कतै पाइँदैन । नेपाल-तिब्बत सीमाक्षेत्रमा पाइने नायन भेडो संसारका अरू भेडाभन्दा अग्लो हुन्छ । यो उभिँदा एक सय २० सेन्टिमिटर (चार फिट) अग्लो हुन्छ । गौ प्राणीमा सबैभन्दा अग्लो गौरीगाई, (दुई मिटरसम्म अग्लो र एक हजार किलो तौलसम्म पुग्न सक्ने) हाम्रो चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षमा भेटिन्छ । गौ प्राणीमा सबैभन्दा सानो गाई नेपालकै अछाम जिल्लामा पाइने नौमे गाई हो । यो तीन फिटभन्दा अग्लो हुँदैन । अछाम, डोटी, बझाङ र बाजुरामा मात्रै पाइने यो प्राणी अब लोप हुने क्रममा छ ।

विश्वको अग्लो उचाइमा फुल्ने बिरुवा मकालु हिमालको सेरोफेरोमा भेटिन्छ । यसलाई वैज्ञानिक भाषमा स्टेलेरिया डिकम्बेन्स भनिन्छ । ढुंगामा टाँसिएर बस्ने यो बिरुवाका सेता, पहेँला, फूल साउन-भदौतिर फुल्ने गर्छन् ।

नेपालमा आठ सय ६० भन्दा धेरै प्रजातिका चरा पाइन्छ । यसमध्ये सबैभन्दा धेरै उचाइमा उडान भर्न सक्ने चरो खोया हाँस हो । यसले आठ हजार मिटरमाथिबाट परम्परागत पद्धतिमा बाँच्दा भविष्यको अनुमान लगाउन सहज थियो । अहिले हामीले अरूको ज्ञानलाई अनुसरण गरेर अघि बढेकाले भविष्य अनिश्चित छ ।

अहिले जहाँ सडक बनायो, त्यहीँ पहिरो जान्छ । पहिलेका मानिससँग 'स्लोपस्ट्याबिलिटी'को ज्ञान थियो । पहिले गाईगोरु हिँडाएर मात्रै बाटो खन्ने चलन थियो । त्यस्तो ठाउँमा पहिरो जाँदैन ।

हिमाल वारपार गर्छ । अत्यन्त पातलो, हावा, न्यूनतम, अक्सिजन, र हावाको अति न्यून चाप सहेर कुन शक्तिको भरमा यसले हिमाल पार गर्छ भन्ने विषय आफैँमा रहस्यमय छ । विश्वकै उच्च क्षेत्रमा उड्ने पुतली नेपालको डोल्पा क्षेत्रमा पाइएको छ । सिक्किम ब्यान्डेड एपोलो नामक यो सानो पुतली पाँच हजार मिटरको उचाइसम्म भेटिन्छ । हाम्रोमा हिमालमा सोमलतादेखि तराई-मधेशका सर्पगन्धासम्मका औषधीय गुण भएका जडीबुटी पाइन्छन् । आयुर्वेद र चिनियाँ चिकित्सामा यसको प्रयोग हजारौँ वर्षदेखि हुँदै आएको छ । उच्च लेकाली जडीबुटी, यार्सागुम्बा, कुट्की, जटामसीलगायत सात सय प्रजातिका जडीबुटी नेपालमा पहिचान भइसकेका छन् । अझ हाम्रा वैद्य, धामी, झाँक्री, बिजुवा, आम्ची, लामा र गुरुबाहरूले प्रयोग गर्ने जति सबै जडीबुटी समेट्ने हो भने १७ सय बढी हुन जान्छ ।

संसारमा फल्ने हजारौँ थरीका धानमध्ये हाम्रोमा झन्डै दुई हजार प्रजातिका धान पाइन्छन् । जुम्लामा फल्ने मार्सी धान विश्वकै उचाइमा फल्ने धान हो । समुद्र सतहदेखि तीन हजार मिटर उचाइमा रहेको छुमचौर (जुम्ला जिल्लामा) मा यसको खेती हुन्छ । परम्पराअनुसार १२ चैतमा धान भिजाउने, १६ चैतमा पानी तर्काउने र गुम्स्याउने र २० गते हिले ब्याडमा उम्रेको टुसा छर्ने गरिन्छ । धानको बिउ गुम्स्याउने क्रममा न्यानो भान्छा कोठाभित्र भिजेका धानका गेडा फिजाएर त्यसमाथि ओछ्यान लगाएर परिवारका सदस्य सुत्ने गर्छन् । मानिसको जीउको न्यानोबाट बिउ अंकुराउनका लागि यस्तो गरिएको हो । तर, यस्तो परम्परागत प्रविधिका विषयमा हामीले जति प्रचार गर्नुपर्ने हो, त्यो गर्न सकेको देखिन्न ।

अहिलेको आधुनिकीकरणको रफ्तारले जैविक विविधतालाई कता लैजाला ?

परम्परागत पद्धतिमा बाँच्दा भविष्यको अनुमान लगाउन सहज थियो । अहिले हामीले अरूको ज्ञानलाई अनुसरण गरेर अघि बढेकाले भविष्य अनिश्चित छ । यहाँ प्रशस्तै प्रजातिका सल्लाका बोटहरू हुँदाहुँदै पनि हामीले अस्ट्रेलियाबाट सल्ला ल्याएर जमिनमा रोप्यौँ । यसले चराचुरिंगी, जमिन र यहाँ अन्य घाँसपातलाई असर गर्छ । पर्यावरण खलबलिएको छ । हाम्रो ज्ञानलाई विदेशीले बुझेनन् । उनीहरूले नेपालीले केही जान्दैनन् भनेर प्रस्तुत गरे । हामीले पनि आफूले केही जानेका छैनौँ भन्न थाल्यौँ । पुरानो पुस्ता गाउँघरका खेतबारी, बर्नैंचा वा नजिकको जंगल वा झाडीमा उम्रेका सागपात, कन्दमूल र फलफूल खाएर बाँचेको थियो । अहिले त्यसको प्रयोग हुन छाड्यो । अहिलेका विद्यार्थीहरूले आफ्नो बाल्यकाल र किशोरावस्था कक्षाकोठाभित्र बिताउँछन् । मोबाइल र ल्यापटप खेलेर बिताउँछन् । पहिलेजस्तो गाईबस्तु चराउने समय छैन । काफल, किम्बु, वा ऐँसेलुको स्वाद थाहा नपाउनेहरू पनि धेरै छैन ।

आज मानिस प्रकृतिबाट टाढा हुन थालेको छ । उसका गतिविधिले वनजंगल, पहाड, मधेश प्रभावित भएका छन् । प्रदूषण बढेको छ । मानिसकै गतिविधिका कारण सयौँ प्राणी लोप हुँदै गएका छन् । सवारीसाधन, मेसिन, कलकारखाना बढेको छ । तर, मौलिकताबाट टाढा छौँ । अहिले गाउँमा गोरु भेटिँदैनन्, ट्र्याक्टरले नै खेत जोतिदिन्छ । पहिलेजस्तो सामूहिकता हाम्रो समाजमा छैन । मेरो बुझाइमा पहिले बाबुछोराबिच जुन अन्तर थियो । अहिले दाजुभाइबिच त्यति नै अन्तर देखिन थालिसकेको छ । पुस्तान्तरण निकै तीव्र छ । परिवर्तन निकै तीव्र भइरहेको छ ।

फिल्मको भान्सामा जेठादाइका ४२ वर्ष



सिनेमाका कलाकारलाई ४२ वर्षदेखि खाना बनाएर खुवाइरहेका जेठादाइ अहिले पनि सुटिङस्थलमा डाडुपन्यु चलाइरहेका भेटिन्छन्

नेपथ्यबाट • कुलबहादुर महत

कुलबहादुर महत (६९) अर्थात् जेठादाइका कपाल मात्रै होइन, आँखीभौंसमेत फुलिसकेका छन् । चाउरिएका छन् गाला । झरिसकेका छन् धेरै दाँत । तर, बुढेसकालमा पनि जेठादाइको सक्रियता उस्तै छ । सिनेमाका कलाकारलाई ४२ वर्षदेखि खाना बनाएर खुवाएका उनी अहिले पनि सुटिङस्थलमा डाडुपन्यु चलाइरहेका भेटिन्छन् । उनले यसैमा कपाल फुलाए, जीवन बिताए ।

२०३८ सालतिरको कुरा हो । जेठादाइको घर भारतको कालेबुङनजिकै तुलसी घिमिरेको नेपाली फिल्म 'बाँसुरी'को छायांकन भइरहेको थियो । फिल्मको कलाकार राकेश पाण्डे, रजनी शर्मा र बन्नी प्रधान थिए । उनी त्यही फिल्मको सुटिङ हेर्न पुगे । एक दिन उनी सुटिङ हेरेर फर्किँदै थिए । उनलाई निर्देशक तुलसी घिमिरेले बोलाइरहेका रहेछन् । नसुनी डाँडा काट्न लागेका थिए । नजिकैको साथीले बोलाइदिए । त्यसपछि उनी फर्किए ।

निर्देशक घिमिरेले जेठादाइलाई सोधखोज गरे । बेरोजगार जेठादाइले आफ्नो परिचय र ठेगाना दिएर घर फर्किए । तीन दिनपछि तुलसीले उनलाई लिन घरमा मान्छे पठाए । तुलसीले उनलाई 'फिल्म खेल्न मन छ ?' भनेर सोधे ।

'बाँसुरी'मा उनको रोल हिरोको साथी थियो । तर, निर्देशकले एक्सन भन्नेबित्तिकै उनलाई पसिना आउन थाल्यो । 'फिल्ममा खेल्न पाउनु मेरो भाग्य हो । तर, एक्सन भन्नेबित्तिकै सातो उड्यो । १५ टेक लिँदा पनि निर्देशकले ओके भन्नुभएन,' उनी सम्झिन्, 'त्यसपछि मेरो होसहवास नै उड्यो । पुग्यो, खेल्दिनँ भन्दै निर्देशकको अघि गएँ । फेरि उहाँले नम्र भाषामा तिमी सक्छौ भन्नुभयो । पछि भारी बोकेरचाहिँ त्यो रोल गरिछाडेँ ।'

त्यसपछि उनलाई तुलसी घिमिरेले किचन रेखदेख गर्ने जिम्मा दिए । उनले कलाकारलाई खाना बाँड्न थाले । उनलाई भात पकाउन रमाइलो लाग्न थाल्यो । फिल्मको छायांकनभरि भान्सा उनकै जिम्मामा चल्यो । भन्छन्, 'सुटिङ पनि हेर्न पाउने । रमाइलो हुँदै गयो ।'

उनको जेठादाइ नाम रहनुमा रोचक किस्सा छ । 'बाँसुरी' छायांकनपछि बेलुका खाना खाने वेला रञ्जित गजमेर, कुसुम गजमेर, तुलसी घिमिरे, श्रवण घिमिरे सबैजना थिए । त्यतिवेला रञ्जित गजमेरको छोरा सत्यजित गजमेर सानै थिए । सत्यजितले उनलाई जेठादाइ भनेर बोलाए । त्यसपछि कुलबहादुरको नाम जेठादाइ बस्यो । तुलसी घिमिरेको आमालाई जेठादाइले आमा नै भन्थे । तुलसीको आमाले जेठादाइलाई छोरा नै मान्थिन् । 'बाँसुरी' फिल्मको सुटिङ सकिएपछि तुलसीको आमाले उनलाई पाँच किलोको तामाको गाग्री दिइन् । उनी भन्छन्, 'अहिले पनि हाम्रो सम्बन्ध एउटै परिवारको जस्तै छ । श्रवण घिमिरेसँग वेलावेला फोनमा कुरा हुन्छ ।'

छायांकन टोलीसँग भान्से भएर धेरै ठाउँ पुगे जेठादाइ । धेरै कलाकारलाई खाना खुवाए । नुन चर्को, खुर्सानी पिरो, तरकारी नमिठो भनेर कसैले पनि उनलाई गुनासो गरेनन् । जसजसले जेठादाइले पकाएको खाना खाए, मिठो मानी-मानी खाए । त्यसपछि उनलाई भान्साकै जिम्मा दिन थालियो । 'लाउरे'मा हिरो श्रवण घिमिरे र हिरोइन तृप्ति नाडकरले मिठो मानेर खाने गरेको उनी सुनाउँछन् । उनी भन्छन्, 'सुटिङमा ५० जनालाई ५० थरी पाक्दैनथ्यो । बिरामीलाई खान मिल्ने पनि खाना पकाउँथे । म चिल्लो र नुन कम भएको खाना बनाउँथेँ । स्वादिलो खान खोज्नेलाई बाहिरै खान जानू भन्थेँ ।'

उनका अनुसार त्यतिवेला सुटिङस्थलमा कलाकारको रुचिभन्दा पनि जे पाइन्थ्यो त्यही पाक्थ्यो । व्यक्ति विशेषको रोजाइमा खाना नपाक्ने उनी बताउँछन् । भन्छन्, 'कसैको रोजाइमा खाना पकाइनँ । तर, बिरामी भएका कलाकारलाई जाउलोचाहिँ पकाएर खुवाएँ । किनभने खानाको कारणले बिरामी हुन सक्छ । कलाकार बिरामी भयो भने काम रोकिन्छ । मैले कलाकारको स्वास्थलाई ख्याल राखेर किचन चलाएँ । तर, बिरामी कलाकारलाई जाउलो बनाएर दिँदा जेठादाइले अरूलाई स्पेसल बनाएर दियो भन्ने आरोप लगाउँथे ।'

फिल्मको सुटिङमै खाना पकाउन सिकेका जेठादाइलाई कुन कलाकारले के खान्छन्, के खाँदैनन् भन्ने धेरै जानकारी छ । कलाकारको स्वादसँग जेठादाइ जानकार छन् । निर्देशक तुलसी घिमिरे र अभिनेता श्रवण घिमिरे उनले पकाएको खाना घरकैजस्तो मिठो मान्थे । जेठादाइले अभिनेता राजेश हमाललाई पनि खाना खुवाएका छन् । ०५१-५२ सालतिरको कुरा हो । 'आफ्नो बिरानो' फिल्मको सुटिङ झापाको एउटा गाउँमा भइरहेको थियो । फिल्मका लागि राजेश हमाल पनि केही दिन झापामै बसे । राजेशलाई अरू वेला बाहिरबाट खाना आउँथ्यो । तर, त्यसवेला उनलाई पनि जेठादाइले खाना खुवाए । 'राजेश दाइले पहिले नै मलाई दालमा मसला नहाली निकाल्दिनू भन्नुहुन्थ्यो । मैले उहाँका लागि मसला नहाली निकालिदिन्थेँ ।'

राजेश हमाल गाउँतिर जाँदा कुखुराको मासु खाना मन पराउने उनी सुनाउँछन् । जेठादाइ भन्छन्, 'सुटिङकै दौरान राजेश दाइलाई कुखुराको मासु खान मन लागेछ । त्यसपछि गाउँबाट कुखुरा खोजेर ल्याएँ । नुन र जिरा मात्रै हालेर सिंगै कुखुरा उसिनेँ । उहाँले एउटा फिला मात्रै खानुभयो, बाँकी अरूले खाए ।'

जेठादाइले पकाएको खाना मन पराउने अर्का अभिनेताद्वय हुन्- भुवन केसी र शिव श्रेष्ठ । 'दुई थोपा आँसु', 'दक्षिणा' र 'ठुल्दाइ' फिल्ममा जेठादाइ नै भान्से थिए । द्वन्द्व निर्देशक राजेन्द्र खड्गीले जेठादाइले पकाएको खाना घरकै मानेर खान्थे । कलाकार गोपाल भुटानीको बानी उस्तै थियो । 'गोपाल दाइ र मेरो निकै राम्रो दोस्ती थियो,' जेठादाइ भन्छन्, 'उहाँ र मेरो काम गर्ने तरिका पनि उस्तै थियो । उहाँलाई भोक लागेको मलाई थाहा हुन्थ्यो । त्यसपछि खाना खाऊँ भन्थेँ ।'

अभिनेताहरू श्रीकृष्ण श्रेष्ठ, निखिल उप्रेती, दिलिप रायमाझी, विराज भट्ट, आर्यन सिग्देलगायतले उनको खाना मिठो मानेर खाए । अग्रज अभिनेताहरू मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, निर शाह, टीका पहाडीलगायत पनि उनले बनाएको खानाको पारखी थिए ।

जेठादाइको अनुभवमा फिल्म सुटिङमा समय एकदमै महत्त्वपूर्ण हुन्छ । उनले समयमै खाना बनाएर खुवाएका छन् । 'कसैको कारणले सुटिङ रोकिन हुँदैन । समयमा चल्नुपर्छ,' उनी सुनाउँछन्, 'स्वयम्भूमा खाना पकाएर नगरकोटसम्म पुऱ्याएको छु ।'

'बाँसुरी', 'लाहुरे', 'अन्याय'मा काम गरेपछि उनी कालेबुङ फर्किनन् । उनको परिवार उतै छन् । यता उनी एक्लै बस्छन् । भन्छन्, 'म ०४७ सालदेखि काठमाडौंको लाजिम्पाटमा सय रुपैयाँमा कोठामा बस्थेँ । केही वर्षयता असनमा सरेको छु । एक्लो जीवनमा रमाइलै छ । जीवनमा जे काम गरेँ, यसमा कुनै गुनासो छैन ।'

प्रस्तुति : **पवन बराइली**


सहर झर्दा



• **नारदमणि हातंम्छाली**, कुलपति
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

...त्यसपछि गाडी देख्यो कि भाग्न थालेँ

ढाकरमा सुन्तला बोकेर अरुण नदीको किनारै-किनार अक्करे भिरको बाटो हुँदै पहिलोपटक धरान सहर झर्दै



भोजपुरको झ्याउँपोखरी भिरगाउँमा जन्मिएँ, हुर्किएँ । हाम्रो गाउँलाई चारैतिर पहाडले घेरेको छ । त्यसैले गाउँको नाम पनि भिरगाउँ राखिएको होला । भिरालो पाखोमै बस्ती छ । त्यतिवेला २०-२५ वटाजति घर थिए । बारीमा सुन्तला खेती हुन्थ्यो । हामीले पनि सुन्तलाखेती गरेका थियौँ । सुन्तला बिक्री गर्न धरान बजार झर्नुपर्थ्यो । गाउँबाट मान्छे सुन्तलासँग नुन साट्न धरान बजार आउँथे । बुबा-आमाले सुन्तला बेच्न छोराछोरीलाई धरान पठाउँथे । सुन्तला बेचेको पैसाले नुन र मट्टीतेल किन्नुपर्थ्यो । बाँकी रहेको पैसाले लुगाजुत्ता किन्न पाइन्थ्यो । त्यसवेला नयाँ लुगा लगाउँन र सहर हेर्ने रहर हुन्थ्यो ।

२०३० साल तिरको कुरा हो । म, दुईजना दाजु र काकासँग सुन्तला बेच्न धरान आउने कुरा भयो । नयाँ लुगा लगाउने र सहर हेर्न पाइन्छ भन्ने खुसीले होला अघिल्लो रात निद्रै लागेन । रातभरि धरानबजार कस्तो होला भन्ने कल्पना गरिरहेँ । धरान आउन दुई-तीन दिनअघिदेखि तयारी गर्नुपर्थ्यो । बाटोलाई खाजा सामल बोक्नुपर्थ्यो । त्यसवेला सडक थिएन । गाउँबाट धरान पुग्नलाई सात दिन लाग्थ्यो । बाटोमा वास बस्ने होटेलहरू कहाँ हुनु । ढाकरमा सुन्तलाको भारी बनाइयो । मेरो ढाकरमा चाहिँ बाटोमा खाने खाजा-सामल र ओड्ने-ओछ्याउने थियो । सुन्तलाचाहिँ थोरै बोकेको थिएँ ।

त्यसपछि बिहान झिसमिसेमै उठेर हिँड्नुपर्थ्यो । अरुण नदीको किनारैकिनार अक्करे भिरको बाटो हिँड्नुपर्थ्यो । बाटोमा खाना पकाएर खानालाई भाँडाकुँडा बोकेका हुन्थ्यौँ । अक्करे भिर हिँडेको अझै याद आउँछ । ढाकर जोगाएर हिँड्नुपर्थ्यो । ५-६ दिनमा चतरा पुगियो । तल्लो बाटो हिँडेका थियौँ । दुई-तीन रात बगरमा सुतेर हिँड्नुपर्थ्यो । त्यसवेला संसार बेग्लै हुन्थ्यो । हामी बाटोमा गीत गाउँदै हिँड्थ्यौँ । अर्को गाउँको वास बसेका मान्छेहरूले पनि गीत गाउँथे ।

पानी भएको ठाउँमा वास बस्नुपर्थ्यो । झोलुंगे पुल हुँदैनथ्यो । ठुलो खोलामा जँघार तर्नुपर्थ्यो । कुनै ठाउँमा मात्रै बाँसको फड्के बनाएको हुन्थ्यो । ढाक्रेहरू त्यही फड्केबाट नदी तर्थे । धरान आइपुग्न तीन-चारवटा खोला तर्नुपर्थ्यो । कतिपय खोला तर्न गाह्रो हुन्थ्यो । कम्मरमाथिसम्म पानी आउँथ्यो । खोलाले कतिजनाको सुन्तलाको ढाकर नै बगाउँथ्यो । ज्यान बल्लबल्ल जोगिन्थ्यो । खोला तर्दा सीधै तर्न सकिँदैनथ्यो । छड्के भएर तर्नुपर्थ्यो । उँभो फर्किएर खोला तर्नुपर्थ्यो । बाटो सजिलो थिएन । नाक ठोक्किने उकालो हिँड्नुपर्थ्यो । भिरमा डाक्रेहरू हिँड्नलाई गोरेटो बाटो बनाइएको हुन्थ्यो । त्यही बाटोबाट ज्यान जोगाएर हिँड्नुपर्थ्यो ।

त्यसवेला चौतारीमा वास बसिन्थ्यो । बाटोमा उखु किनेर खाइन्थ्यो । उखु त्यसवेला ढाक्रेहरूका लागि चियाजस्तो थियो । चिया खाने चलन थिएन । कहिलेकाहीँ चामलसँग तरकारी पनि साटिन्थ्यो । सिद्रा माछा पनि दिइन्थ्यो । यात्रा गर्दा बाटोमा होटेल थिएनन् । बाटोमा सिद्रा माछासँग उखु साटिन्थ्यो । एक लाँक्रो उखुले खाजा टर्थ्यो । त्यसवेला बिक्री गर्नेभन्दा पनि साट्ने चलन थियो ।

गाउँबाट धरान पुग्नलाई सातदेखि १० दिन लाग्थ्यो । बर्खाको समय हिँड्न सकिँदैनथ्यो । बर्खा सकिएपछि मात्रै बजार जान्थ्यौँ । नत्र खोला तर्न सकिँदैनथ्यो । बर्खा लाग्नुअघि र सुन्तला पाकेपछि मात्रै हामी धरान जान्थ्यौँ । त्यसवेला हाम्रो गाउँलेजीवन निकै कष्टकर थियो । तर, धरान बजार जानुपर्छ भनेपछि भारी बोक्नुको दुःख सबै हराउँथ्यो । छुट्टै रमाइलो हुन्थ्यो । फुर्ती नै अर्को हुन्थ्यो । रमाइलो बजार हेर्न पाइने । लुगा लगाउन पाइने, बजारको बिस्कुट खाना पाइने त्यो लोभ लाग्थ्यो । अर्को धरानमा उज्यालो बत्ती देख्न पाइने । सहर हेर्ने रहरले बाटोको दुःख सबै छोपिन्थ्यो ।

त्यसवेला सहर हाम्रो कल्पनाभन्दा बाहिरको कुरा थियो । घरबाट वरिपरि भिर मात्रै देखिन्थ्यो । त्यस्तो ठाउँमा हुर्किएको मान्छे सहर जान पाउनु हाम्रा लागि ठुलो कुरा थियो । सहरमा कस्तो मान्छे हुन्छन् त्यो पनि थाहा थिएन । गाउँतिर मान्छेहरूले सहरमा गाडी हुन्छ भनेको सुनेको थिएँ । हामी धरानमा साँझ परेपछि पुग्यौँ । सहरमा झिलिमिली

> केही समयपछि बागबजारको आर्ट पसलमा काम गर्न थालेँ । महिनाको चार सय रुपैयाँ दिन्थ्यो । चार महिना काम गरेँ । तलब तीन महिनाको पनि पूरा दिएन । बरु उसले आफैँले चलाउने साइकल पो दियो । तलबको सट्टा साइकल पाएपछि म त्यही साइकल चढेर सहरमा काम खोज्दै हिँड्न थालेँ ।

साप्ताहिक राशिफल

२२ **मंसिर** (शनिबार)
२८ **मंसिर** (शुक्रबार)



• **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । **मो** : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिहरूसँगको सहकार्यमा रोकिएका काम अगाडि बढ्नेछन् । वैदेशिक भ्रमणको अवसर जुर्ने योग रहेकाले यात्रा सफल हुनेछ । स्थानान्तरणको योग बनेकाले स्थान परिवर्तन गर्दा शुभ हुनेछ । नाफा हुने गरी लगानी गर्दा फाइदा पुग्नेछ । सातको अन्त्यमा धन खर्चको योग छ । सामाजिक कार्यमा लागे मनमा आनन्दको अनुभूति हुनेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

मुद्दा-मामिलामा पनि विजयी भइनेछ । धार्मिक यात्राको योग छ । यात्राका क्रममा हुने अवरोध बिस्तारै हट्दै जानेछन् । नयाँ योजना समयमै पूरा हुनेछन् । विश्वासको वातावरण बन्नेछ भने सम्बन्धमा केही असजिलो परिस्थिति बन्ने देखिन्छ । वैदेशिक यात्रामा सोचेअनुसार सफलता मिल्नेछ । सातको अन्त्यमा उठ्नुपर्ने रकम उठ्नेछ । भाग्यले साथ दिनेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मनोरञ्जनपूर्ण वातावरण बन्नाले मनमा शान्तिको अनुभूति हुनेछ । पढाइलेखाइमा सामान्य प्रगति हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । पेटको खराबीले स्वास्थ्य कमजोर रहला । व्यावसायिक काम अवरुद्ध बन्न सक्छ । साताको अन्त्यमा नयाँ सवारी साधन खरिद-बिक्रीको योग छ । नयाँ सम्बन्ध अगाडि बढ्ने योग छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

न्यायिक निर्णयबाट सोचेअनुसार सफलता मिल्नेछ । मायाप्रेममा धोका तथा विश्वासमा कमी हुन सक्ने हुँदा विशेष ध्यान पुऱ्याउनुपर्नेछ । उद्योग तथा व्यवसायमा लगानी गर्नेका लागि सोचेअनुसार सफलता मिल्नेछ । लामो लाभदायक यात्राको योग रहेकाले यात्रामा सफलता मिल्नेछ । साथीहरूले सोचेअनुसार साथ र सहयोग दिनेछन् ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । शुक्रबारपछि साथीभाइ र नातेदारबाट उपयोगी सल्लाह र सहयोग प्राप्त हुनेछ र राज्यपक्षबाट लाभ प्राप्त हुनेछ । नयाँ कार्यको थालनीसमेत हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

घरपरिवारबाट पूर्ण सहयोग प्राप्त हुनेछ । सानो प्रयासले रोजगारीको राम्रो अवसर हात पर्न सक्छ । सरकारी जागिरेका लागि प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ । कुनै अप्रत्याशित काममा सहयोग गर्नुपर्ने देखिन्छ । धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नुपर्नेछ । रोकिएका काम बन्नेछन् । पठन-पाठनमा प्रगति हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यापारबाट सोचेजस्तै सफलता प्राप्तिको योग छ । पशु-व्यवसाय र कृषिपेसाबाट सन्तोष मिल्नेछ । नोकरी र सामाजिक क्षेत्रबाट मानसम्मान प्राप्त हुनेछ । गरेका कामबाट सन्तुष्ट हुने योग छ । साताको अन्त्यमा नियमित व्यवसायबाट राम्रो फाइदा हुनेछ । गुमेको वा सापटीमा गएको धन फिर्ता आउने योग छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

स्थानान्तरण र टाढाको यात्रा हुने सम्भावना छ । प्रतिष्ठित व्यक्तिसँग प्रतिस्पर्धा हुनेछ । मिहिनेत गर्दा पछिका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ । विशिष्ट व्यक्तिको सहयोगमा प्रतिष्ठित जिम्मेवारी हात पार्न सफल भइनेछ । महत्त्वपूर्ण व्यक्ति भेट्ने अवसर जुट्नेछ । आफूभन्दा वरिष्ठ व्यक्तित्व अथवा पर्यवेक्षकका साथमा अति सुमधुर सम्बन्ध कायम रहनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । गरेका कामबाट प्रशस्त लाभ हुनेछ । श्रमको उचित मूल्यांकन हुने देखिन्छ । नयाँ ज्ञान प्राप्त हुने योग छ । आर्थिक पक्ष सबल रहने योग छ । बुधबारदेखि आफन्तबाट टाढिनुपर्नेछ व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । अवसरका लागि कडा परिश्रम गर्नुपर्ला । लगानी सुरक्षित हुने वातावरण बन्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने धन आर्जनका बाटाहरू खुल्नेछन् । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायको लगानीले मनग्गे धनलाभ हुनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् । नयाँ काम प्रारम्भ गर्ने समय छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

नयाँ कार्यको थालनी हुनेछ । नोकरी तथा व्यवसायबाट सोचेअनुसार लाभ मिल्नेछ । नयाँ योजना प्रारम्भ गर्न सकिने योग रहेको छ । आयआर्जनका विविध बाटा फेला पर्नेछन् । आँटेका कामको लगानी पनि अरूका लागि खर्च हुने संकेत देखिएको छ । सरसापटमा धन बाहिरिने हुँदा विशेष सावधानी अपनाउनुपर्नेछ । नयाँ योजना सफल हुनेछन् ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

घरमा मांगलिक कार्य हुनेछ । इष्टमित्रहरूले साथ र सहयोग गर्नेछन् । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर थमाउनेछ । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ । धैर्यले कामको तारिफ गर्नेछन् । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । साताको अन्त्यमा नयाँ जिम्मेवारी प्राप्तिको योग छ ।

समीक्षा



• **प्रदीप सापकोटा**

रेजिना पाण्डेको कथासंग्रह 'अस्तित्व' हात पऱ्यो । सर्सर्ती पढेँ । १७ वटा कथा रहेछन् । पतिपत्नीबिचका सम्बन्ध र पुरुष एवं महिलाका मनोविज्ञानका कथाको बाहुल्य भएका कथा स्वाभाविक देखिए । प्रस्तुतिमा रोचकता पाएँ । महिला विभिन्न पात्र, घर, नाता सम्बन्ध, कार्यालय आदिका परिवेशवरपर रहेर कथा सिर्जना भएका रहेछन् । प्रवृत्तिगत रूपमा हेर्दा वर्तमान समसामयिक समाजको यथार्थलाई कथाहरूले सत्यापन गरेका छन् । यसमा समावेश अधिकांश कथा महिलावादी छन् । कतिपय कथा पुरुषको मनोविज्ञानलाई बुझ्नेर लेख्ने प्रयास गरेको छ । जुन महिलामार्फत प्रस्तुत भएको पाइन्छ ।

कथाहरू आदर्शवादभन्दा यथार्थवादसँग सन्निकट देखिन्छन् । यसमा कुनै-कुनै कथामा समाजका तथाकथित आदर्श भत्काउन खोजिएकोझैँ लाग्छ । समाजका

> धरानमा सुन्तलाको भारी बोकेर हिँड्दै थियौं । अगाडिबाट हात्तीजस्तो केही आउँदै गरेको देखें । त्यो मतिर नै आएजस्तो लाग्यो । लौ हात्ती नै पो आयो भनेर म त भागें । काकाहरूले गाडी भनेको यही हो, नभाग् भन्नुभयो । म छक्क परें ।



बत्ती देख्दा अचम्म लाग्यो । घरमा मट्टीतेल टुकी बालेर, मकैको ढोड बालेर बसिन्थ्यो । मलाई पहिलोपटक धरानको झिलिमिली बत्ती देख्दा अर्कै देशमा पुगेजस्तो लाग्यो ।

धरानमा सुन्तलाको भारी बोकेर हिँड्दै थियौं । अगाडिबाट हात्तीजस्तो केही आउँदै गरेको देखें । त्यो मतिर नै आएजस्तो लाग्यो । लौ हात्ती नै पो आयो भनेर म त भागें । काकाहरूले गाडी भनेको यही हो, नभाग् भन्नुभयो । म छक्क परें । तर, त्यो मान्छे चढ्ने जिप रहेछ । त्यसवेला मैले गाडी र हात्ती छुट्याउन सकिनँ । म त गाडी देख्यो कि भाग्न थालें । काकाहरूले आउँदैन नभाग् भन्नुहुन्थ्यो । मलाई गाडी कस्तो हुन्छ ? भन्ने थाहा थिएन ।

त्यतिवेला धरानमा पाथीको हिसाबले सुन्तला बेचिन्थ्यो । घिउसँग नुन साट्ने चलन थियो । गाउँबाट एक ढुंग्रो घिउ ल्याउँदा दुई-तीन ढुंग्रो नुन दिन्थे । पैसामा किन्ने-बेच्नेभन्दा पनि वस्तु साटासाट गर्ने चलन थियो । गाउँबाट ल्याएको कुराउनीसँग पनि नुन साटिन्थ्यो । कतिपयले नुन र सुन्तला पनि साट्थे । ढिकेनुन पाथीको हिसाबले साटिन्थ्यो । सुन्तला पैसामा कहिलेकाहीं मात्रै बिक्री गरिन्थ्यो । त्यसवेला एक माथि सुन्तलाको ५० पैसादेखि एक रुपैयाँसम्म पर्थ्यो । सुन्तला बेचेको पैसाले घरका लागि नुन किनिन्थ्यो । बाँकी पैसाले आफूलाई लुगा र जुत्ता किनिन्थ्यो । त्यो वेला बुक्के चप्पल खुब चल्तीमा थियो । गाडीको टायर काटेर बनाएको त्यो चप्पल महिनौंसम्म खप्थ्यो । मलाई धरानभन्दा अर्को संसार छैन होलाजस्तो लाग्थ्यो । पछि मधेशका केही ठाउँहरू पुगें । त्यसपछि धरानभन्दा अर्को ठाउँ पनि रहेछ भन्ने लाग्यो ।

गाउँबाट धरान थुप्रै डाँडाहरू काट्दै आइपुगिन्थ्यो । गाउँ बिस्तारै हराउँदै जान्थ्यो र सहरको गन्ध आउन सुरु गर्थ्यो । अब धरान सहर आउन लाग्यो भनेपछि मन फुरुंग हुन्थ्यो । मैले पहिलोपटक सहर देखेको धरान हो । धरानबाट तीन-चार पाथी नुन बोकेर घर फर्केको छु ।

०००

आठ-नौ वर्षको हुँदा एक कक्षामा पढ्थें । स्कुलको छानो चुहिन्थ्यो । परालको मुठाले छानो टाल्नुपर्थ्यो । बस्ने बेन्च हुँदैनथ्यो । ढुंगामाथि स्याउला छापेर बसिन्थ्यो । त्यसरी दुई कक्षासम्म पढें । त्यसवेला गाउँमा पाँच कक्षासम्मको स्कुल थियो । स्कुलका लागि बाँस, ढुंगा बोक्नुपर्थ्यो । जसोतसो पाँच कक्षासम्म पढ्न पाएँ । ६ कक्षा पढ्न अर्को स्कुल थिएन । स्कुल नभएपछि चार-पाँच वर्ष बरालिएँ । गाउँमा खेताला जाने काम गरें । बजारमा गएर गीत गाउने, घरमा चित्रा बुन्ने, फुड्लो बुन्ने, भकारी, डोको, नाम्लो, दाम्लो बुन्ने काम गर्न थालें । हलो, जुवा बनाउने काम गरें । घरको चाहिने सबै काम आफैं गरें । बिनायो बाजा बनाएर बिक्री गर्थें । त्यसवेला एउटा बिनायो बेचेर एक रुपैयाँ आउँथ्यो । आठआना पैसाले बजारमा पेटभरि खाना पुग्थ्यो ।

गाउँमा पढ्न नपाएपछि रन्थनिँदै धरान झरें । दुई वर्षजति गाडीको खलासी भएर काम गरें । त्यसपछि गाउँमा स्कुल आयो भन्ने खबर पाएँ । गाउँ फर्किएर सात कक्षा भर्ना भएँ । मेरो उमेर धेरै भइसकेको थियो । तर, पढ्नुपर्छ भन्ने लाग्यो र पढिरहें ।

२०३३ सालतिरको कुरा हो । म एसएलसीपछि धरान पढ्न आएँ । पढ्दै गर्दा लक्ष्मीप्रसाद देवकोटाको माटोको मूर्ति बनाएँ । त्यसपछि मैले अरू धेरै चित्र बनाएँ । मेरो कला देखेर साथीहरूले हौसला दिए । त्यसपछि कलाप्रति आकर्षण बढ्यो । गाउँमा हुँदा खरी र अँगारले भित्तामा चित्र बनाउँथे । धरानमा कागजमा चित्र बनाउन पाएँ । बिस्तारै गितार पनि बजाउन सिकें । त्यसपछि कलासाहित्यसँगै राजनीतिमा पनि सक्रिय भएँ ।

०३८ सालमा काठमाडौं आएँ । काठमाडौं आएपछि मेरो फेरि अर्को संघर्ष सुरु भयो । धरानको अनुभवले केही सजिलो हुन्छ होला भन्ने सोचेको थिएँ । तर, काठमाडौंमा बाँच्न झनै गाह्रो भयो । काठमाडौंमा ललितकला विषय पढ्छु भनेर आएको थिएँ । तर, पैसा थिएन । काठमाडौंमा काम खोज्न थालें । दिउँसो काम गरेर राति पढ्ने सोच राखेको थिएँ । तर, रातिको क्याम्पस रहेनछ । धरानबाट केही पैसा लिएर आएँ । साथमा पेन्टिङ गर्ने ब्रस र एसएलसीको प्रमाणपत्र लिएर आएको थिएँ । काठमाडौंमा चिनेको कोही थिएन । वास बस्न न्युरोड पिपलबोटको होटेलमा गएँ । केही दिन होटेलमै बसें । काठमाडौंमा काम गर्दै जसरी नि पढ्नु थियो । हनुमानढोकानजिकै बल्लबल्ल डेरा पाएँ । त्यहाँ डेढ महिनाजति एक्लै बसें । महिनाको ५० रुपैयाँ तिर्नुपर्थ्यो ।

डेरा पाएपछि अब दिउँसो काम गर्छु, बेलुकी कलेज पढ्छु भन्ने सोचें । तर, बेलुकाको कलेज नहुँदो रहेछ । एक वर्षचाहिँ नपढ्ने योजना बनाएँ । पैसा जम्मा गरेर दिउँसो पढ्छु भन्ने लाग्यो । रात्रिकालीन सिफ्टमा रत्नराज्य क्याम्पसमा भर्ना भएँ । दिउँसो काम खोजेर हिँड्थें । घरको भित्तामा टाँसिएको होडिङ बोर्ड हेर्दै हिँड्थें । बोर्डमा कामको विज्ञापन भेटिन्छ कि भनेर धेरै खोजें । तर, जति खोजे पनि काम नपाइने । त्यसपछि भक्तपुरको इँटा भट्टामा काम गर्न गएँ । त्यहाँ पनि काम गर्न दिएनन् ।

धरानमा हुँदै प्रगतिशील क्षेत्रमा सक्रिय भइसकेको थिएँ । पत्रपत्रिका पढ्थें । त्यसले गर्दा अलि सचेत भइसकेको थिएँ । कम्युनिस्ट विचारप्रति आस्था बढेको थियो । कोठानजिकै एउटा प्रेस रहेछ । त्यो प्रेसमा पत्रिका छापिन्थ्यो । मलाई त्यसवेला पत्रिका र किताब पढ्न मन लाग्थ्यो । तर, किताब पत्रिका किनेर पढ्न पैसा हुँदैनथ्यो । भात खान पनि मुस्किल हुन्थ्यो । प्रेसमा काम गर्दा पढ्न पाइन्छ र पैसा पनि आउँछ भन्ने आशा जाग्यो । त्यसवेला कम्प्युटर थिएन । अक्षरको टुक्राटुक्रा जोडेर कम्पोजिटर बनाएर छापिन्थ्यो । त्यो विधिबाट पत्रिका छापिन्थ्यो । एक महिना काम सिकें त्यही काम गर्न थालें । महिनाको ४७ रुपैयाँ पाउँथें । प्रिन्ट गरेको मदर कपीको रफ कपी डस्टबिनमा फ्याँक्थ्यो । त्यही फ्याँकेको रफ कपी निकाल्दै पढ्थें । त्यो डस्टबिनको पत्रिका पढेको प्रेसको मालिकले थाहा पाएछन् । त्यसपछि मलाई पञ्चायतको जासुस रहेछ भन्ने सोचेछन् । दुई-तीनपटक पढेको देखेपछि मलाई झन् केरकार पार्न थाले । निकै शंका गरेपछि मलाई कामबाट निकालियो ।

त्यसपछि फेरि कामको खोजीमा भौंतारिएँ । बानेश्वरमा एउटा घर बन्दै थियो । त्यहाँ घर बनाउने काम गर्न गएँ । घर बनाउने काम गर्दा दिनको ३० रुपैयाँ पाइन्थ्यो । दुई दिन काम गरें । मेरो खुट्टामा काँटी छिऱ्यो । त्यसपछि थला परें । काम गर्न सकिनँ । घरबाट ल्याएको पैसा पनि सकिनथालेको थियो । अब के गर्ने ? म निकै ठुलो फसादमा परिसकेको थिएँ ।

त्यसवेला बागबजार सुनसान हुन्थ्यो । अहिलेजस्तो बाक्ला घर थिएनन् । पुतलीसडक कालिकास्थानतिर पानीको दह थिए । पुतलीसडक र बागबजारतिर म दिनभरि कामको खोजीमा पैदल हिँड्थें । बेलुकाचाहिँ पढ्न क्याम्पस जान्थें । त्यतिवेलासम्म क्याम्पस भर्ना गरिसकेको थिएँ । दिनभरि कामको खोजीमा हिँड्दाहिँड्दै ज्यान थाकेर फतक्कै हुन्थ्यो । दिउँसो काम खोजेर हिँड्थें । जसोतसो जीवन चल्दै थियो । अब यसरी चल्दैन भन्ने सोच आयो । मसँग धरानबाट ल्याएको चित्र कोर्ने ब्रस थियो । अब पेन्टिङ गर्छु भन्ने सोच आयो । एउटा क्यानभास ल्याएर कोठामा सगरमाथाको पेन्टिङ बनाएँ । त्यो पेन्टिङ न्युरोडको एउटा पसलमा लगेर ७५ रुपैयाँमा बिक्री गरें । त्यतिवेला विदेशीले सगरमाथाको चित्र किन्थे । त्यसपछि सोख र भोक यसैले मेट्छ भन्ने लाग्यो । सडकमा साइनबोर्डको डिजाइन हेर्दै हिँड्न थालें । घरमा आउँदै बनाउन थालें । केही समयपछि बागबजारको आर्ट पसलमा काम गर्न थालें । महिनाको चार सय दिन्थ्यो । चार महिना काम गरें । तलब तीन महिनाको पनि पूरा दिएन । बरु उसले आफैंले चलाउने साइकल पो दियो । तलबको सट्टा साइकल पाएपछि म त्यही साइकल चढेर सहरमा काम खोज्दै हिँड्न थालें ।

प्रस्तुति : **पवन बराइली**

मामाले भन्नुभयो- एउटा रेडियो ल्याइदे न



दमननाथ ढुंगानाको जीवन, संघर्ष र उपलब्धि मात्र एक व्यक्तिको कथा होइन, यो नेपाली लोकतन्त्रको एउटा जीवन्त गाथा हो । ०४८ को वैशाखदेखि उहाँसँग बिताएका क्षणहरूले मलाई एउटा विद्यार्थी र सहकर्मी दुवैका रूपमा शिक्षित गऱ्यो । मेरी आमा इन्दुको उहाँ दाजु भएकाले उहाँ पारिवारिक रूपमा मेरो मामा हो । राजनीतिक रूपमा म उहाँको सहयोगी हुँ । यहीकारण, जीवनको अन्त्यसम्म पनि म उहाँको साथमा थिएँ । उहाँको हँसिलो मुहार, स्पष्ट विचार र अडिग संकल्प मेरा लागि सधैं प्रेरणाको स्रोत रहनेछ । उहाँसँग बिताएका धेरै अमूल्य पल अहिले झल्झली स्मृतिमा आइरहेका छन्, सधैं आउनेछन् । २ मंसिरको त्यो दिनले मेरो जीवनमा एउटा गहिरो खालीपन छोडेको छ ।

दमननाथ ढुंगाना नेपाली राजनीतिमा एउटा शालीन र अडिग व्यक्तित्व । पूर्वसभामुख, अग्रगामी नेता र विचारशील मार्गदर्शकका रूपमा उहाँले जसरी देश र जनताको सेवा गर्नुभयो, त्यो सदा स्मरणीय छ । उहाँसँग बिताएका मेरा व्यक्तिगत अनुभवले मलाई नेपाली राजनीति र मानवता बुझ्न अझै गहिरो दृष्टिकोण प्रदान गऱ्यो ।

'नेतृत्व भनेको मात्र आदेश दिने होइन, आफूले जिउने बाटो हो,' उहाँ भन्नुहुन्थ्यो । ०४८ को वैशाखदेखि उहाँसँगको सहयात्राको साक्षी बनें । जसले मलाई व्यक्तिगत रूपमा र विचारधाराका हिसाबले समृद्ध बनायो । उहाँसँग फराकिलो राजनीतिक चेत थियो । विपक्षीप्रति पनि उदार हुनुहुन्थ्यो । उहाँको कार्यकाल सकिएपछि मध्यावधि चुनावमा उम्मेदवारी दर्ता गरेर फर्कदै हुनुहुन्थ्यो । म चारतारे झन्डा बनाउँदै थिएँ । मेरा साथी पुष्कर शाह भने हँसिया-हथौडा अंकित झन्डा बनाउन तल्लीन थिए । उहाँले पुस्कारलाई भेटेर 'क्याबात् पुस्कर' भन्दै बधाई दिनुभयो ।

पासाङ ल्हामु शेर्पा र मदन भण्डारीको निधन एकै समयमा भयो । देशले मदनलाई मात्रै सम्झिएजस्तो वातावरण थियो । पासाङ पनि उत्तिकै सम्मानको हकदार छिन् भनेर उहाँले राष्ट्रिय विभूति घोषणा गर्न भूमिका खेल्नुभयो ।

मेरी आमा इन्दु बाल्यकालमै विवाहबन्धनमा बाँधिनुभएको थियो । हाम्रो बाल्यकालको धेरै समय मामाघरमा बित्यो । हजुरबुबा केदारनाथमा राजनीतिक चेतना उच्च थियो । उहाँ जीवनको उत्तरार्धमा पनि राजनीतिकै चिन्ता गर्नुहुन्थ्यो । उहाँलाई पक्षघात भएपछि हजुरआमा लक्ष्मीदेवीले उहाँको सेवामा जुन समर्पण देखाउनुभयो, त्यो आज पनि मेरो स्मृतिमा झल्किरहन्छ ।

मामा पटक-पटक जेल बस्नुपरेकाले माइजू भुवन ढुंगानाले पनि निकै दुःख पाउनुभयो । तर, निरन्तर साथ दिनुभयो । उहाँको साहित्यमा रुचि थियो । हामी भान्जा-भान्जीलाई निकै माया गर्नुहुन्थ्यो । हामी सानो छँदा कथा सुनाउनुहुन्थ्यो ।

मामाघरमा आर्थिक अभाव भए पनि दमननाथले राजनीति र वकालतलाई सँगसँगै अघि बढाउनुभयो । सानो मामाको विवाह भोजमा नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला आउनुभएको मलाई झल्झली सम्झना छ । उहाँको आगमनले वातावरण निकै रमाइलो बनेको थियो । त्यसपछिका दिन बिपीका लागि निकै सकसपूर्ण रहे । दमननाथ पनि बारम्बार जेलमा पर्नुहुन्थ्यो । जेलमै बिरामी परेपछि उहाँलाई वीर अस्पताल भर्ना गरिएको थियो । उहाँलाई भेट्न आमाले मलाई पनि लिएर जानुभएको थियो ।

मैले त्यतिवेलादेखि नै उहाँको जीवनलाई नजिकबाट नियाल्न पाएँ । दमननाथले आफ्नो प्रारम्भिक जीवनमा विद्यार्थी नेताका रूपमा टोल संरक्षकको जिम्मेवारी सम्हाल्नुभयो । साहित्यमा गहिरो रुचि भएका उहाँका फुटकर कविता विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका थिए । उहाँद्वारा रचित गीत 'यही हो नेपाल, नेपालीको घर' आजसम्म पनि नेपाली जनमानसमा गुञ्जिन्छ । पत्रकारको भूमिकामा उहाँ सदैव अब्बल रहनुभयो । उहाँको लेखन, विचार र वाक्शैली सधैं वजनदार र प्रभावशाली रह्यो ।

■ शान्ति प्रक्रियामा भूमिका

मामा नेपालको संविधान जनताप्रति जवाफदेही भएन भन्नेमा चिन्तित हुनुहुन्थ्यो । आफ्नो जीवनकालमा राजनीतिको कुनै क्षेत्र बाँकी राख्नुभएन । उहाँको नेतृत्वमा पासाङ ल्हामु शेर्पालाई राष्ट्रिय सम्मान दिने काम भयो । यसैले उहाँको योजना र दूरदर्शितालाई उजागर गर्छ । त्यसैगरी, माओवादी द्वन्द्वको चरम समयमै उहाँ आफ्नो स्वास्थ्यको पर्वाह नगरी हापुरे वार्तामा सहभागी हुनुभयो । हापुरे वार्ता असफल भए पनि उहाँले शान्ति प्रक्रियालाई निरन्तरता दिन अहं भूमिका निभाउनुभयो । नयाँ संविधानप्रति उहाँको असन्तुष्टि स्पष्ट थियो । उहाँका विचारमा, संविधानले जनतालाई जवाफदेहिता प्रदान गर्न सकेको छैन ।

सम्झना



● सुरज भट्टराई

> मामा दमननाथ भन्नुहुन्थ्यो, 'नेतृत्व भनेको मात्र आदेश दिने होइन, आफूले जिउने बाटो हो ।' ०४८ को वैशाखदेखि उहाँसँगै थिएँ । उहाँसँगको सहयात्राले मलाई व्यक्तिगत रूपमा र विचारधाराका हिसाबले समृद्ध बनायो । उहाँसँग फराकिलो राजनीतिक चेत थियो । विपक्षीप्रति पनि उदार हुनुहुन्थ्यो ।

८३ वर्षको उमेरमा पनि उहाँको सक्रियता र जोसले हामी सबैलाई प्रेरित गर्थ्यो । उहाँसँग बिताएका हरेक पलले मेरो जीवनमा मूल्यवान् पाठ दिए । गएको असोज २ गते बिहान पत्रकार ज्वाइँ नारायण वाग्लेको फोन आयो, 'सुरजजी तपाईंलाई दाजुले खोज्नुभाछ ।' मामालाई हामीले प्रायः दाजु भनेर सम्बोधन गर्ने गरेका थियौं । बहिनी सम्झनाको अचानक देहान्तपछि मामाघर नगएको धेरै भइसकेको थियो ।

त्यसपछि फोन गर्दा मामाले भन्नुभयो, 'तँ व्यस्त होलास् । मलाई एउटा एफएम रेडियो ल्याइदे न । कसैले ल्याउन सकेन, तैंले ल्याउन सक्छस् ?' अरूले गर्न नसकेका काम मैले गर्न सक्छु भन्ने विश्वास मामालाई थियो । अन्तिमसम्म पनि त्यो विश्वास कायम रहेछ ।

बजारभरि खोज्दा बल्ल पुरानो ढाँचाको कान घुमाउने रेडियो भेटें र लिएर गएँ । त्यसपछि उहाँलाई, 'कति बजे घर आऊँ भनेर फोन गरौं ।' बल्ल थाहा भयो, उहाँ त अस्पतालमा हुनुहुँदो रहेछ । मलाई देख्नेबित्तिकै उहाँले भन्नुभयो, 'दुई-चार दिन मलाई समय दिनू । अब चाँडै निको नहोला जस्तो छ । मसँग गोप्य रूपमा दिल्ली जाने तयारी गर ।'

छोरी डा. सुकेमल मसँगै थिइन् । उनैले भनिन्, 'पापाको त लगेज तयार छ, हजुरको लागि ज्यान हाजिर !' तीनवटा टिकट थियो, तर को-को जाने भन्ने तय भइसकेको थिएन । अन्त्यमा म र बहिनी नीतिका जाने भयौं । अस्पतालबाट सीधै एयरपोर्ट गइयो । चेकजाँचका क्रममा पो थाहा भयो, ८० काटेका मानिस विमान चढ्न डाक्टरको स्वीकृति चाहिने रहेछ । अन्त्यमा अस्पतालबाट सिफारिस ल्याएर उहाँलाई दिल्लीस्थित म्याक्स हस्पिटलमा पुऱ्याइयो ।

त्यहाँ उहाँलाई आकस्मिक कक्षमा राखियो । भोलिपल्ट डा. सुवास गुप्ताको टिमले उपचार सुरु गऱ्यो । नेपालमा डा. सुधांशुले गर्नुभएको एमआरआईकै आधारमा उपचार अघि बढाइएको थियो । त्यसपछि कलेजोमा देखिएको दागलाई टियर प्रविधिबाट निको बनाउने सल्लाह भएअनुसार उपचार गरियो ।

करिब दुई हप्ताको दिल्ली बसाइका क्रममा दसैंको टीकाभन्दा दुई दिनअघि उहाँले भन्नुभयो, 'तेरा छोरीहरूसँग दसैं त आउँदो वर्षमा पनि मनाउन पाउँछस् । मसँग त अन्तिम हो ।' हामी त कलेजोको उपचारका लागि दिल्ली गएका थियौं । उपचार पनि भयो । त्यसपछि हामी नेपाल आयौं । तर, उहाँको पहिलेदेखि नै छातीमा समस्या थियो, त्यो बल्झियो । त्यसको असर देखा पर्न थालेपछि खोक्न थाल्नुभयो । बिस्तारै गल्दै जानुभयो । त्यसपछि बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा भर्ना गऱ्यौं । म अस्पतालमा उहाँसँगै थिएँ । सुगर-प्रेसर आफैं चेक गर्थें । मंसिर २ गते बिहान म बत्तीसपुतली आउँदासम्म उहाँ सुतिराख्नुभएको थियो । म आफैंले प्रेसर चेक गरें । हाई थियो । 'एकछिन आराम गर्नुस्, एक घण्टामा फेरि प्रेसर हेर्छु' भनें । उहाँले प्यान र वाकर ल्याइदे भन्नुभयो । म अस्पतालबाट निस्किएर घर गएँ ।


एकाएक भाइ निशेषको फोन आयो, 'छिटो आइज दाजुलाई गाह्रो भयो ।' एकाएक उहाँ त कहिल्यै नआउने गरी सदाका लागि जानुभयो । म उहाँप्रति हार्दिक श्रद्धा व्यक्त गर्छु ।

'अस्तित्व'मा यौन मनोविज्ञानका कथा

प्रचलित मूल्य र मान्यतालाई अस्वीकार गरिएको संस्कृति पढ्न पाइन्छ र भन्न सकिन्छ, अलि-अलि विद्रोही चेत कथाकारमा छ । यौन मनोविज्ञानका सूक्ष्म मनोदशा छताछुल्ल पोखिएका कथा छन् । नारीका भावनाका त्याग, पुरुषका इच्छाभित्र पोखिनुपर्ने बाध्यता सबै विषयमा कथा छन् ।

पहिलो कथा संवादात्मक शैलीमा लेखिएको छ । जुन कार्यालयमा दुई कर्मचारीबिच महिला पुरुषको सम्बन्धको विषयमा खुलेर लेखिएको छ । जतिसुकै कुरूप भए पनि आफ्नो रगतको माया कति धेरै हुन्छ भनेर आमाछोरीको मायाप्रेममाथि कुरूप कथा बुनिएको छ । 'तेजाब' कथाभित्र आलिसान महल र वैभवभित्र पनि कुरूपता लुकेको हुन्छ, शोषणको खोला बगेको हुन्छ भन्ने कुरा देखाइएको छ । थुप्रै कथा यौनका विषयमा लेखिएका छन् । 'मुक्ति', 'सन्तुष्टि', 'भुल'लगायत कथा यौनकै पेरिफेरीमा अडेका छन् । यी महिलाको चेतन मनबाट जागृत हुने रतिरागका कथा लाग्छन् । कथाहरू स्वाभाविक छन् । दमित मनका इच्छाका बग्रेल्ती उच्छ्वास अभिव्यक्त भएका छन् । 'मन' कथा श्रीमान्को यौनचाहलाई जुनै पनि वेलामा पूरा गर्नपर्छ भन्ने भाव दर्साइएको कथा हो ।

कथाहरूले महिलाको बाध्यता बोल्छन् । सम्बन्धको खोतलखातल



> समाजमा महिला हुनुको पीडा, महिलाको तेहेरो भूमिकाको अवस्थालगायत महिलाको बाध्यात्मक नियतिको चित्रण कथाहरूले मज्जैले गरेका छन्

पनि गर्छन् । कथामा दमित महिलालाई प्रस्तुत गर्न सिपालु देखिएकी छिन् रेजिना । कल्पनाको उडानभन्दा कोसौं दूर यथार्थलाई कथाको विषय बनाउन सफल छिन् । पुरुषबाट महिलाले शारीरिक भोक मात्र होइन, हार्दिकता चाहेको हुन्छ भन्ने कुरामा जोड दिएर कथानकता बुन्न पनि उनी खप्पिस छिन् । महिलाका अनुभूतिलाई टिपेर मानसिक द्वन्द्व उजागर गर्ने उनको सार्थक प्रयास छ । सासू र बुहारीबिचको फरक सम्बन्धको कथा लाग्छ 'मनुमाया' ।

समाजमा महिला हुनुको पीडा, महिलाको तेहेरो भूमिकाको अवस्थालगायत महिलाको बाध्यात्मक नियतिको चित्रण कथाहरूले मज्जैले गरेका छन् । नेपाली समाज पुरुषप्रधान छ । यही समाजका नारीको सामाजिक, आर्थिक, व्यावहारिक, यौनिक, मानसिक अवस्था र त्योबाट सिर्जित पीडालाई कथामा व्यक्त गरिएका छन् । परम्परागत लेखनीलाई तोड्ने कथाकारको प्रयास देखिन्छ । कथाका विषयवस्तु नेपाली समकालीन समाजको परिवेश, यसभित्रका विभिन्न नाता-सम्बन्ध र यसको मूल्य-मान्यता वरिपरि घुमेका छन् ।

पात्रमार्फत दमित यौनभाव पस्कन सफल देखिएकी कथाकार यौनबारे खुलेर लेख्ने सामार्थ्य राख्ने सम्भावना बोकेकी कथाकार हुन् भन्न सकिन्छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



फोहोरको सदुपयोग

जैविक फोहोरलाई मल बनाउन र त्यसबाट बायोग्यास उत्पादन गर्न सकिन्छ



टेकु होल्डिङ सेन्टरमा फोहोरको वर्गीकरणको सम्भावना छ, जहाँ जैविक फोहोरलाई मल बनाउन र बायोग्यास उत्पादनमा प्रयोग गर्न सकिन्छ। टेकुमा बायोग्यास उत्पादनका लागि संयन्त्र पनि स्थापना गरिएको छ, तर सम्बन्धित अधिकारी त्यो संयन्त्र चलाउन असफल भएका छन्।

सहर



● डा. सौरभ भट्टराई

काठमाडौं उपत्यकामा फोहोर व्यवस्थापनको समस्या दिनानुदिन बढ्दै गएको छ। यहाँको बढ्दो जनघनत्वसँगै फोहोरको उत्पादन उच्च छ, जसले व्यवस्थापनमा थप चुनौती खडा गरेको छ। हाल उपत्यकाका विभिन्न स्थानमा ल्यान्डफिल साइटहरूको प्रयोग गरेर फोहोर व्यवस्थापन गरिँदै आएको छ। तर, यी साइटहरू उचित व्यवस्थापनको अभावमा जोखिमयुक्त अवस्थामा छन्।

फोहोर व्यवस्थापनमा वैज्ञानिक र व्यवस्थित उपाय अवलम्बन गर्न जरुरी छ। यसका लागि आधुनिक प्रविधि र सबै तहका नागरिकहरूको सहभागिता आवश्यक छ। ससाना बस्तीहरूदेखि नगरस्तरसम्मका योजनाहरूले मात्र दीर्घकालीन समाधान दिन सक्छ। यसबाहेक, जैविक फोहोरलाई मल उत्पादनमा र अन्य प्रकारको फोहोरलाई पुनः प्रयोग गरेर समस्याको समाधान खोज्न सकिन्छ। फोहोर व्यवस्थापनमा सबैको चासो र सक्रियता आवश्यक छ।

जब फोहोर व्यवस्थापनस्थल (ल्यान्डफिल साइट)सम्म पुगेको फोहोर कुहिन थाल्छ, तब त्यसबाट अन्यन्तै प्रदूषित तरल पदार्थ निस्कन्छ। जसलाई हामी लिचेट भन्छौं। जम्मा गरिएको फोहोरको प्रकार, त्यसमा भएको आर्द्रता, ल्यान्डफिल साइटमा भएको फोहोरको मात्रा, वर्षाको पानीको मात्रा आदिले लिचेट उत्पन्न तथा त्यसको भौतिक र रासायनिक विशेषतामा प्रभाव पारेको हुन्छ। महत्त्वपूर्ण कुरा, अर्गानिक फोहोरको व्यवस्थापन नै हो। जैविक फोहोरजस्तै घरबाट निस्कने खाद्यान्न, घाँस, कपडालगायत यसमा पर्छन्। लिचेटले फोहोरमा भएका विभिन्न प्रदूषक पदार्थ (कन्ट्यामिनेन्ट्स) आफूसँगै बगाएर लैजान्छ। यी प्रदूषित पदार्थहरू जैविक तथा अकार्बनिक गरी दुई प्रकारका हुन्छन्। जैविक पदार्थहरूमा उच्च मात्रामा सिओडी र बिओडीहरू समावेश हुन्छन् भने भारी धातुहरू, अमोनिया, नाइट्रजस्ता अकार्बनिक पदार्थ पनि लिचेटमा पाइन्छ। यी सबै पदार्थ अत्यन्तै हानिकारक र घातक हुन्छन्, जसले पानी र वातावरणीय स्रोतहरूलाई गम्भीर असर पुऱ्याउन सक्छ।

हाम्रो घर वा समूहमा हामीले थुपारेका फोहोर उठाएर गाडीहरूले होल्डिङ सेन्टरमा लगेर थुपार्ने गरेका छन्। होल्डिङ सेन्टरमा फोहोरको वर्गीकरणका लागि साधारण प्रविधिको प्रयोग गर्न सकिन्छ, जसले ल्यान्डफिल साइटमा पठाइने फोहोर र लिचेटको मात्रामा कमी ल्याउन सक्छ। हालको स्थितिमा, टेकु होल्डिङ सेन्टरमा फोहोरको वर्गीकरणको सम्भावना छ, जहाँ जैविक फोहोरलाई मल बनाउन र बायोग्यास उत्पादनमा प्रयोग गर्न सकिन्छ। टेकुमा बायोग्यास उत्पादनका लागि एक संयन्त्र पनि स्थापना गरिएको छ, तर सम्बन्धित अधिकारीहरूले यो करोडौं रुपैयाँको लागत भएको संयन्त्र चलाउन असफल भएका छन्। यसका कारण, सबै फोहोर र बनेको लिचेट ल्यान्डफिल साइटमा पठाइँदै आएको छ।

हामीले देखेका छौं, घर र अन्य स्थानबाट संकलित फोहोरलाई सुरुमा सहरका विभिन्न स्थान, विशेष गरी नदीको किनारमा जम्मा गरिन्छ, जहाँ व्यवस्थापन र नियन्त्रणको कुनै व्यवस्था हुँदैन। यस्ता स्थलहरूमा उत्पन्न भएको लिचेट सीधा नदीमा पठाइन्छ, जहाँ कसैले पनि ध्यान दिएको छैन। यस्ता स्थलमा केही व्यक्तिहरू प्लास्टिक र फलाम पुनः प्रयोगका लागि संकलन गर्दछन्, तर बाँकी सबै जैविक र अजैविक फोहोर मुख्य डम्पिङ साइटमा पठाइन्छ।

■ बिथोलियो पर्यावरण चक्र

ल्यान्डफिल साइट बन्चरेडाँडा क्षेत्रमा रोग फैलिने, पानी प्रदूषित हुने, दुर्गन्ध बढ्नेलगायत विभिन्न समस्या देखिएको छ। यो सबै हाम्रै असावधानीले हो। हाम्रै घरबाट निस्कने फोहोरले हो। यति मात्रै होइन, जनस्वास्थ्यको जिम्मा लिएका स्वास्थ्य केन्द्रहरूको लापरबाहीले पनि हो। किनकि, स्वास्थ्य केन्द्र वा अस्पतालबाट निस्कने फोहोरलाई स्टेरिलाइजेसन गरेर मात्रै फाल्नुपर्ने नियम छ। तर, काठमाडौंका केही ठुला अस्पताललाई छाडेर बाँकीले यो नियम पालना गरेका छैनन्। धरैजसो अस्पताल, पोलिक्लिनिक र स्वास्थ्य केन्द्रबाट उत्पादन हुने फोहोर स्टेरिलाइजेसन नगरी बन्चरेडाँडासम्म पुग्छ। सिरिन्ज, डेट एक्सपायर भएका औषधि उपचारका क्रममा प्रयोग गरिएका घातक केमिकल यसमा पर्छन्। यसमा ब्याक्टेरिया र भाइरस हुन्छ।

ल्यान्डफिल साइटमा यसरी कुहिने फोहोर जति कुहिएर-थिचिएर लिचेट (लेदो) उत्पादन हुन्छ। उक्त तरल पदार्थ संकलनका लागि ल्यान्डफिल साइटमा पोखरी बनाइएको छ, तर पर्याप्त छैनन्। अर्को कुरा, लिचेट संकलन गरिए पनि त्यसको ट्रिटमेन्ट गरिएको छैन।

लिचेट यसरी बग्दै जाँदा कति जमिनमुनि जान्छ त कति खोलामा मिसिन जान्छ। बगेर बन्चरेडाँडा र सिसडोलको मध्यभागमा बग्ने कोल्पु खोला प्रदूषित छ। ल्यान्डफिल साइटवरपर जमिनमुनिको पानी पनि प्रदूषित छ। लिचेटसँग बगेर गएका हेभी मेटलका अवशेष माटोमा जमेर बस्छन्। यसले उर्बर क्षमता घटाउँछ। त्यस्तो क्षेत्रमा उत्पादन भएका फलफूल, तरकारीले पनि त्यही माटोबाट पोषणसँगै हेभी मेटलका अवशेष पनि सोसेका हुन्छन्, जसले त्यहाँ उत्पादन हुने तरकारीहरू पनि विषाक्त बनाइदिन्छ। लिचेट मिसिएको पानीले त्यहाँ रहेका जीवहरू, माछा, बिरुवामा प्रत्यक्ष प्रभाव पार्छ।

यसबाट माछा तथा वनस्पतिहरू मर्ने, पानीको गुणस्तर घट्ने, रंग परिवर्तन हुनेलगायत समस्या देखिएका छन्। चराचुरुंगी यही विषाक्त फोहोर पानी पिएर संक्रमित हुने गर्छन्। वरपर दुर्गन्ध र रोग फैलिएर मानिसहरू हैरान छन्। बृहत् जनस्वास्थ्य तथा वातावरणीय असर देखिएको छ। लिचेटसँगै मिथेन, अमोनिया, हाइड्रोजन सल्फाइडजस्ता ग्यास पनि बनिरहेको हुन्छ। वरपरका गाउँहरूमा यी ग्यास फैलिएर दुर्गन्ध फैलिएको छ। पानीजन्य रोग फैलिरहेका छन्।

> काठमाडौंमा प्रतिदिन प्रतिव्यक्ति सरदर ६ सय ग्राम फोहोर उत्पादन हुन्छ। यसमध्ये ७० देखि ८० प्रतिशत कुहिने फोहोर पर्छन्। यसलाई हामीले घरमै व्यवस्थित गर्न सक्दा आधा समस्या आफैं हल हुन्छ।

अहिलेको अध्ययनअनुसार काठमाडौंमा प्रतिदिन प्रतिव्यक्ति सरदर ६ सय ग्राम फोहोर उत्पादन हुन्छ। यसमध्ये ७० देखि ८० प्रतिशत कुहिने फोहोर हो। यसलाई हामीले घरमै व्यवस्थित गर्न सक्दा आधा समस्या आफैं हल हुन्छ।

घरमै फोहोर छुट्याएर राख्ने, कुहिने फोहोरलाई भण्डारण गरेर कौसीखेती वा बारीमा मलका रूपमा प्रयोग गर्न सकिन्छ। कोर काठमाडौंमा अधिकांश मानिस भाडामा बसेका हुन्छन्। त्यहाँ खेतीको सम्भावना कम होला। यस्तोमा फोहोर व्यवस्थापनको पहल घरघनीले नै लिनुपर्छ। महानगरले पनि यसमा विशेष योजना बनाउन जरुरी छ। तर, काठमाडौं, भक्तपुर र ललितपुरका पालिकाहरूले एकीकृत योजना बनाउन सके मात्रै फोहोरको उचित व्यवस्थापन हुन सक्छ। नत्र, महानगरको एक्लो प्रयासले पनि फोहोर व्यवस्थापन सम्भव हुनेवाला छैन।

■ लिचेटको ट्रिटमेन्ट

हामीले घरमै फोहोर वर्गीकरण गर्न थालेपछि डम्पिङ साइटमा निकै कम लिचेट उत्पादन हुन्छ। हाम्रो मुख्य प्रयास यसमा हुनुपर्छ। यसपछि डम्पिङ साइटमा उत्पादन हुने थोरै परिमाणको लिचेटलाई नियन्त्रण गर्न प्रयास गर्नुपर्ने हुन्छ। यसका लागि विश्वमा विभिन्न पद्धति प्रयोगमा ल्याइएका छन्। त्यसमध्ये, एउटा भौतिक उपचार हो। यसमा हामीले बालुवा र गिट्टीबाट पानीलाई फिल्टर गर्छौं। जसरी घरमा हामीले फिल्टर गरेर पानी शुद्धीकरण गर्छौं, त्यसरी नै रिभर्स अस्मोसिस वा अल्ट्राफिल्टरेसन प्रविधिमार्फत लिचेटमा भएका विषाक्त पदार्थ, भारी धातु र खनिजलाई फिल्टरमा सोसेर सफा पानीलाई बाहिर पठाउन सक्छौं। यो अत्याधुनिक प्रविधि हो। तर, महँगो छ।

अर्को रासायनिक उपचार हो। यसमा हामीले केमिकल प्रयोग गरेर पानी सफा गर्छौं। केमिकल प्रयोग गर्दा जीवाणु र फोहोर निष्प्रभावी हुन्छन्। तर, केमिकलले वातावरणमा नकारात्मक प्रभाव पार्ने जोखिम पनि हुन्छ। त्यसलाई सम्बोधन गर्नका लागि अन्य प्रविधि प्रयोग गर्नुपर्छ। त्यसकारण, यो प्रविधि पनि महँगो छ।

जैविक उपचार पनि एउटा उत्तम प्रविधि हो। जहाँ 'कन्स्ट्रक्टेड वेटल्यान्ड' भन्ने एउटा अवधारणाको विकास गरिएको छ।

जहाँ प्राकृतिक प्रक्रियाको नक्कल गरेर बोटबिरुवा र माटोका सूक्ष्मजीवहरूको प्रयोग गरिन्छ। यहाँ सूक्ष्मजीवहरू विशेष रूपमा महत्त्वपूर्ण भूमिका खेल्छन्, जसले जैविक प्रदूषकलाई तोडेर सरल र सुरक्षित पदार्थमा परिणत गर्छन्।

अर्को बायोचार प्रयोग विधि हो जुन रासायनिक उपचारकै अर्को विधि हो। यो अति सहज, सरल र किफायती छ। लिचेट उपचारका लागि स्थानीय रूपमा बायोचारको ठुलो मात्रा उत्पादन गर्नुपर्ने आवश्यकता छ। बायोचार विभिन्न प्रकारका जैविक सामग्री र फोहोरलाई पायरोलाइसिस विधिको माध्यमबाट उत्पादन गर्न सकिन्छ। फोहोरको वर्गीकरणपछि उत्पन्न जैविक फोहोरलाई पनि बायोचार उत्पादनमा प्रयोग गर्न सकिन्छ। यद्यपि, यो लिचेट उपचारका लागि पर्याप्त नहुन सक्छ, तर यो ल्यान्डफिल साइटमा जान लागेको फोहोरको मात्रा घटाउने र लिचेटको उत्पादन कम गर्नका लागि एक उत्कृष्ट पहल हुन सक्छ।

अतिरिक्त बायोचारका लागि, हामी जंगल र कृषिक्षेत्रमा रहेको उपयोगविहीन बायोमासको प्रयोग गर्न सक्छौं, जुन प्रायः जंगल र खेतमा फालिएका छन्। हाम्रो देशमा गएको वर्ष जुन वन डढेलोको घटना देख्यौं त्यसको मुख्य कारण भनेको उपयोगविहीन सुक्खा जंगली बायोमास नै थियो। यदि हामीले यो बायोमासको उचित प्रयोग गर्न सक्षम भयौं भने, यसले वन डढेलो घटाउन मद्दत पुऱ्याउने मात्र होइन, स्थानीय अर्थतन्त्रको उत्थान गर्न पनि सहयोग पुऱ्याउनेछ। समुदायहरूले यस बायोमासलाई संकलन गरेर वा स्थानीय रूपमा बायोचार उत्पादन गरेर आम्दानी गर्न सक्छन्, जसलाई लिचेट उपचार क्षेत्रहरूमा प्रयोग गर्न सकिन्छ। यस दृष्टिकोणले फोहोर व्यवस्थापन र पर्यावरणीय संरक्षणमा योगदान पुऱ्याउन मात्र होइन, स्थानीय समुदायका लागि आर्थिक अवसर पनि सिर्जना गर्नेछ, जसले दिगोपन र वन आगोको जोखिम घटाउन मद्दत गर्नेछ।

बायोचार बनाइसकेपछि हाम्रो ल्यान्डफिल साइटमा लिचेट संकलन हुने पोखरीमा त्यसलाई राख्न सकिन्छ। अहिले पोखरीबाट कुनै उपचार नगरी पानी सीधा बगेको छ। तर, त्यो पोखरीमा बायोचार हालिदियो भने लिचेट बायोचारबाट बग्दै अगाडि जान्छ। बायोचारले विषाक्त वस्तु र ठोस कणहरूलाई सोस्छ र सफा पानी बग्छ।

केही समयपछि, लेचेट उपचारका लागि प्रयोग गरिएका बायोचारलाई नयाँ बायोचारको ब्याचले प्रतिस्थापन गर्न आवश्यक हुन्छ ताकि यसको प्रभावकारिता कायम रहोस्। प्रयोग गरिसकेको बायोचारलाई यसको प्रदूषणस्तरको आधारमा विभिन्न तरिकाहरूले व्यवस्थापन गर्न सकिन्छ।

यदि प्रदूषणको स्तर कम छ भने, केही प्रक्रियापछि बायोचारलाई पुनः प्रयोग गर्न सकिन्छ। जहाँ मध्यमस्तरको प्रदूषण छ, त्यस्तो बायोचारलाई गैर-खाद्य उत्पादन हुने क्षेत्रहरूको माटो सुधारका लागि प्रयोग गर्न सकिन्छ, जसले माटोको पानी समात्ने क्षमता र पोषण सुधार्न मद्दत गर्छ। अत्यधिक प्रदूषित बायोचारलाई भने सुरक्षित रूपमा नियन्त्रित अवस्थामा दहन गरी हानिकारक पदार्थ नष्ट गर्न सकिन्छ, जसले वातावरणीय जोखिमलाई कम गर्छ।

यसरी, यी उपायहरू अपनाउनाले लिचेट उपचारपछि बायोचार व्यवस्थापनसँग सम्बन्धित चुनौतीहरूलाई प्रभावकारी रूपमा समाधान गर्न सकिन्छ। यसले बायोचारको दिगो प्रयोग र सुरक्षित व्यवस्थापन सुनिश्चित गर्दै यसका विभिन्न फाइदाहरूलाई अधिकतम बनाउन मद्दत पुऱ्याउँछ।

*(मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा उपप्रध्याध्यापक भट्टराईसँग **अन्वेषण अधिकारी**ले गरेको कुराकानी।)*



युक्रेन रुसको 'छिमेकी'मात्र होइन, 'आधुनिक युक्रेनको निर्माता नै रुस हो' यसैले युक्रेन रुसी छातामुनि मात्र अस्तित्वमा रहनुपर्छ भन्ने आफ्नो धारणालाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले छिपाएका छैनन्। यसकारण पनि यो उनीहरूका लागि विशेष रूपले कठिन हुनेछ।

युक्रेनलाई विभाजनको क्रूर द्वन्द्वले पर्खिरहेको हो ?

बहस



● निना एल. खुस्चेभ

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसको आफ्नो पहिलो कार्यकालको तुलनामा यसपटक चुनावी अभियानका क्रममा गरिएका थुप्रै प्रतिबद्धता पूरा गर्न कटिबद्ध देखिएका छन्। क्रेमलिनमैत्री तुलसी गब्बार्डलाई राष्ट्रिय गुप्तचर विभागको निर्देशकका रूपमा नियुक्त गर्नेदेखि स्वास्थ्य तथा मानव सेवामन्त्रीका रूपमा खोपलाई सन्देहको दृष्टिले हेर्ने रोबर्ट एफ. केनेडी, जुनियरसम्मका मन्त्रीहरूको मनोनयनले अमेरिकी संस्थाहरू र कथित 'आन्तरिक शत्रु'विरुद्धका उनका चुनावी प्रतिबद्धतालाई पुष्टि गर्छन्। उनको विजय भाषणले युक्रेन युद्धबाट सुरु गरेर 'युद्ध रोक्न' उनी गम्भीर छन् भन्ने नै देखाउँछ।

ट्रम्पले आफूले पदभार ग्रहण गरेको २४ घण्टाभित्र युक्रेन युद्ध अन्त्य गर्ने बताउँदै आएका छन्। ट्रम्पको दिमागमा रहेको समाधानबारे धेरै अड्कलबाजी भएका छन्। सबै परिदृश्यमा एउटा कुरा भने समान रूपमा देखा पर्छ, त्यो के भने युक्रेनको विभाजन। यदि शान्तिको मूल्य यो नै हुने हो भने भौगोलिक विखण्डनको गम्भीर इतिहासमाथि घोत्लिनु उचित हुन्छ।

केही घटनाक्रमले दीर्घकालीन शत्रुता निम्त्याएका छन् भने केहीले विनाशकारी हिंसा निम्त्याएका छन्। अठारौं शताब्दीको उत्तरार्धमा भएको पोल्यान्डको तीनपटकको विभाजन सम्भवतः युक्रेनको सम्बन्धमा ट्रम्प-दृष्टिकोणसँग तुलनायोग्य हुन्छ। सन् १७७२ मा पोलिस राज्यको भूभाग अस्ट्रियाको हब्सबर्ग राजशाही, प्रसिया र रुसी साम्राज्यले कब्जा गरी आफूमा समाहित गरेका थिए। उनीहरूले पोल्यान्डको भूमि आपसमा बाँडेर युरोपको सबैभन्दा ठुलो मुलुकलाई मेटाइदिएका थिए।

यस्तो पराधीनताको सामना गर्नुपर्दा हिंस्रक प्रतिरोध अवश्यंभावी हुन्छ। पोलिसहरूले कब्जाको अवधिभर सन् १८३१ र १८६३ मा प्रमुख विद्रोहीसहित समय-समयमा गुरिल्ला शैलीका अभियान सञ्चालन गरिनैरहे। जोसेफ पिल्सुड्स्कीको नेतृत्वमा त्यो प्रतिरोध प्रथम विश्वयुद्धअघि बीसौं शताब्दीसम्मै जारी रह्यो। पोलिस जनतामाथिका स्टालिनकालीन हिंसाका कारण रुसप्रतिको शत्रुता आजसम्म पनि कायमै छ।

सन् १८७०-७१ को फ्रान्को-प्रसिया युद्धपछि अल्सेस र लोराइनलाई कैसर विल्हेम प्रथमले नयाँ जर्मन साम्राज्यमा समाहित गरेकोमा फ्रान्सले दशकौंसम्म जर्मनीप्रति घृणा गरिरह्यो। युरोपियन कोल एन्ड स्टिल कम्युनिटी (वर्तमान युरोपेली युनियनको पूर्वज) र नाटोको उदयसँगसँगै यी दुई देशबिच मेलमिलाप सन् १९५० को दशकमा मात्र सुरु भएको हो।

यसैगरी, उत्तरी प्रान्त उल्स्टरलाई संयुक्त अधिराज्यमा गाभ्दै आयरल्यान्डलाई विभाजन गर्ने बेलायतको निर्णयले उक्त उत्तरी आयरल्यान्ड बेलायतलाई छाड्न इच्छुक र आयरल्यान्डलाई पूर्ण स्वतन्त्रता प्रदान नगर्ने कुनै पनि सन्धि अस्वीकार गर्ने खेमाबिच गृहयुद्ध नै भड्कियो। दुई वर्ष मात्रै चलेको शान्तिको त्यस बर्बर युद्धले क्याथोलिक र प्रोटेस्टेन्ट दुवैमा आतंकको विरासत छोडेर गएको थियो, जुन संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सन् १९९८ मा 'गुड फ्राइडे एग्रिमेन्ट'पश्चात मात्रै समाप्त भयो।

तर सबैभन्दा क्रूर विभाजन बीसौं शताब्दीमा एसियामा भएको विभाजन हो। सन् १९३२ मा जापानी साम्राज्यले मन्चुरियालाई गणतन्त्र चीनबाट खोसेर मन्चुकुओको कठपुतली राज्य निर्माण गऱ्यो। लाखौं मानिसलाई दास बनाउँदै, उनीहरूमाथि विकृत चिकित्सा परीक्षण गरिँदै र अल्पसंख्यकहरूको थोकमा आमसंहारसहित मन्चुकुओ शासनपूर्वी युरोपको नाजीहरूका लागि ब्लुप्रिन्ट बन्न पुग्यो। जापानी क्वान्तुङ सेनाले त्यहाँ १३ वर्ष निर्मम शासन चलायो। साम्राज्यवादी जापानको त्यस बर्बर कब्जाप्रति चिनियाँ आक्रोश यति गहिरो छ कि आजसम्म पनि चीनका नेताहरूले आधुनिक प्रजातान्त्रिक जापानका नीतिहरूको विरोध गर्न त्यसैको नाम लिने गरेका छन्।

विभाजनका कारण प्रत्यक्ष रूपमा ज्यान गुमाउनेहरूको सन्दर्भमा, अंग्रेजहरूको प्रस्थानपछि सन् १९४७ मा भारतीय उपमहाद्वीपको हिन्दुबहुल क्षेत्रको भारतमा र मुस्लिमबाहुल्य क्षेत्रको पाकिस्तानमा विभाजनको अरूसँग तुलना हुन सक्दैन। यो विभाजनले इतिहासकै ठुलो बसाइँसराइ सुरुवात गरेको थियो, जसमा करिब एक करोड ८० लाख मानिस बसाइँ सरेका थिए। मुस्लिमहरू पाकिस्तान (आधुनिक बंगलादेशसहित)तर्फ लागेका थिए भने हिन्दु र सिखहरू भारततर्फको यात्रा गरे। यो विभाजनपछि ज्युँदै जलाइदिने, बलात्कार र सामूहिक हत्यालगायत साम्प्रदायिक हिंसाका कारण ३४ लाख मानिसको मृत्यु भएको थियो।

ब्रिटिस राजको विभाजनपछिका ७७ वर्षयता भारत र पाकिस्तानले चारवटा युद्ध लडेका छन्, जसमध्ये सबैभन्दा पछिल्लो सन् १९९९ को तथाकथित कारगिल युद्ध हो र त्यो त्यतिबेला भएको थियो, जब दुवै देशले आणविक हतियार हासिल गरिसकेका थिए। फ्रान्स र जर्मनीबिच कुनै ऐतिहासिक मेलमिलाप सन्धि हुन सकेको छैन।

सन् १९५४ मा भियतनामको विभाजन (साम्यवादी भियत मिन्ह शासित उत्तरी र भियतनाम गणतन्त्र-शासित दक्षिणी क्षेत्र) पनि उस्तै रक्तपातपूर्ण साबित भयो। यसले सुरु गरेको दुई दशकको युद्धमा ३० लाख भियतनामी मारिए। (उल्लेखनीय के भने कोरियाको राष्ट्रिय पीडामा भूमिका खेलेको संयुक्त राज्य अमेरिकाप्रति कोरियनहरूले कुनै विद्वेष राखेको देखिँदैन। सन् १९७५ मा फिर्ता हुनुअघिसम्म अमेरिकाले भियतनाममा ५८ हजार सैनिक गुमाएको थियो)।

त्यसपछि सन् १९४७-४८ मा प्यालेस्टाइनलाई स्वतन्त्र यहुदी राज्य र स्वतन्त्र अरब राज्यमा विभाजित गरियो। संयुक्त राष्ट्र संघको यो निर्णयले दशकौंसम्म शत्रुता, उत्पीडन, आतंकवाद र युद्धहरू निम्त्याइरह्यो, जुन आजपर्यन्त जारी छ। यहाँ विभाजनको डरलाग्दो विरासत हेर्न गाजाका भग्नावशेष नियाले पुग्छ।

त्यसो भए युक्रेनको विभाजनले के परिणाम देला त ? सन् २०२२ को फेब्रुअरीयता आफ्नो क्षेत्रीय अखण्डताका लागि लड्दै, युक्रेनीहरूले साहस र गतिशीलता प्रदर्शन गरेका छन्, जसलाई उनीहरूले आफ्नो देशको पुनर्निर्माणमा पक्कै लगाउनेछन्। तर, उनीहरूले भोगेको मानवीय र आर्थिक क्षतिको परिमाणलाई हेर्दा विभाजनलाई चुपचाप सहन उनीहरूलाई गाह्रो हुनेछ। युक्रेन रुसको 'छिमेकी'मात्र होइन, 'आधुनिक युक्रेनको निर्माता नै रुस हो' यसैले युक्रेन रुसी छातामुनि मात्र अस्तित्वमा रहनुपर्छ भन्ने आफ्नो धारणालाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले छिपाएका छैनन्। यसकारण पनि यो उनीहरूका लागि विशेष रूपले कठिन हुनेछ।

युक्रेनीहरूलाई थाहा के छ भने तत्काल नेटो सदस्यता प्राप्त हुन सक्दैन भने पनि थप रुसी हस्तक्षेप रोक्ने उत्तम अवसर भनेको गतिलो अन्तर्राष्ट्रिय सुरक्षाको ग्यारेन्टी प्राप्त गर्नु हुन्छ। अमेरिकाको वर्तमान सुरक्षा प्रतिबद्धतालाई ट्रम्पले मन पराएको देखिँदैन। तर, अमेरिकाले यस्तो ग्यारेन्टी पेस नगर्नु रुसका लागि हानिकारक साबित हुन सक्छ।

मस्को र अन्य रुसी सहरमा चेचेन पृथकतावादीहरूको आतंकवादी हमलालगायत चेचन्याको विनाशकारी युद्ध र लामो विद्रोहका कारण नै पुटिन सत्तामा पुगेका थिए। सन् २०२२ मै युक्रेनीहरूले रुसविरुद्ध छापामार युद्ध गर्ने वाचा गरिसकेका छन्। अन्य विकल्प भएन भने त्यसको जोखिम बढ्छ मात्रै। ट्रम्पले क्रेमलिनलाई निष्पक्ष वार्ताको आवश्यकताबारे आश्वस्त पार्ने कोसिस गर्नुपर्छ। अन्यथा, विभाजनपछिको आतंकवाद रुस भित्रिन सक्छ। सम्भवतः चेचेनहरूले परिकल्पना गरेकोभन्दा ठुलो परिमाणमा।

*(द न्यु स्कुलका अन्तर्राष्ट्रिय मामिलाका प्रोफेसर निना एल. खुस्चेभ हालसालै प्रकाशित 'इन पुटिन्स फुटस्टेप्स : सर्चिङ फर द सोल अफ एन एम्पाएर अक्रोस रसियाज एलभेन टाइम जोन्स'की सहलेखक हुन्। प्रोजेक्ट सिन्डिकेटबाट **नारायण शिवाकोटी**को अनुवाद।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २२ मंसिर ०८१

संक्षेप

बुद्धले थप्यो १९औँ एटिआर जहाज



काठमाडौं/ बुद्ध एयरले शुक्रबार १९औँ एटिआर जहाज भित्र्याएको छ। योसँगै बुद्धसँग एटिआर-७२ जहाजको संख्या १६ पुगेको छ। बुद्धसँग तीनवटा एटिआर-४२ जहाज छन्। आवश्यक कागजी प्रक्रिया पुऱ्याई डिसेम्बर अन्तिमसम्ममा नयाँ जहाजबाट उडान सुरु गर्ने बुद्ध एयरले जनाएको छ।

बुद्ध एयरले कल साइन ९एन-एओजी जहाज फ्रान्सको एटिआर कम्पनी तुलुसबाट ल्याएको हो। उडान सेवालाई सहज र सरल बनाउन नयाँ जहाज थपेको बुद्धका बजार निर्देशक रूपेश जोशीले बताए। उनले भने, 'उडान संख्यामा उल्लेख्य वृद्धि भएपछि यात्रुहरू आफ्नो समयअनुकूल उडान गर्न सक्नेछन्। हामी उडानतालिका बढीभन्दा बढी प्रभावकारी बनाउन प्रतिबद्ध छौं।'

स्टक ब्रोकर्स एसोसिएसनमा ढकाल निर्वाचित



काठमाडौं/ स्टक ब्रोकर्स एसोसिएसन अफ नेपालको अध्यक्षमा सागर ढकाल निर्वाचित भएका छन्। शुक्रबार भएको निर्वाचनमा खसेको कुल मतमध्ये ढकालले ४५ मत ल्याएर निर्वाचित भएका हुन्। उनका निकटतम प्रतिस्पर्धी राजकुमार तिमल्सिनाले ४३ मत पाएका छन्।

एसोसिएसनको उपाध्यक्षमा नितेश अग्रवाल, महासचिवमा भक्तिराम घिमिरे, कोषाध्यक्षमा मदन पौड्याल र सचिवमा विनय रेग्मी निर्वाचित भएका छन्। कार्यसमिति सदस्यमा जयन्त श्रीवास्तव, विशालकुमार अग्रवाल, प्रियन्सु अग्रवाल र जेलिना कँडेल निर्वाचित भएका छन्।

कार्बनको आम्दानी नवीकरणीय ऊर्जामा

काठमाडौं/ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले कार्बन आम्दानीबाट उठेको रकम नवीकरणीय ऊर्जा प्रवर्द्धनमा लगाउने भएको छ। वैकल्पिक ऊर्जा विकास समितिका अध्यक्ष एवं ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको अध्यक्षतामा वैकल्पिक ऊर्जा विकास समितिको बिहीबार साँझ बसेको बैठकले नवीकरणीय ऊर्जा प्रवर्द्धनमार्फत प्राप्त कार्बन आम्दानीलाई सोही क्षेत्रका थप कार्यक्रममा प्रवर्द्धन गर्ने निर्णय गरेको हो।

बैठकले कार्बन आम्दानीलाई घरायसी, सामुदायिक एवं ठुला बायोग्यास, सौर्य सिँचाइ, लघु तथा साना जलविद्युत्, घरायसी तथा संस्थागत विद्युतीय चुलो प्रवर्द्धन तथा नवीकरणीय ऊर्जा प्रविधिको मर्मत-सम्भार र क्षमता अभिवृद्धिमा लगाउने निर्णय गरेको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जानकारी दिए।

१५ दिनमा निगम सुधारको कार्ययोजना दिन निर्देशन

काठमाडौं/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले १५ दिनभित्र सुधारको कार्ययोजना पेस गर्न नेपाल वायुसेवा निगम (नेवानि)का पदाधिकारीलाई निर्देशन दिएका छन्। निगमको केन्द्रीय कार्यालयको अनुगमन तथा निरीक्षण गर्दै उनले निगमलाई अहिलेकै अवस्थामा सञ्चालन गर्न नसकिने बताएका हुन्।

मन्त्री पाण्डेले निगमले सुधारको कार्ययोजना पेस गरेपछि त्यसको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालय हरेक कुरामा आगाडि बढ्ने बताए। निगमलाई घाटा लगाउने चाइनिज जहाज व्यवस्थापन गर्न आफू सकारात्मक रहेको उनको भनाइ थियो।

७ लाख क्विन्टल धान किन्दै खाद्य कम्पनी

साना किसानले सस्तो भाउमा व्यापारीलाई धान बिक्री गरिसकेकाले न्यूनतम समर्थन मूल्यमा खाद्यलाई धान बिक्री गर्नेमा साहु र व्यापारीको संख्या धेरै, हालसम्म ९० हजार क्विन्टल खरिद

● **शर्मिला न्यौपाने सुवेदी**, सूचना अधिकारी, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड



न्यूनतम समर्थन मूल्यमा धान खरिद प्रक्रिया सुरु भइसकेको छ। यो वर्ष सबैभन्दा बढी धान किन्ने योजनामा छौं। पालिकास्तरमा समन्वय गरी किसान र सहकारीबाट सोझै धान किनिरहेका छौं। यसपटक पालिकास्तरम्म पुगेर चामल बिक्री गर्ने योजना पनि छ।

अजित अधिकारी/नयाँ पत्रिका

सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यो वर्ष सात लाख ३६ हजार दुई सय क्विन्टल धान खरिद गर्ने भएको छ। कम्पनीले धनगढी, महेन्द्रनगर, नेपालगन्ज, तुलसीपुर र राजापुर (बर्दिया) कार्यालयबाट खरिदसमेत थालेको सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले जानकारी दिइन्।

सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा कम्पनीले धान खरिद गर्ने गरेको छ। यो वर्षका लागि मोटा धान तीन हजार चार सय १० रुपैयाँ ५० पैसा र मध्यम धान तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा प्रतिक्विन्टल समर्थन मूल्य तोकिएको छ। सोही मूल्यमा धान खरिद भइरहेको न्यौपानेले जानकारी दिइन्। 'अन्य धानको हकमा भने जिल्ला प्राथमिक खरिद समितिले निर्धारण गरेको दर लागू हुने गरेको छ,' उनले भनिन्।

कम्पनीले यो वर्ष सबैभन्दा धेरै धान खरिद गर्ने लक्ष्य राखेको हो। विगतमा पौने तीन लाख क्विन्टलसम्म मात्रै धान खरिद गरेको रेकर्ड छ। गत आवमा भने ४६ हजार टन मात्रै खरिद भएको थियो। अपुग परिमाण पूर्तिका लागि कम्पनीले चामल खरिद गरेको थियो। तर, यसपटक भने लक्ष्यअनुसार धान खरिद गर्न सबै कार्यालयलाई कडाइ गरेको न्यौपानेले जानकारी दिइन्।

किसान, कृषि सहकारी र पालिका कार्यालयहरूलाई धान खरिदबारे जानकारी दिइरहेको उनले बताइन्। हालसम्म ९० हजार क्विन्टल खरिदसमेत भएको उनले जानकारी दिइन्।



कैलालीका किसानको धान खरिद गर्दै खाद्य कम्पनी। तस्बिर : **तेजराज भट्ट**/नयाँ पत्रिका

■ कोटा तोकेर धेरै धान खरिद गर्न निर्देशन

● कोशी : १,१८,००० ● मधेश : १,९९,००० ● बागमती : २०,००० ● गण्डकी : १८,५००
● लुम्बिनी : २,०६,००० ● कर्णाली : २०० ● सुदूरपश्चिम : ३०,००० (**परिमाण : क्विन्टलमा**)

सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र कैलाली कार्यालयलाई १५-१५ हजार क्विन्टल खरिदको लक्ष्य दिइएको छ।

लुम्बिनी प्रदेशको बर्दिया, बाँके, दाङ, कपिलवस्तु र रुपन्देही कार्यालयलाई कुल दुई लाख ६ हजार क्विन्टल खरिदको जिम्मेवारी दिइएको छ। गण्डकी प्रदेशको नवलपरासी (पूर्व र पश्चिम) र कास्कीमा १८ हजार पाँच सय, बागमतीको चितवन र मकवानपुरमा २० हजार क्विन्टल धान खरिदका लागि कोटा तोकिएको छ। अन्न भण्डारका रूपमा परिचित मधेश प्रदेशका आठै जिल्लाबाट कुल एक लाख ९९ हजार र कोशीको उदयपुर, सुनसरी, झापा र मोरङ कार्यालयबाट कुल एक लाख १८ हजार क्विन्टल खरिद गर्न लागिएको कम्पनीले जनाएको छ। जुम्लाको सिँजा, खलंगा कार्यालयबाट पनि दुई सय क्विन्टल खरिदको लक्ष्य राखिएको छ।



किसानको धान व्यापारीले बेच्छन्

खाद्य कम्पनीले बर्सेनि किसानले धान कटानी गरिसकेपछि खरिद गर्ने गरेको छ। जसकारण वास्तविक किसानबाट नभई व्यवसायीबाट न्यूनतम समर्थन मूल्यमा खाद्यले धान खरिद गर्ने गरेको छ। यसपटक पनि पश्चिमका पाँच क्षेत्रमा मात्र अहिलेसम्म खरिद प्रक्रिया अघि बढाइएको छ। गण्डकी, बागमती, मधेश र कोशीमा किसानले धान भित्र्याइसके पनि खाद्यले खरिद प्रक्रिया सुरु गरेको छैन।

समर्थन मूल्यभन्दा न्यून भाउमा व्यापारीलाई धान बिक्री गर्न किसान बाध्य छन्। खाद्य कम्पनीकी प्रवक्ता शर्मिला न्यौपानेले किसानको खेतसम्मै पुगेर खरिद गर्न नसकिने र पूर्वमा भर्खर धान भित्र्याउन थालेकाले खरिद प्रक्रिया सुरु नभएको बताइन्।

'पूर्वका किसानले भर्खर धान भित्र्याउन थालेका छन्। अब चाँडै त्यता पनि खरिद प्रक्रिया थाल्छौं,' उनले भनिन्, 'सकेसम्म किसान र कृषि सहकारीलाई प्राथमिकता दिएर खरिद कार्य अघि बढाएका छौं।'

पालिकास्तरबाट चामल बिक्रीको लक्ष्य



खाद्यले धानबाहेक ६७ हजार तीन सय ९५ क्विन्टल चामल पनि खरिद गर्दै छ। यो वर्ष कुल सवा लाख चामल बिक्रीको लक्ष्य राखिएको सूचना अधिकारी न्यौपानेले जानकारी दिइन्। त्यसमध्ये ३३ हजार क्विन्टल 'इमर्जेन्सी'का लागि नियमित रूपले मौज्दात राख्ने व्यवस्था छ। यसपटक सबै पालिकासँग समन्वय गरेर चामल बिक्री गर्ने योजना रहेको उनले जानकारी दिइन्। 'खाद्य कम्पनीले पालिकाको केन्द्रसम्म चामल ढुवानी गरिदिने र त्यहाँबाट पालिकाको समन्वयमा बिक्री गर्ने योजनामा छौं,' न्यौपानेले भनिन्, 'यसबाहेक मातहतका कार्यालयबाट नियमित रूपमा खरिद-बिक्री भइहाल्छ।'

१४ करदातालाई सिएनआईको सम्मान



> उच्च करदाता हुनु व्यक्तिगत एवं संस्थागत उपलब्धि मात्रै नभएर राज्यप्रतिको महत्त्वपूर्ण योगदान हो। यस्तो योगदानको कदर गर्दै उत्पादनमूलक तथा सेवामूलक उद्योगहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा हामीले करदातालाई सम्मान गरेका हौं।
>
> ● **राजेश अग्रवाल**, अध्यक्ष सिएनआई

काठमाडौं/ नेपाल उद्योग परिसंघ (सिएनआई)ले राष्ट्रिय कर दिवसमा सरकारबाट सम्मानित भएका व्यवसायीलाई आफ्नोतर्फबाट पनि सम्मान गरेको छ।

धेरै कर दाखिला गर्ने १६ संस्था तथा व्यक्तिलाई सरकारले सम्मान गरेको थियो। त्यसमध्ये दुई सरकारी कम्पनी थिए। सिएनआईले सरकारबाट सम्मानित निजी क्षेत्रका १४ करदातालाई एक समारोह आयोजना गरी सम्मान गरेको हो।

कर दिवसमा वस्तु निर्यात कारोबारमध्येबाट सबैभन्दा बढी आयकर तिर्ने डाबर नेपाल, एकलौटी फर्महरूमध्येबाट सबैभन्दा बढी आयकर तिर्ने श्रुति ट्रेडर्स, सूचना प्रविधि क्षेत्रबाट सेवा निर्यातको कारोबार गर्नेमध्येबाट कोडावतार, कृषि एवं पशुपक्षीजन्य उद्योगहरूमध्येबाट पतञ्जलि आयुर्वेद, बैंक-वित्तीय संस्था तथा बिमाबाट नबिल बैंक सम्मानित भएका थिए।

यस्तै, स्वास्थ्य तथा शैक्षिक संस्थाहरूमध्येबाट लुम्बिनी मेडिकल कलेज एन्ड टिचिङ हस्पिटल, पर्यटन क्षेत्रबाट तारागाउँ रिजेन्सी होटेल, वस्तु व्यापारको कारोबारमध्येबाट भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्टल स्टोर, ऊर्जामूलक उद्योगमध्येबाट भोटेकोशी पावर कम्पनी, रेमिट्यान्स तथा मनी ट्रान्सफरको कारोबारबाट सिटी एक्सप्रेस मनी ट्रान्सफरलाई सरकारले सम्मान गरेको थियो।

परिसंघले सचिवालयमा कार्यक्रम गरेर अध्यक्ष राजेशकुमार अग्रवालले करदातालाई सम्मान गरेका हुन्। उनले उच्च करदाता हुनु व्यक्तिगत एवं संस्थागत उपलब्धि मात्रै नभएर राज्यप्रतिको महत्त्वपूर्ण योगदान भएको बताएका थिए। उद्योगहरूको प्रतिनिधिमूलक संस्थाका रूपमा परिसंघले उच्च करदातालाई सम्मान गरेको उनले जानकारी दिएका थिए।



पाइपलाइनबाट पेट्रोल ल्याउने पूर्वाधार तयार | नेपाल आयल निगम लिमिटेडले मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा पाइपलाइनबाट पेट्रोल आयातका लागि चार ठुला भण्डारणगृह निर्माण गरेको छ। पाँच वर्षअघिबाट डिजेल मात्र ढुवानी भइरहेको पाइपलाइनबाट एक महिनाभित्रै पेट्रोलसमेत आयात गर्ने गरी पूर्वाधार भएको निगमले जनाएको छ। तस्बिर सौजन्य : आयल निगम

वायुसेवा, सञ्चार र बिमाबाट पौने १० अर्ब भ्याट

हवाई उडानमा भएको सुधारले यो वर्ष २६ अर्ब ३५ करोड उठाउने लक्ष्य, चार महिनामै लक्ष्यको ३७.१३ प्रतिशत संकलन

पवन तिमिल्सिना/नयाँ पत्रिका

हवाई उडानको चाप बढ्दा उड्डयन क्षेत्रबाट सरकारले पाउने राजस्वमा वृद्धि भएको छ। चालू आर्थिक वर्ष ०८१/८२ को पहिलो चार महिना (साउन-कात्तिक)मा वायुसेवा, सञ्चार र बिमा क्षेत्रबाट नौ अर्ब ७९ करोड रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) दाखिला भएको आन्तरिक राजस्व विभागले जनाएको छ।

साउनदेखि कात्तिकसम्म संकलित कुल भ्याट रकममा उड्डयन क्षेत्रको योगदानको वृद्धिदर सबैभन्दा बढी भएको विभागले जनाएको छ। वायुसेवा कम्पनीले हवाई टिकट बिक्री गरेबापत भ्याट बुझाएका हुन्। पछिल्लो समय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानतर्फ यात्रुको संख्या बढेकाले भ्याटमा यस क्षेत्रको योगदानमा पनि वृद्धि भएको हो।

गत आव ०८०/८१ को पहिलो चार महिनामा हवाई, सञ्चार र बिमा क्षेत्रबाट चार अर्ब ८६ करोड ९२ लाख रुपैयाँ भ्याट संकलन भएको थियो। यो कुल भ्याट संकलनमा १४.२० प्रतिशत मात्रै हिस्सा थियो।

गत आवमा यस क्षेत्रबाट २३ अर्ब ५४ करोड रुपैयाँ संकलन भएको विभागले जनाकारी दिएको छ। यो वर्ष २६ अर्ब ३५ करोड ४५ लाख रुपैयाँ भ्याट उठाउने लक्ष्य लिइएको छ। लक्ष्यको ३७.१३ प्रतिशत भ्याट चार महिनामै उठिसकेको छ।



■ आर्थिक ऐनले यी सुविधा दिएपछि व्यवसायी आकर्षित भए

● गत आवको आर्थिक ऐनमार्फत हवाई सेवामा भ्याट लाग्ने व्यवस्था गरिएको थियो।

● चालू आवको बजेटले भ्याटमा दर्ता भएका वा नभएका अन्तर्राष्ट्रिय हवाई सेवाप्रदायक कम्पनीले १५ जेठ ०८० देखि असोज मसान्तसम्मको अवधिमा नतिरेको भ्याट, जरिवाना, थप दस्तुर तथा ब्याज मिनाहा दिने सुविधा ल्याएको थियो।

● नेपालबाट उडान सुरु नगर्ने अन्तर्राष्ट्रिय हवाई सेवाप्रदायक (अफलाइन एयरलाइन्स)ले ०८१ असार मसान्तसम्म तिरेमा ब्याज, जरिवाना र दस्तुर मिनाहा हुने सुविधा आर्थिक ऐनमार्फत सरकारले ल्याएको थियो।

चिनियाँ एयरलाइन्सको करिब चार अर्ब बक्यौता



अन्तर्राष्ट्रिय उडान गर्ने चिनियाँ एयरलाइन्सले भने भ्याट नतिरेको आन्तरिक राजस्व विभागले जनाएको छ। सरकारले हवाई क्षेत्रमा भ्याट लागू गरेपछि चिनियाँ दूतावासबाट नै यो व्यवस्था लागू नगर्न दबाब आएको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्। विभाग स्रोतअनुसार हाल चिनियाँ एयरलाइन्सहरूले करिब चार अर्ब रुपैयाँ तिर्न बाँकी देखिन्छ। 'सुरुवाती चरणमा अरू विमान कम्पनीहरूले पनि भ्याट लागू नगर्न सामूहिक पहल गरेका थिए। तर, ठुला वायुसेवा कम्पनीहरूले धमाधम तिर्न थालेपछि अरू कम्पनीहरूले पनि क्रमशः तिर्न थालेका हुन्,' अर्थका एक अधिकारीले भने।

हवाई क्षेत्रको बढ्दो चहलपहल

नेपालको विमानस्थल हुँदै बिदेसिँदा र आन्तरिक उडानका हवाई टिकटमा भ्याट तिर्नुपर्ने व्यवस्था छ। अध्यागमन विभागअनुसार सन् २०२४ को अगस्टसम्ममा नेपालबाट वैधानिक मार्ग हुँदै दुई लाख ११ हजार नौ सय २१ जनाले विदेश प्रस्थान गरेका छन्। यस्तै, ०२४ को अक्टोबरसम्ममा १४ हजार ३८ पटक विमान विदेशतर्फ प्रस्थान गरेको त्रिभुवन विमानस्थलको तथ्यांकले देखाएको छ। जसमा २१ लाख ६६ हजार पाँच सय ८९ जना यात्रुले उडान गरेका छन्।

सातको बजार

सुन सस्तियो नेप्से ३.१३ अंकले घट्यो

सेयर कारोबार

मिति	बजार परिसूचक	कारोबार रु.
१६ मंसिर	२७३८.०६	८ अर्ब ७४ करोड
१७ मंसिर	२७५८.०४	१० अर्ब ४१ करोड
१८ मंसिर	२७७५.८५	८ अर्ब ४१ करोड
१९ मंसिर	२७५०.८७	९ अर्ब ६ करोड
२० मंसिर	२७३४.९३	८ अब २७ करोड

सुनको मूल्य

मिति	प्रतितोला रुपैयाँमा
१६ मंसिर	१५०५००
१७ मंसिर	१४९३००
१८ मंसिर	१५०३००
१९ मंसिर	१५०४००
२० मंसिर	१५०७००
२१ मंसिर	१५०१००

साताभरमा सुनको भाउ तोलामा चार सय रुपैयाँले घटेको छ। शुक्रबार सुन तोलामा एक लाख ५० हजार एक सय रुपैयाँमा किनबेच भएको छ। साताको पहिलो दिन आइतबार तोलामा चार सय रुपैयाँले सस्तिएर एक लाख ५० हजार पाँच सय रुपैयाँमा कारोबार भएको थियो। सोमबार थप सात सय रुपैयाँले घटेर मंगलबार पाँच सय रुपैयाँ बढेको थियो। बुधबार प्रतितोला एक सय रुपैयाँले बढेको सुन बिहीबार तीन सय रुपैयाँले बढेर एक लाख ५० हजार सात सय रुपैयाँ पुगेको थियो।

साताभरमा चाँदी तोलामा ५० रुपैयाँले महँगिएको छ। शुक्रबार चाँदी तोलामा एक हजार आठ सय ९० रुपैयाँमा किनबेच भएको छ।

साताभरमा सेयर बजार परिसूचक नेप्से ३.१३ अंकले घटेको छ। आइतबार ९.९९ अंकले घटेर बजार २७३८.०६ विन्दुमा पुगेको थियो। त्यसपछि दुई दिन ३७.७७ अंकले बढेको थियो। यद्यपि, बुधबार र बिहीबार बजार परिसूचक ४०.९ अंकले बढेर अन्तिम कारोबार दिन बिहीबार २७३४.९३ विन्दुमा रोकिएको छ। साताको पहिलो दिन आइतबार आठ अर्ब ७४ करोड रुपैयाँको सेयर कारोबार भए पनि अन्तिम कारोबार दिन आठ अर्ब २७ करोड रुपैयाँमा समेटिएको छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार २२ मंसिर ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ नेपाल प्रिमियर लिग २०२४

गौसको कीर्तिमानी शतकमा पोखराको सानदार जित

अमेरिकी खेलाडी गौसले एनपिएल र टी-२० करिअरकै पहिलो शतकीय इनिङ्स ५४ बलमा पूरा गरे

रमेश सुवेदी/नयाँ पत्रिका

अमेरिकी ओपनर आन्द्रेस गौसले नेपाल प्रिमियर लिग (एनपिएल) र टी-२० करिअरकै पहिलो शतकीय इनिङ्स खेल्दा पोखरा एभेन्जर्सले लुम्बिनी लायन्समाथि १० विकेटको सानदार जित निकालेको छ। एनपिएलकै सर्वाधिक महँगो टोलीका रूपमा रहेको पोखराले शुक्रबार त्रिवि क्रिकेट मैदानमा पहिलो जित निकाल्दा अर्का ओपनर दिनेश खरेलले पनि अर्धशतक बनाएका थिए। एनपिएलको ११ खेल सम्पन्न हुँदा पहिलोपटक कुनै पनि फ्रेन्चाइज टोलीको १० विकेटको जित र खेलाडीले शतक बनेका हुन्।

रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनीले टस जितेर पहिले ब्याटिङ गरी २० ओभरमा चार विकेट गुमाउँदै एक सय ७० रनको बलियो योगफल बनाएको थियो। प्रत्युत्तरमा पोखराका गौस र दिनेशले गल्तीरहित इनिङ्स खेल्दै १६.५ ओभरमा लक्ष्य पूरा गरे। पोखरा यसअघि जनकपुरसँग सात विकेट तथा चितवनसँग ८७ रनले पराजित भएको थियो। लुम्बिनीको यो लगातार दोस्रो हार हो। लुम्बिनी पहिलो खेलमा विराटनगर किंग्ससँग दुई विकेटले पराजित भएको थियो।

पोखराका ओपनरद्वय गौस र दिनेशले पहिलो विकेटका लागि कीर्तिमानी एक सय ७६ रनको साझेदारी गरे। एनपिएलमा पहिलो विकेटको अहिलेसम्मकै ठुलो साझेदारी हो। यसअघि जनकपुरका विदेशी खेलाडी लाहिरू मिलान्था र हर्ष ठाकुरले विराटनगर किंग्सविरुद्ध एक सय १६ रनको साझेदारी गरेका थिए। अमेरिकी राष्ट्रिय टिमबाट खेलिरहेका ३१ वर्षीय गौसले ५५ बलमा १२ चौका र पाँच छक्कासहित एक सय चार रनको योगदान दिए। उनी २० मा ५० रन बनाउने पहिलो खेलाडी बनेका छन्। उनले सुदूरपश्चिम रोयल्सका दीपेन्द्रसिंह ऐरीको रेकर्ड भंग गरेका छन्।

दीपेन्द्रसिंहले विराटनगरविरुद्ध २३ बलमा अर्धशतक बनाएका थिए। दुई वर्षअघि भएको नवौं राष्ट्रिय खेलकुद एनआरएनएबाट खेलेका दिनेशले ४६ बलमा समान चार चौका र छक्कासहित ६१ रन जोडे। लुम्बिनीले पोखराविरुद्ध ६ बलर प्रयोग गरेको थियो। स्पिनर सूर्यकुमार तामाङ, कप्तान पौडेल, दुर्गेश गुप्तासँगै साद विन जफर, रामोन सिमोन्ड्स र दीपेश अधिकारीले बलिङ गर्दा पनि पोखराको विकेट गुमेन।

■ कप्तान रोहित चुके शतक बनाउन

लुम्बिनीका कप्तान रोहित शतकीय इनिङ्स खेल्न चुकेका छन्। पोखराविरुद्ध उनी ९५ रनमा आउट भए। गौसबाट रनआउट हुनुअघि उनले ५९ बलमा १० चौका र चार छक्का प्रहार गरेका थिए। उनी इनिङ्सकै अन्तिम बलमा रनआउट भएका थिए। प्रतियोगितामा उच्च रन बनाउने पहिलो नेपाली खेलाडी उनी नै हुन्। उनले ३५ बलमा अर्धशतक बनाएका थिए। उनले विराटनगरसँग ४६ रन जोडेका थिए। प्रतियोगितामा अर्धशतक बनाउने रोहित दसौं खेलाडी हुन्। यसअघि नेपालकै लोकेश बम, अनिलकुमार शाह र दीपेन्द्रसिंह ऐरीले अर्धशतकीय इनिङ्स खेलेका थिए।

रोहित र टम मुर्सले चौथो विकेटका लागि एक सय १० रनको बलियो साझेदारी गरेका थिए। रनआउट भएका टमले ३८ बलमा समान दुई चौका र छक्कासहित ४५ रन बनाए। ओपनर आसुतोष घिरैया र भारतलाई यू-१९ विश्वकप जिताएका ओपनर उन्मुक्त चन्द डकआउट भएका थिए। २.२ ओभरमा लुम्बिनीले १४ रन जोड्दा दुई विकेट गुमाएको थियो। ६.१ ओभरमा ४६ रन बनाउँदा तेस्रो विकेटका रूपमा सन्दीप जोरा व्यक्तिगत १८ रन बनाएर आउट भए। पोखराका विपिन खत्रीले दुई तथा म्याट क्रिच्लीले एक विकेट हात पारे।



लुम्बिनीविरुद्ध शतकीय इनिङ्स खेलेपछि पोखराका ओपनर आन्द्रेस गौस। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ अन्तिम बलमा कर्णाली विजयी

एनपिएलको १०औं खेलमा कर्णाली याक्सले पहिलो जित निकालेको छ। कर्णालीले चितवन राइनोजलाई अन्तिम बलमा पराजित गरेको हो। पहिलो ब्याटिङ गरेको चितवनले सात विकेट गुमाएर एक सय ३० रन बनाएको थियो। प्रत्युत्तरमा कर्णालीले १९.५ ओभरमा चार विकेट गुमाएर जित निकाल्यो। कर्णालीले तीन खेलमा दुई हार र एक जित निकालेको छ। कर्णालीलाई रोमाञ्चक जित दिलाउने क्रममा भारतका शिखर धवनले ४१ बलमा चार चौका र एक छक्काको सहयोगमा ४५ रन जोडेका थिए। देव खनालले ३४ बलमा समान एक चौका र छक्का प्रहार गरी ३५ रन बनाए। वेस्ट इन्डिजका चाडविक वाल्टनले १९ बलमा तीन छक्का प्रहार गरी ३० रन बनाए। यसअघि ब्याटिङ गरेको चितवनका लागि इंग्ल्यान्डका रभी बोपाराले नटआउट ५९ रनको योगदान दिए। उनले ४० बलमा सात चौका र एक छक्का प्रहार गरेका थिए। कप्तान कुशल मल्लले २७ बलमा दुई चौका र एक छक्का प्रहार गर्दै २३ रन बनाए। अघिल्ला दुई खेलमा चम्केका पाकिस्तानका सोहेल तन्विर पोखराविरुद्धको खेलमा विकेटविहीन भए।

अंकतालिका

टोली	खेल	जित	हार	अंक
जनकपुर	३	३	०	६
सुदूरपश्चिम	२	२	०	४
चितवन	३	२	१	४
कर्णाली	३	१	२	२
पोखरा	३	१	२	२
काठमाडौं	३	१	२	२
विराटनगर	३	१	२	२
लुम्बिनी	२	०	२	०

■ नेपाल समर्थकसँग परिचित मक्सुद

ओमानका अलराउन्डर जिसन मक्सुद नेपाली समर्थकका लागि नयाँ नाम होइन। मक्सुद धेरैपटक ओमानको राष्ट्रिय टोलीबाट विभिन्न अन्तर्राष्ट्रिय क्रिकेट खेल्न नेपाल आइसकेका छन्। यस कारण उनलाई यहाँको मैदान र समर्थकबारे राम्रोसँग जानकारी छ। नेपाल प्रिमियर लिगमा नेपाल र यहाँका हजारौं समर्थकको मायाले नै आएको प्रतिक्रिया उनले दिएका छन्। 'नेपाल मलाई मन लाग्छ। अझ त्रिवि मैदानमा घरेलु खेल हुँदा हजारौं दर्शक आएको दृश्य हेर्न खुबै मन लाग्छ,' मक्सुदले भने।



उनी एनपिएलमा कर्णाली याक्समा आबद्ध छन्। सन् २०२० देखि उनले नेपालविरुद्ध सात एकदिवसीय खेल खेलेका छन्। उनले नेपालविरुद्ध एउटा खेलमा शतकीय इनिङ खेलेका छन्। उनले शुक्रबारको खेलपछि धेरैजसो समय नेपाल र नेपाली समर्थककै प्रशंसा गरेका थिए। 'नेपालका समर्थक प्रत्येक बल, रन र बाउन्ड्रीमा चियर गर्छन्, जुन अन्य एसोसिएट राष्ट्रमा देख्न पाइँदैन,' मक्सुदले भने। चितवनविरुद्ध उनले तीन विकेट लिएका थिए। कर्णालीमा विपिनसँगको बलिङ स्पेल राम्रो भइरहेको उनको भनाइ छ। 'अहिले विपिनसँगको बलिङ पार्टनरसिप गतिलो भइरहेको छ,' उनले भने, '१६ वर्षीय विपिनसँग मिडल ओभरमा बलिङ गर्दा राम्रो लाग्छ।' लगातार दुई खेलमा पराजित भए पनि एनपिएलमा कमब्याक गर्न सकिने विश्वास रहेको मक्सुदले बताए। 'हामीले दुई खेल गुमाएका थियौं, तर एनपिएलमा फर्कन विश्वास थियो,' आत्मविश्वासी हुँदै उनले भने, 'तेस्रो खेलमा जितबाहेक अरू विकल्प थिएन।' भारतीय टोलीबाट अन्तर्राष्ट्रिय क्रिकेटको राम्रो अनुभव बटुलेका शिखर धवन टोलीमा रहँदा कर्णाली बलियो भएको उनको बुझाइ छ। 'शिखरसँग धेरै अनुभव छ। उनले धेरै अन्तर्राष्ट्रिय खेल खेलेका छन्। जुन कुरा उनले मैदान पनि देखाइसकेका छन्,' धवनको प्रशंसा गर्दै मक्सुदले भने।

२३ चैतदेखि दसौं राष्ट्रिय खेलकुद

राखेपको शुक्रबार बसेको ११८औं बोर्ड बैठकले कर्णालीको सुर्खेतमा हुने दसौं राष्ट्रिय खेलको नयाँ मिति सार्वजनिक गरेको हो। यसअघि २-९ मंसिरसम्म प्रतियोगिता हुनुपर्ने थियो।



नयाँ पत्रिका

आगामी २३ देखि ३० सम्म दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुने भएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप)को शुक्रबार बसेको ११८औं बोर्ड बैठकले दसौं राष्ट्रिय खेलको नयाँ मिति सार्वजनिक भएको हो। यसअघि राखेपले २-९ मंसिरसम्म प्रतियोगिता आयोजना गर्ने भनेको थियो। तर, खेलकुद मन्त्रालय र राखेपबिचको आन्तरिक द्वन्द्वका कारण प्रतियोगिता पूर्वनिर्धारित समयमा भएन।

गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुदको समापनका दिन ०७९ साल कात्तिक २ मा बसेको राखेपको ११५औं बोर्ड बैठकले नै २ देखि ९ मंसिर ०८१ मा दसौं राष्ट्रिय खेलकुद कर्णालीमा गर्ने गरी निर्णय गरेको थियो। कर्णालीको सुर्खेतमा आयोजना हुने प्रतियोगिताको तयारी भइरहेको छ। खेलकुदमन्त्री तथा राखेपका अध्यक्ष तेजुलाल चौधरीको अध्यक्षतामा भएको बैठकले नयाँ मिति घोषणा भएको सदस्यसचिव टंकलाल घिसिङले जानकारी दिएका छन्।

मन्त्री चौधरीले दसौं राष्ट्रिय खेलकुदको तयारी तथा संरचना पूरा नभएका कारण अघिल्लो मितिमा प्रतियोगिता आयोजना गराउन नसकेको बताएका छन्। खेलकुदमन्त्रीले फागुनको तेस्रो साता प्रतियोगिता गर्ने प्रस्ताव बैठकमा राखे पनि खरिददेखि मैदान निर्माणसम्मको विषयले चैतमा गर्न लागिएको हो। यसैगरी, राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशन, २०७९ संशोधनसहित बैठकले अनुमोदन गरेको राखेपका सदस्यसचिव घिसिङले बताए।

'निर्देशिका संशोधनसहित अनुमोदन भएको छ। अब खेलकुद मन्त्रालयमार्फत सम्बन्धित निकाय हुँदै मन्त्रिपरिषद्बाट पास गर्ने अभ्यास छ,' उनले भने। सरकारले प्रतियोगिताका लागि ६० करोड रुपैयाँ विनियोजन गरेको छ। दसौं राष्ट्रिय खेलकुदमा ३५ खेल समावेश छन्।

२८ भदौ ०८० पछि पहिलोपटक बस्यो बैठक

राखेपको विधानअनुसारै हरेक वर्ष कम्तीमा दुईपटक बैठक बस्नुपर्छ। खेलकुद विकास ऐन, २०७७ को परिच्छेद १ को बुँदा १० (१) मा भनिएको छ, 'परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक बस्नेछ।' शुक्रबार बसेको बैठक २८ भदौ ०८० पछि हो। १५ महिनादेखि राखेपको बोर्ड बैठक नहुँदा दसौं राष्ट्रिय प्रतियोगिताको तयारीमा असर गरेको हो। खेलकुदमन्त्री र राखेपका सदस्यसचिवबिचको टकरावका कारण नियमन निकाय बैठकविहीन भएको थियो। १५ महिनाभित्र दुईजना खेलमन्त्रीले मन्त्रालय सम्हाले। डिकबहादुर लिम्बूले आफ्नो कार्यकालमा एकपटक बैठक राखेका थिए। उनीपछि मन्त्री भएका विराजभक्त श्रेष्ठले एकपटक पनि बैठक राख्न सकेनन्। गत शुक्रबार पनि बोर्ड बैठक राखिएको थियो। तर, बैठकमा गणपूरक संख्या नपुगेपछि मन्त्री चौधरीले २१ मंसिरका लागि अर्को बैठक बोलाएका हुन्। राखेपमा मनोनीतसहित ३६ सदस्य छन्। त्यसमध्ये बैठकमा कम्तीमा १९ जना उपस्थित हुनुपर्छ।

सेनाका प्रफुल अन्तिम चारमा

नयाँ पत्रिका

नेपाली सेनाका प्रफुल महर्जन तेस्रो ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलतर्फ सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रफुलले शुक्रबार युनिटी ब्याडमिन्टन एकेडेमीका प्रियांशु क्षेत्रीलाई २-० ले हराए। अब उनले एपिएफका देवराज रानाविरुद्ध प्रतिस्पर्धा गर्नेछन्। रानाले सेनाका सुप्रिम पन्तलाई हराएका थिए। एपिएफका प्रिन्स दाहालले सेनाका डेभिड थापा मगरमाथि २-० को जित निकाली सेमिफाइनल स्थान पक्का गरेका छन्। उनले अब एपिएफकै क्षितिज खनालविरुद्ध फाइनल प्रवेशका लागि खेल्नेछन्। खनालले सेनाकै सुबिन श्रेष्ठलाई २-० को सेटमा हराए।

महिला एकलमा सेनाकी रसिला महर्जन अन्तिम चारमा पुगेकी छिन्। रसिलाले एपिएफकी स्वर्लिन श्रेष्ठलाई २-० ले निराश पारिन्। रसिलाले सेमिफाइनलमा आफ्नै क्लबकी रिहाना शेरचनसँग प्रतिस्पर्धा गर्नेछिन्। यू-१७ पुरुष एकलमा पुलिसका



कविर केसीले सेनाका सुदेश राजकोटीलाई २-० ले हराए। कठायत ब्याडमिन्टन एकेडेमीका अमन डंगोलले सेनाका सौर्य महर्जनलाई २-० ले पाखा लगाए। मास्टर्स ४५ प्लस युगलमा कास्कीका प्रेमकुमार गुरुङ र राजेन्द्र वाग्लेको जोडीसँगै बालकुमारीका शान्ता डंगोल र कृष्ण श्रेष्ठको जोडीले पनि सेमिफाइनल स्थान पक्का गरेका छन्।

खेल संक्षेप

एरिका र सरू सम्मानित

काठमाडौं/ काठमाडौं युरो स्कुल गोंगबुले कराँतेकी एरिका गुरुङ र राष्ट्रिय महिला फुटबल टोलीकी सरू लिम्बूलाई शुक्रबार नगदसहित सम्मान गरेको छ। काठमाडौं युरोले स्पोर्टस् मिटको समापनमा दुवै खेलाडीलाई खेलकुदका माध्यमबाट राष्ट्रलाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाएका कारण सम्मान गरेको अध्यक्ष प्रमोद पाण्डेले बताए। स्पोर्टस् मिटमा फुटबल, बास्केटबल, एथ्लेटिक्स र कबड्डीमा प्रतिस्पर्धा भएको थियो। एसियाली खेलकुद र एसियाली सिनियर कराँते च्याम्पियनसिपकी ऐतिहासिक रजत विजेता एरिकाले आफूले समग्रमा खेलेको ६ अन्तर्राष्ट्रिय प्रतियोगितामा चार स्वर्ण, तीन रजत र एक कांस्य जितेकी छिन्। इटालीमा भएको १३औं विश्व कराँते च्याम्पियन्ससिपमा एरिकाले एक 'बाउट' जितिन्।

जीवन ज्योति सेमिफाइनलमा

काठमाडौं/ जीवन ज्योति तेस्रो मेयर रनिङ सिल्ड खेलकुदअन्तर्गत जुनियर छात्र बास्केटबलमा शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन्। जीवन ज्योतिसँगै लालीगुराँस नेसनल एकेडेमी, एन्जल्स हार्ट र हिमरश्मि पनि अन्तिम चारमा पुगेका छन्। जीवन ज्योतिले नर्थ भ्यालीलाई २३-१५ ले पराजित गऱ्यो। लालीगुराँसले सिर्जना ज्ञान सागरलाई २१-१८ ले हरायो। एन्जल्स हार्टले मानसिंहलाई १८-१३ र हिमरश्मिले कौशललाई ३७-२२ ले निराश पारे। महिलामा लालीगुराँसले जीवन ज्योतिलाई २२-१४ तथा मानसिंहले प्रारम्भ वर्ल्ड स्कुललाई २४-१८ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। यसैगरी, कबड्डीमा सात टोली क्वार्टरफाइनलमा पुगेका छन्।

नेपालकी थापा उपाधिनजिक

कास्की/ नेपालकी सुनिरा थापा आइटिएफ वर्ल्ड टेनिस टुर जे ३० अन्तर्गत सर्किट १ अन्तर्गत महिला एकलतर्फ फाइनलमा प्रवेश गरेकी छिन्। थापाले भारतकी सगुन कुमारीलाई २-१ ले हराइन्। उपाधिका लागि थापा शीर्ष वरीयताकी भारतीय खेलाडी महिका खन्नासँग भिड्ने भएकी छिन्। पुरुष एकलमा नेपाली खेलाडी आरभसम्राट हाडा सेमिफाइनलबाट बाहिरिएका छन्। चीनकी हेनुओ गुओले अस्ट्रेलियाकी प्रतीक नवीनलाई २-१ ले हराइन्।

शुभ मिलन ब. स. संस्था लिमिटेड
नयाँ बानेश्वर, काठमाण्डौं
बार्षिक साधारण सभा हुने सूचना
यस सहकारी संस्थाको सत्रौं बार्षिक साधारण सभा निम्न मिति र स्थानमा हुने भएकोले यस संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई आ-आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलीपी सहित उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं। साधारण सभा सम्बन्धी विस्तृत विवरण यस संस्थाको सूचना पाटीमा टाँस गरिएको छ।
मिति: २०८१ पौष १२ गते शुक्रबार, दिनको ११:०० बजे
स्थान: अनमोल ब्याङ्केट, शंखमूल, काठमाण्डौं
सम्पर्क फोन: ०१-४७९२५९९, ९७६७६४९५५६

Advertising Association of Nepal
नेपाल बिज्ञापन संघको २५औं बार्षिक साधारण सभा सम्बन्धि सूचना
सूचना प्रकाशित मिति २०८१ मार्ग २२
मिति२०८१ मार्ग ०५ गते शुक्रबारका दिन यस नेपाल विज्ञापन संघ (आन)को सचिवालयमा बसेको संघको कार्यसमितीको ५३६औं बैठकको निर्णय बमोजिम संघको २५औं बार्षिक साधारण सभा देहाए बमोजिम मिति समय र स्थानमा निम्न बमोजिमको विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
बार्षिक साधारण सभा हुने मिति समय र स्थान
मिति: २०८१ पौष १२ गते शुक्रबार
समय र स्थान: इमेल मार्फत जानकारी गराईने छ।
बार्षिक साधारण सभामा छलफलको बिषयहरु:
१. आ.ब. २०८०।२०८१को बार्षिक प्रतिबेदन।
२. आ.ब. २०८०।२०८१को लेखा परिक्षकको प्रतिबेदन।
३. आ.ब. २०८१।२०८२को लागि लेखा परिक्षको नियुक्ती र नीजको पारिश्रमिक निर्धारण गर्ने।
४. आ.ब. २०८१।२०८२को बार्षिक कार्यक्रम।
५. बिबिध।
महासचिव

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रदेश स्वास्थ्य तालिम केन्द्र
प्रदेश स्वास्थ्य तालिम केन्द्रको अत्यन्त जरुरी सूचना
तेस्रो पटक प्रकाशित मिति : २०८१/८/२२
राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट नियमित रुपमा विभिन्न विषयका प्रशिक्षक तयार गर्दे गरेको तर आवश्यक परेको समयमा प्रशिक्षक उपलब्ध हुन कठिनाई भएकोले प्रशिक्षकको रोस्टर बनाउन आवश्यक रहेको छ। तालिम प्रशिक्षकको रोस्टरमा नाम समावेस गर्न निवेदन प्राप्त भए पश्चात राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट तोकिएको मापदण्डको आधारमा रोस्टरमा समावेश गर्न सकिने भएकोले यो सुचना प्रकाशन भएको १५ दिन भित्र यस प्रदेश भरीका सबै प्रशिक्षकहरूले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार गरेको रजिस्ट्रेसन फारम भरी निवेदन सहित यस केन्द्रमा पठाउन अनुरोध छ।
रजिस्ट्रेसन फारम www.nhtc.gov.np बाट डाउनलोड गर्न सकिन्छ।
प्रदेश स्वास्थ्य तालिम केन्द्र
मधेश प्रदेश, पथलैया बारा

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं
- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com